

# पुचौंडी नगरपालिकाको पार्श्वचित्र

# २०८३

## पुचौंडी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## हाट बैतडी
## सुदुरपश्चिम प्रदेश नेपाल

**पुर्चौडी नगर पालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हाट बैतडी, सुदुरपश्चिम प्रदेश नेपाल**



# मन्तव्य

स्थानीय सरकारका रूपमा नगरपालिकाले सेवा प्रवाह तथा विकास निर्माण मार्फत जन आकाङ्क्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी नव निर्वाचित जनप्रतिनिधिहरूमा रहेको छ । सङ्घीय शासन व्यवस्थाको रूपमा स्थानीय तह, प्रदेश र सङ्घ माझ समन्वय, सहकार्य र सह अस्थित्वको सिद्धान्तका आधारमा शासन सञ्चालनको अपेक्षा गरिए जस्तै स्थानीय स्तरमा पनि राजनीतिक दल, विषयगत निकाय, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, निजी क्षेत्र र विकास साझेदार तथा गैसस सँगको निकटतम सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ ।यही कुरालाई सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नीतिगत निर्णय र मार्गदर्शनका आधारमा सचेत समेत गराएको छ । नगरपालिकाको विकासको विद्यमान स्थितिको विश्लेषण गरी विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा वार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँ विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न नगरपालिकाको वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु जरुरी रहेको छ ।नगरपालिकाको समग्र नेतृत्व विषयगत कार्यालय तथा नगरपालिका विकासका समग्र सरोकारवालाको सहयोग तथा सहकार्य र शैलेश्वरी रिसर्च एण्ड कन्सल्टीङ्ग प्रा.लि. (Shaileshwari Research and Counsulting Pvt. Ltd),कैलालीको प्राविधिक सहयोगमा पुर्चौडी गाउँ पालिकाको पार्श्व चित्र (Municipality Profile ) तयार गरिएको छ । यस वस्तुगत विवरणले नगरपालिकाको विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि उल्लेखित विवरण महत्त्वपूर्ण र सहयोगी हुनेछ । यस नगरपालिकाको विकास र समृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिबद्धता बाट प्राप्त हुने कुराको पुन स्मरण गर्न चाहन्छु ।अन्त्यमा, वस्तुस्थिति विवरण तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने नगरपालिकाका निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, कर्मचारी, तथ्याङ्क सङ्कलकहरू, प्राविधिक सहयोग गर्ने शैलेश्वरी रिसर्च एण्ड कन्सल्टीङ्ग प्रा.लि. (Shaileshwari Research and Counsulting Pvt. Ltd), धनगढी, कैलालीका टोली नेता भिम बहादुर बिष्ट लगायतको टिम र प्राविधिक सहयोगकर्ता सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु

दिपक बहादुर बम
नगर प्रमुख

**पुचौंडी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हाट, बैतडी**
**सुदुरपश्चिम प्रदेश नेपाल**



## कृतज्ञता

सर्व प्रथम नगरपालिकाको प्रोफाइल निर्माण भइरहेको सन्दर्भमा अत्यन्तै खुसी लागेको छ । नगरपालिकाको आफ्नै पहल र परामर्शदाता संस्थाको सहयोगमा तयार भएको यस नगरपालिकाको पार्श्वचित्रले यस गाउँको समग्र विकासमा ठुलो सहयोग पुऱ्याउने आशा लिएको छु । गाउँ विकासको लिखित दस्तावेज यस नगरपालिकाको विकासका लागि कोसे ढुङ्गा साबित हुने विश्वास एवं आशा रहेको छ । यसका निम्ति गर्नु भएको पहल प्रति सराहना गर्दै यो पार्श्वचित्र निर्माण गर्ने कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम नगरपालिकालाई हार्दिक आभार व्यक्त गर्दछौं । नगरपालिकाको पार्श्वचित्र तयारीको सन्दर्भमा स्थानीय जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, परामर्शदाता संस्था शैलेश्वरी रिसर्च एण्ड कन्सल्टीङ्ग प्रा.लि. (Shaileshwari Research and Counsulting Pvt. Ltd) र विज्ञहरू टोली नेता भिम बहादुर बिष्ट लगायत सबै टोली सदस्यहरू तथा सरोकारवाला सबै प्रति कृतज्ञता ज्ञापन गर्दछु । नगरपालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा सुरुवात देखि नै आफ्ना सल्लाह तथा सुझावहरू दिँदै यसलाई अन्तिम स्वरूप प्रदान गर्न सहयोग गरिदिनुहुने जन प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, निर्देशक समिति सम्पूर्ण पदाधिकारहरू तथा तथ्याङ्क सङ्कलकहरू प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसै गरी वडा तथा सामुदायिक भेलाहरूमा उपस्थित भएर आफ्ना बस्ती, समुदायका समस्याहरू अगाडि राखी सहयोग गरिदिनुहुने सम्पूर्ण वडावासी तथा समुदायप्रति हार्दिक आभार व्यक्त गर्दछु। अन्तमा, नगरपालिकाको वस्तुस्थिति विवरण तयारीको सिलसिलामा आवश्यक तथ्याङ्क तथा सूचना प्रदान गरी सहयोग गरिदिनुहुने नगरपालिकासँग सम्बन्धित सम्पूर्ण विषयगत कार्यालयहरू तथा विभिन्न सङ्घ संस्थाका कर्मचारी र परामर्श दाता संस्था लगायतका सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु धन्यवाद ।

श्रीमती मिना धानुक
नगर उपप्रमुख

**पुचौंडी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हाट, बैतडी**
**सुदुरपश्चिम प्रदेश नेपाल**



# मन्तव्य

नेपालको संविधानले प्रदत्त गरेको अधिकारको प्रयोग गरी गठन भएका स्थानीय निकायहरूले स्थानीय तहको समग्र विकासका लागि प्रत्येक स्थानीय तहको समग्र वस्तु स्थिति झल्किने विवरण तयार गरी ५ वर्षमा अद्यावधिक गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई सङ्घीय प्रणालीको सुदृढीकरण, दिगो विकास, सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्ने दिशामा महत्त्वपूर्ण जिम्मेवारी स्थानीय निकायमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनले अन्तर्निहित अधिकारको बाँडफाँड र कार्य सम्पादन सम्बन्धी विषय प्रस्ट पार्दे वस्तुगत विवरण तयारी र अद्यावधिक गर्नु पर्ने कुरालाई महत्त्वपूर्ण रूपमा उठान गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वस्तुगत विवरण तयारी गर्न जानकारी गराई यसको ढाँचा समेत उपलब्ध गराएको वर्तमान अवस्थामा समग्र नगरपालिकाको विकासको अवस्था र वस्तुगत स्थिति झल्किने खण्डीकृत तथ्याङ्क सहितको क्षेत्रगत विवरण खुल्ने वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्दै लैजानु आवश्यक छ ।सूचना नै शक्ति हो भन्ने मर्मलाई मनन गरी नगरपालिका स्तरमा उपलब्ध श्रोत साधन भौगोलिक, सामाजिक, आर्थिक तथा विकास निर्माण सम्बन्धी समग्र झलक प्रस्तुत गरेको नगरपालिका पार्श्वचित्रको विशेष महत्त्व रहेको हुन्छ ।नगरपालिकाको वस्तुगत विवरणले नीति, कानुन, मापदण्ड र योजना निर्माणका अतिरिक्त कार्यान्वयन र नीति निर्माणका लागि आवश्यक सूचना प्रदान गर्नेछ । यस विवरणले नगरपालिकाको विकासमा समन्वय र सहकार्य गर्ने निकाय तथा विकास साझेदार गैसस, निजी क्षेत्रलाई समेत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरेको छु । समय, स्रोत र साधनको सीमितता बाबजुद सरोकारवालासँगको छलफल र घरधुरी सर्भेक्षण र संस्थागत तथ्याङ्कको उपयोग गरी तयार गरिएको यस नगरपालिकाको वस्तुगत विवरण तयारीको प्रयास सफल भएकोमा खुसी व्यक्त गर्न चाहन्छु । विवरण तयार गर्दा स्रोत साधन र भौगोलिक विकटताको कारणले वस्तुगत विवरणमा हुन सक्ने कमी कमजोरीहरूलाई क्रमशः सुधार र अद्यावधिक गर्दै लगिने छ ।अन्त्यमा, वस्तुगत विवरण तयारी कार्यमा नेतृत्वदायी भूमिका खेल्ने सबै जना प्रतिनिधि ज्यू, कर्मचारी र सबै सरोकारवाला, तथ्याङ्क सङ्कलक तथा प्राविधिक सहयोग प्रदान शैलेश्वरी रिसर्च एण्ड कन्सल्टीङ्ग प्रा.लि. (Shaileshwari Research and Counsulting Pvt. Ltd), धनगढी कैलालीका टोली नेता भिम बहादुर बिष्ट, लगायत सम्पूर्ण टिम र प्राविधिक सहयोगकर्ता सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद !

सरोज कुमार पोखेल
प्रमुख प्रशासकीय अधिकृत


Nepal Province
Baitadi District
N
LOCATION MAP OF
PURCHAUDI MUNICIPALITY,BAITADI
Legend
Legend
Ward Boundary
1
2
3
4
5
6
7
8
9
10
Ward 1
Ward 2
Ward 3
Ward 4
Ward 5
Ward 6
Ward 7
Ward 8
Ward 9
Ward 10

## *River Network in Purchaidi Municipality*



## *Road Network in Purchaidi Municipality*



# बिषय सुचि


१. पच्छिेद- १: परिचय ........ १
१.१. पृष्ठभूमि : ........ १
१.२. उद्देश्यहरू ........ २
१.३. कानुनी तथा नीतिगत आधारहरू ........ ३
१.४. तयारी विधि तथा प्रक्रिया ........ ४
१.४.१. वस्तुस्थिति विवरण ढाँचा, सर्वेक्षण तथा विधि र तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति ........ ४
१.४.२. नगरपालिकाको घरधुरी सर्वेक्षण/तथ्याङ्क सङ्कलन ........ ४
१.४.३. तथ्याङ्क विश्लेषण, प्रस्तुति तथा स्रोत नक्सा तयारी ........ ४
१.४.४. वस्तुस्थिति विवरण मस्यौदा तयारी र प्रमाणीकरण कार्यशाला ........ ४
१.४.५. वस्तुस्थिति विवरण तयारी र प्रकाशन ........ ५
१.५. वस्तुस्थिति विवरणको सिमाः ........ ५
२. परिच्छेद- २: गाउँ/नगरपालिकाको चिनारी ........ ६
२.१. पृष्ठभूमि : ........ ६
२.१.१. बैतडी जिल्लाको परिचयः ........ ६
२.२. पुचौंडी नगरपालिकाको सङ्क्षिप्त चिनारी ........ ११
२.२.१. भौगोलिक परिचय ........ ११
२.३. नामकरण ........ १४
२.४. राजनीतिक अवस्थिति ........ १४
२.५. स्थानिय चाड पर्व तथा पर्यटकीय स्थलहरूको विवरण ........ १५
२.६. वर्तमान भू–उपयोग सम्वन्धि विवरण ........ १६
२.७. प्राकृतिक सम्पदा ........ १७
२.८. विकासका सम्भावनाहरू ........ १७
२.९. श्रोत नक्सा: प्रशासनिक विभाजन ........ १९
३. परिच्छेद-३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था ........ २०

३.१. बस्ती र घरपरिवार विवरण ........ २०
३.२. जनसंख्या वितरणको अवस्था ........ २१
३.३. उमेरको आधारमा जनसंख्याको विवरणः ........ २३
३.४. मातृभाषाको आधारमा जनसंख्याको विवरण ........ २४
३.५. धर्म अनुसार जनसंख्याको विवरण ........ २६
३.६. जातीयताको आधारमा जनसंख्याको विवरण ........ २७
३.७. लिंग, उमेर र वडाका आधारमा घरमुलीको विवरण ........ २९
३.८. पेशाका आधारमा जनसंख्या विवरण ........ ३०
३.९. १६ वर्ष माथिका ब्यक्तिहरूमध्ये नागरिकता नभएका ब्यक्तिहरूको विवरण ........ ३०
३.१०. पासपोर्ट भएहरूको विवरण ........ ३२
३.११. आर्थिक रूपले सक्रिय जनसंख्या विवरण ........ ३२
३.१२. अपाङ्गताको आधारमा जनसंख्या विवरण ........ ३३
३.१३. अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्याको विवरण ........ ३४
३.१४. बसाई सराई सम्वन्धी विवरण ........ ३४
३.१५. ब्यक्तिगत घटना सम्बन्धी विवरण ........ ३६
३.१५.१. जन्मदर्ता ........ ३६
३.१५.२. बिबाहदर्ता दर्ता ........ ३७
३.१६. सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण ........ ३८
३.१७. श्रोत नक्साः जनघन्त्व ........ ४०
४. परिच्छेद- ४ः आर्थिक अवस्था ........ ४१
४.१. प्रमुख आर्थिक विवरण : ........ ४१
४.१.१. प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण ........ ४१
४.१.२. मुख्य पेशा सम्बन्धी विवरण (उमेर १६ वर्ष भन्दा माथि) ........ ४१
४.१.३. औसत आम्दानी विवरण ........ ४२
४.१.४. औसत खर्च तथा बचत विवरण ........ ४४
४.१.५. वडागत वार्षिक खर्च विवरण ........ ४५

४.१.६. विपन्नता स्तरीकरण विवरण ........ ४५
४.१.७. खाद्यान्न सुरक्षाको अवस्था ........ ४७
४.१.८. आवास संरचना विवरण ........ ४८
४.१.९. गरिबीको दर (गरिबीको रेखामुनी रहेको जनसंख्या) ........ ४९
४.१.१०. आयात र निर्यातको अवस्था ........ ५०
४.१.११. औद्योगिक कच्चा पर्दाथ उत्पादनको अवस्था (काठ, खोटा, जडिबुटी) ........ ५०
४.१.१२. बेरोजगार सम्बन्धी विवरण (उमेर १८ वर्ष भन्दा माथि) ........ ५१
४.१.१३. पालिकामा सुचकृत भएकज बेरोजगारीमा गएकाको विवरण ........ ५१
४.१.१४. वैदेशिक रोजगारीमा गएकाको विवरण ........ ५२
४.१.१५. खेतियोग्य जमिन नभएकाको विवरण ........ ५५
४.२. भू—उपयोग तथा स्वामित्व ........ ५५
४.२.१. वर्तमान भू—उपयोग ........ ५५
४.२.२. भू—स्वामित्व ........ ५५
४.३. जग्गाको किसिम ........ ५६
४.३.१. खेतीयोग्य जमिन सम्बन्धी विवरण ........ ५६
४.३.२. बाँझो जमिन सम्बन्धी विवरण ........ ५७
४.३.३. स्रोत नक्सा ........ ५८
४.४. कृषि तथा पशु बिकास ........ ५९
४.४.१. सिँचाई सुविधाको उपलब्धता र स्रोत सम्बन्धी विवरण ........ ५९
४.४.२. सिंचाई सुविधाको उपलब्धता र स्रोत सम्बन्धी विवरण ........ ५९
४.४.३. कृषि उत्पादन सम्बन्धी विवरण ........ ६०
४.४.४. पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण ........ ६२
४.४.५. पशुपन्छी पालन सम्वन्धी विवरण ........ ६३
४.४.६. खाद्यान्न वालीमा लाग्ने रोग तथा किरा ........ ६४
४.४.७. फलफुल तथा तरकारीमा लाग्ने रोग तथा किरा ........ ६५
४.४.८. पशुपन्छीमा लाग्ने रोग तथा किरा ........ ६५

४.४.९. व्यवसायिक कृषि र पशु फर्म सम्बन्धी विवरण ........ ६६
४.४.१०. कृषि तथा पशुपंक्षि फर्म सम्बन्धित विवरण ........ ७८
४.४.११. सहकारीको विवरण ........ ८९
४.४.१२. चिस्यान केन्द्र ........ ८९
४.४.१३. कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण ........ ८९
४.४.१४. स्रोत नक्शा नगदेवाली उत्पादन ........ ९०
४.४.१५. स्रोत नक्शा अन्नबाली उत्पादन ........ ९१
४.४.१६. स्रोत नक्शा पशुपंक्षीको अवस्था ........ ९२
४.५. पर्यटन विकास ........ ९२
४.५.१. पर्यटकीय स्थलहरूको विवरण ........ ९२
४.५.२. होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण ........ ९४
४.५.३. धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण ........ ९५
४.६. उद्योग, व्यापार तथा वैंकिङ्ग ........ ९६
४.६.१. औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ) ........ ९६
४.६.२. उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी विवरण ........ ९७
४.६.३. मिल तथा संकलन र प्रशोधन सम्बन्धी विवरण ........ ९८
४.६.४. खनिज तथा खानी सम्बन्धी विवरण ........ ९९
४.६.५. स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण ........ १००
४.६.६. बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण ........ १००
४.६.७. बैंक खाता भएका घर परिवारको विवरण ........ १००
४.६.८. सहकारिमा सदस्य भएका घर परिवारको विवरण ........ १०१
५. परिच्छेद- ५: सामाजिक अवस्था ........ १०२
५.१. शैक्षिक तथा मानव संशाधन विकास ........ १०२
५.१.१. साक्षरता स्थिति ........ १०२
५.१.२. शैक्षिक स्तर अनुशार जनसंख्या विवरण ........ १०३
५.१.३. तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक,संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण ........ १०५

५.१.४. विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ........................................ १०७

५.१.५. शिक्षक तथा शैक्षिक जनशक्ति विवरण .................................................................. १०८

५.१.६. आधारभूत र माध्यमिक विद्यालयमा पहुँचको अवस्था (प्रमुख वस्तीहरूबाट विद्यालय पुग्न लाग्ने समय) १०९

५.१.७. शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा .................................................. १११

५.१.८. शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ................................................................. १११

५.१.९. श्रोत नक्सा :स्वस्थ्य संस्था ............................................................................. ११२

५.२. स्वास्थ्य तथा पोषण ..................................................................................... ११२

५.२.१. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्य कर्मी र अन्य जनशक्ति विवरण ...... ११३

५.२.२. प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था (बस्तीहरूबाट स्वास्थ्य संस्था पुग्न लाग्ने समय) ...... ११५

५.२.३. परिवारका सदस्यहरू बिरामी हुँदा उपचारको अवस्था .................................................. ११६

५.२.४. उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू .............................................................. ११७

५.२.५. आ.व. २०७१/०८२मा पालिका भित्रका स्वास्थ्य संस्थाले दिएको खोप सेवाको विवरण .......... ११९

५.२.६. श्रोत नक्सा :स्वस्थ्य संस्था ............................................................................. १२२

५.२.७. समुदाय स्तरमा गरेका क्रियाकलापहरू ................................................................ १२३

५.३. खानेपानी तथा सरसफाई ................................................................................ १२३

५.३.१. खानेपानी सुविधाको अवस्था .......................................................................... १२३

५.३.२. खानेपानीको श्रोतको विवरण .......................................................................... १२५

५.३.३. शौचालय प्रयोगको अवस्था ........................................................................... १२५

५.३.४. सार्वजनिक शौचालय .................................................................................. १२६

५.३.५. फोहोरमैला व्यवस्थापन ................................................................................ १२६

५.३.६. ढल व्यवस्थापन ........................................................................................ १२७

५.४. महिला, वालवालीका तथा सामाजिक समावेशीकरण .................................................. १२९

५.४.१. अपाङ्गताका आधारमा जनसंख्या ...................................................................... १२९

५.४.२. अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्याको विवरण ......................................... १२९

५.५. युवा तथा खेलकूद र मनोरञ्जन ......................................................................... १३१

५.५.१. खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरणः .............................. १३१

५.५.२. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण........................................................१३१
५.५.३. युवा सिर्जनशिलता, उद्यमशिलता र परिचालन विवरण..................................................१३२
५.६. कला, भाषा तथा संस्कृति.......................................................................................१३४
५.६.१. धार्मिक तथा ऐतिहासिक स्थल...............................................................................१३४
५.६.२. विशेष शिक्षा तर्फ स्रोत कक्षामा अध्ययनरत छात्र/छात्राको विवरण.................................. १३५
५.७. शान्ति तथा सुरक्षाको अवस्था.................................................................................१३६
६. परिच्छेद- ६ : वन तथा वातावरणीय स्थिति.......................................................................१३७
६.१. वन क्षेत्रका अवस्था..............................................................................................१३७
६.१.१. वनक्षेत्र र प्रकार सम्बन्धी विवरण............................................................................१३७
६.१.२. वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्धारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजीवन) १३८
६.१.३. वृक्षारोपणका लागि खालि स्थान सम्बन्धी विवरण.........................................................१४०
६.२. जलस्रोत तथा जलाधर क्षेत्र....................................................................................१४१
६.२.१. प्रमुख जलाधार र उपजलाधारको अवस्था..................................................................१४१
६.२.२. पानीको मुहान सम्बन्धी विवरण.............................................................................१४१
६.३. जैविक विविधता र वातावरणीय सेवा.......................................................................१४१
६.३.१. वासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुङ्गीको विवरण महत्वपूर्ण वनस्पति विवरण.१४१
६.३.२. महत्वपूर्ण वनस्पति विवरण...................................................................................१४१
६.४. विपद जोखिम व्यवस्थापन......................................................................................१४२
६.४.१. जोखिमयुक्त (संवेदनशील स्थानमा बसोबास गरेका परिवार) विवरण.................................१४२
६.४.२. विपदका ब्यवस्थापनमा नगरपालिकाले गरेका कार्यहरु.................................................१४३
६.४.३. विपदका किसिम अनुसार जोखिमका समय..............................................................१४३
६.४.४. विपद्व्यवस्थापनको पूर्व तयारी..............................................................................१४४
६.४.५. आपतकालिन यातायात साधन सम्बन्धी विवरण.........................................................१४४
६.४.६. खुला क्षेत्र सम्बन्धी विवरण.................................................................................१४५
६.५. श्रोत नक्सा :......................................................................................................१४५
७. परिच्छेद- ७ : भौतिक विकासको अवस्था......................................................................१४६

७.१. यातायात पूर्वाधार ..................................................................... १४६
७.१.१. घर सम्म पुग्ने सडक संजालको बिधमान अवस्था ..................................................... १४६
७.१.२. सडक संजालको बिधमान अवस्था ..................................................... १४६
७.१.३. सवारी सुबिधा र रुट ..................................................... १४९
७.१.४. झोलुङ्गे पुल तथा पुल पुलेसा ..................................................... १४९
७.१.५. वसपार्क तथा वस बिसौनी सम्बन्धी विवरण ..................................................... १५०
७.२. विद्युत तथा बैकल्पिक उर्जा ..................................................... १५१
७.२.१. इन्धन उपयोग विवरण (खाना पकाउन इन्धनका आधारमा घरपरिवार) ..................................................... १५१
७.२.२. बत्ति बाल्न इन्धनका प्रयोगको आधारमा घर परिवार ..................................................... १५२
७.२.३. जलविद्युत, सौय उर्जा, वायो उर्जाबाट विद्युत उत्पादन विवरण ..................................................... १५३
७.२.४. विद्युत उपलब्ध घरपरिवार विवरण ..................................................... १५४
७.२.५. वैकल्पिकउर्जा (लघु जलविद्युत, सोलार, वायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार .......... १५४
७.३. संचार तथा प्रविधि ..................................................... १५६
७.३.१. दुर संचार सम्बन्धी विवरण ..................................................... १५६
७.३.२. आधुनिक सुबिधामा पहुँच सम्बन्धी विवरण ..................................................... १५६
७.४. आवास तथा भवन ..................................................... १५७
७.४.१. घरको जगको प्रकारका आधारमा घरधुरी ..................................................... १५७
७.४.२. घरको तल्लाको प्रकारका आधारमाघरधुरी ..................................................... १५८
७.४.३. घरको स्वामित्वका आधारमा घरधुरी ..................................................... १५९
७.४.४. नगरपालिका अन्तर्गतका सरकारी भवन सम्बन्धी विवरण ..................................................... १६०
७.४.५. सार्वजनिक तथा सामुदायिक भवनहरूको विवरण ..................................................... १६०
७.४.६. पशु वधशालाको विवरण ..................................................... १६०
७.४.७. शव दाह स्थल सम्बन्धी विवरण ..................................................... १६०
७.४.८. श्रोत नक्सा ..................................................... १६१
८. परिच्छेद- ८: संस्थागत तथा सुशासनको स्थिति ..................................................... १६२
८.१. संगठनात्मक तथा मानव संशाधनको अवस्था ..................................................... १६२

८.१.१. पुचौंडी  नगरपालिकाको संगठनात्मक ढाँचा ...... १६२
८.१.२. नगर कार्यपालिकाका निर्वाचित प्रतिनिधि तथा कार्यपालिकसदस्यहरू ...... १६४
८.१.३. गाउँ नगर कार्यपालिकाको विषयगत शाखा तथा मानव संशाधन ...... १६७
८.१.४. गाउँ/नगरपालिकाको विगत आर्थिक वर्ष ( २०८१/०८२) को आयव्यय विवरण ...... १७१
८.१.५. गाउँ/नगरपालिकाको अचल सम्पत्ति विवरण ...... १७२
श्रोत: पुचौंडी नगरपालिका जिन्सि शाखा ...... १७३
८.२. ऐन, नीति, नियम र कार्यप्रणाली ...... १७३
८.२.१. नगरपालिका/नगरपालिका स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरू ...... १७३
८.२.२. नगरपालिका/नगरपालिकाले संचालन गरेका प्रमुख कार्यक्रम तथा आयोजनाहरू ...... १७४
९. परिच्छेद- ९: नगरपालिकाका अवसर, चुनौती र समस्याहरू ...... १७६
९.१. अवसर र चुनौती ...... १७६
९.२. जोखिम पक्ष र यसको पूर्वानुमान ...... १८२
९.३. नगरपालिका विकासका सिद्धान्तहरू ...... १८३
अनुसूचीहरू ...... १८५
१. नक्शा :  वडा सिमाना ...... १८५
२. नक्सा: वडा कार्यालय ...... १८६
३. नक्सा: सरकारी सेवाहरु ...... १८७
४. वस्तुस्थिती विवरण तयार गर्न तथ्याङ्क संकलन फारमहरू ...... १८८
५. वस्तुस्थिति विवरण तयारी कार्यशाला गोष्ठीको उपस्थिति ...... १८९
६. वस्तुस्थिति विवरण गणकहरुको तालिमको उपस्थिति विवरण ...... १९१
७. वस्तुस्थिती विवरणका लागि छानिएका तत्थ्याङ्क संकलनकर्ता गणकहरूको विवरण ...... १९२
८. वस्तुस्थिति विवरण मस्यौदा प्रस्तुती कार्यशाला गोष्ठीको उपस्थिति ...... १९३
९. वस्तुस्थिति विवरण कार्यशालाहरुको फोटोहरु ...... १९५
सन्दर्भ सामाग्री ...... १९७

## तालिका सुचि

तालिका २.१.१.१ बैतडी जिल्लामा रहेका स्थानीय तहको विवरण ........ ८

तालिका २.१.१.२ बैतडी जिल्लामा रहेका स्थानीय तहको विवरण ........ ९

तालिका २.४.१ पुर्चौंडी नगरपालिकाको वार्ड विवरण ........ १४

तालिका नं. २.५.१ पुर्चौंडी गाउँ पालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थानको विवरणः ........ १५

तालिका नं. २.६.१ नगरपालिकाको भु उपयोगको अवस्था ........ १७

तालिका ३.१.१ वडाअनुसार मुख्य टोल बस्ती ........ २०

तालिका ३.२.१ जनसंख्या वितरण ........ २२

तालिका ३.३.१ उमेर समुहको आधारमा जनसंख्या ........ २३

तालिका ३.३.२ ५ बर्ष मुनिका बालबालिकाको संख्या ........ २४

तालिका ३.४.१ वडा अनुसार भाषागत जन संख्या विवरण ........ २५

तालिका ३.४.२ वडा अनुसार भाषागत घरधुरी ........ २६

तालिका ३.५.१ धर्मका आधारमा घरधुरी ........ २६

तालिका ३.५.२ धर्मका आधारमा जनसंख्या ........ २७

तालिका ३.६.१ जातियताका आधारमा घरधुरी ........ २७

तालिका ३.६.२ जातियताका आधारमा जनसंख्या ........ २८

तालिका ३.७.१ वडा अनुसार घरमुली ........ २९

तालिका ३.७.२ उमेर अनुसार घरमुली ........ २९

तालिका ३.८.१ पेशाको आधारमा विवरण ........ ३०

तालिका ३.९.१ १६ वर्ष माथिका ब्यक्तिहरूमध्ये नागरिकता नभएका ब्यक्तिहरूको विवरण ........ ३०

तालिका ३.१०.१ पासपोर्ट ब्यक्तिहरूको विवरण ........ ३२

तालिका ३.११.१ आर्थिक रुपले सक्रिय जनसंख्या ( १६ देखि ५९ वर्ष ) ........ ३३

तालिका ३.१२.१ अपाङगताको आधारमा जनसंख्या ........ ३३

तालिका ३.१३.१ अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्या ........ ३४

तालिका ३.१४.१बसाई सराई विवरण २०७९।०८० ........ ३५

तालिका ३.१५.१ जन्मदर्ता सम्बन्धी विवरण २०८१।१।१ देखि २०८२।३।३० ........ ३६

तालिका ३.१५.२.१ विवाह दर्ता  सम्बन्धी विवरण २०८१।१।१ देखि २०८२।३।३० ................... ३७
तालिका ३.१६.१ सामाजिक सुरक्षा भत्ता लिनेको विवरण ................................................ ३८
तालिका ४.१.१.१ नगरपालिका क्षेत्र भित्र रहेको प्राविधिक जनशक्ति विवरण : ................................ ४१
तालिका ४.१.२.१ पेशा सम्बन्धि विवरण : ................................................................ ४१
तालिका ४.१.३.१ परिवारको औषत आम्दानी सम्बन्धि विवरण : ............................................ ४२
तालिका ४.१.४.१ : वडागत आम्दानी विवरण  (रु हजारमा) ................................................ ४४
तालिका ४.१.५.१ : वडागत  वार्षिक खर्च विवरण  (रु हजारमा) ............................................ ४५
तालिका ४.१.६.१  विपन्नता स्तरीकरण सम्बन्धि विवरण : ................................................ ४६
तालिका ४.१.७.१  खाद्यान्न सुरक्षा सम्बन्धि विवरण : .................................................... ४८
तालिका ४.१.८.१  घरको संरचना अनुसारको विवरण : ..................................................... ४८
तालिका ४.१.८.२  घरको संरचना  ताला अनुसारको विवरण : ............................................... ४९
तालिका ४.१.९.१  गरिबिको दरको आधारमा घरधरी विवरण : ............................................. ४९
तालिका ४.१.१२.१  बेरोजगारहरूको विवरण : ............................................................ ५१
तालिका ४.१.१४.१  बैदेशिक रोजगारीमा रहेकाहरूको विवरण ............................................ ५३
तालिका ४.१.१४.२  बैदेशिक रोजगारीमा प्राप्त रेमिटान्स विवरण ........................................ ५४
तालिका ४.१.१५.१  खेती योग्य जमिन नभएका परिवारको विवरण ........................................ ५५
तालिका ४.२.२.१  भुउपयोगको अवस्था ............................................................... ५६
तालिका ४.३.१.१  खेती योग्य जमिनको आधारमा परिवारहरूको विवरण ................................... ५७
तालिका ४.४.१.१  सिचाई सुबिधा उपलब्ध घरधुरी विवरण .............................................. ५९
तालिका ४.४.२.१  नगरपालिकामा उपलब्ध सिँचाईको विवरण ............................................ ५९
तालिका ४.४.३.१  कृषि उत्पादन सम्बन्धि विवरण ( अन्न तथा नगदे बालि) ................................ ६०
तालिका ४.४.३.२  कृषि उत्पादन सम्बन्धि विवरण ( तरकारी बालि) क्विन्टलमा ............................ ६१
तालिका ४.४.३.३  कृषि उत्पादन सम्बन्धि विवरण (फलफुल) ............................................ ६२
तालिका ४.४.४.१  पशुपंक्षिहरू जन्य उत्पादनको विवरण ............................................... ६२
तालिका ४.४.५.१  पशुपालन सम्बन्धि विवरण ......................................................... ६३
तालिका ४.४.६.१  खाद्यान्न वालीमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण ................................ ६४

तालिका ४.४.७.१ फलफुल तथा तरकारीमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण ............ ६५
तालिका ४.४.८.१ पशुपंक्षिमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण ............ ६५
तालिका ४.४.९.१ नगरपालिकामा रहेका घरेलु उद्योगको संख्या ............ ६६
तालिका ४.४.९.२ नगरपालिकामा रहेका व्यवसायिक कृषि र पशु फर्म सम्बन्धी विवरण ............ ६८
तालिका ४.४.१०.१ नगरपालिकामा दर्ता रहेका कृषि तथा पशुपंक्षि फर्महरु, ............ ७८
तालिका ४.४.१०.२ नगरपालिकामा दर्ता रहेका कृषि तथा पशुपंक्षि समुहहरुको विवरण, ............ ८४
तालिका ४.४.११.१ नगरपालिकामा रहेका सहकारीको विवरण ............ ८९
तालिका ४.५.१.१ नगरपालिकामा रहेका पर्यटकीय स्थलहरूको विवरण ............ ९३
तालिका ४.५.२.१ नगरपालिकामा रहेका होटेलहरूको विवरण ............ ९४
तालिका ४.५.३.१ पर्यटकिय स्थलहरूको विवरण ............ ९६
तालिका ४.६.१.१ प्रकृति अनुशार उद्योगको संख्या ............ ९७
तालिका ४.६.२.१ वडाअनुशार व्यवसायहरूको विवरण (घरेलु कार्यालयमा दर्ता भएका ) ............ ९८
तालिका ४.६.३.१ नगरपालिकामा रहेका मिलहरूको विवरण ............ ९८
तालिका ४.६.५.१ पालिका भित्र रहेका खनिज पदार्थको विवरण ............ ९९
तालिका ४.६.६.१ स्थानीय बजारको विवरण ............ १००
तालिका ४.६.८.१ बैंक खाता भएका घर परिवारको विवरण ............ १००
तालिका ५.१.१.१ नगरपालिकाको साक्षरता दर (*घरधुरी सर्वेक्षण २०८३ )* ............ १०२
तालिका ५.१.२.१ शैक्षिक स्तर अनुसार जनसंख्या विवरण ............ १०३
तालिका ५.१.२.२ शैक्षिक स्तर अनुसार जनसंख्या प्रतिसतमा ............ १०४
तालिका ५.१.३.१ अध्यनरत बिद्यार्थिको विवरण ............ १०६
तालिका ५.१.४.१ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ............ १०७
तालिका ५.१.४.२ पालिकामा रहेका सिकाई केन्द्रहरु ............ १०८
तालिका ५.१.५.१ विद्यालयहरूमा अध्यापन गराईरहेका शिक्षकहरूको विवरण ............ १०८
तालिका ५.१.६.१ विद्यालय पुग्न लाग्ने समयको विवरण ............ १०९
तालिका ५.२.१ नगरपालिका अन्तगतका स्वास्थ्य सेवा दिने संस्था वा इकाईहरूको विवरण ............ ११२
तालिका ५.२.१.१ नगरपालिका अन्तगतका स्वास्थ्य सेवा दिने जनशक्तिहरूको विवरण ............ ११४

तालिका ५.२.२.१  नगरपालिका स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयको आधारमा घरधुरी संख्या विवरण.... ११५
तालिका ५.२.३.१  परिवारका सदस्यहरू बिरामी हुँदा उपचारको लागि सबभन्दा पहिले लगिने स्थान........११६
तालिका ५.२.५.१  नगरपालिकामा  भित्रका स्वास्थ्य संस्थाले दिएको खोप सेवाको विवरण.................. ११९
तालिका ५.३.१.१  पालिकाको खानेपानी सुविधाको अवस्थाको विवरण.........................................१२४
तालिका ५.३.३.१  पालिकाको शौचालयको किसिम सम्बन्धि विवरण ......................................... १२५
तालिका ५.३.५.१  घरबाट निस्कने फोहर व्यवस्थापन सम्बन्धि विवरण....................................... १२७
तालिका ५.३.६.१  ढल निकासको व्यवस्था सम्बन्धि विवरण..................................................१२८
तालिका ५.४.१.१ अपाङगताको आधारमा जनसंख्या..............................................................१२९
तालिका ५.४.२.१ अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्या ............................................. १३०
तालिका ५.५.१.१  नगरपालिकामा रहेका खेलमैदान, सम्वन्धी विवरणः ..........................................१३१
तालिका ५.५.३.१  उद्यमशिलता तालिम विवरण त्तङ्घम्क कार्यक्रमबाट...........................................१३३
तालिका ५.५.३.२ त्तङ्घम्क कार्यक्रमबाट श्रजना भएका उद्यमिहरुको विवरण ....................................१३३
तालिका ५.५.३.३ त्तङ्घम्क कार्यक्रमबाट श्रजना भएका उद्यमहरुको विवरण....................................१३४
तालिका ५.६.१.१ त्तङ्घम्क पर्यटकीय स्थलहरुको विवरण........................................................ १३५
तालिका ६.१.२.१  नगरपालिकामा रहेका सामुदायिक वनहरूको विवरण ....................................... १३८
तालिका ६.४.१.१  प्राकृतिक प्रकोपको जोखिममा रहेका घरधुरीहरू.............................................१४२
तालिका ६.४.३.१  विपद अनसार जोखिमको समय............................................................१४३
तालिका ६.४.५.१  आपतकालिन यातायात साधनको विवरण................................................. १४४
तालिका ७.१.१.१  घर पुग्ने बाटो सडकको अवस्था सम्बन्धि विवरण.........................................१४६
तालिका ७.१.२.१  नगरपालिकामा रहेका मुख्य सडकहरूको विवरण ..........................................१४७
तालिका ७.१.४.१  नगरपालिका क्षेत्रभित्र रहेकापुल पुलेसाहरूको विवरण विवरण ............................१४९
तालिका ७.२.१.१  खाना पकाउन इन्धनका आधारमा घरपरिवार सम्बन्धि विवरण........................... १५१
तालिका ७.२.२.१  बत्ति बाल्ने इन्धनका श्रोतको आधारमा घरपरिवार सम्बन्धि विवरण...................... १५२
तालिका ७.२.३.१  लघु जलबिधुतको विवरण................................................................... १५३
तालिका ७.२.४.१  बिद्युत उपलब्ध  घरपरिवार सम्बन्धि विवरण...............................................१५४
तालिका ७.२.५.१  खाना पकाउन प्रयोग हुने चुलोका आधारमा घरधुरी संख्या...............................१५५

तालिका ७.३.२.१ घरमा प्रयोग हुने सुविधाका आधारमा घरपरिवार संख्या सम्बन्धि विवरण................. १५६

तालिका ७.४.१.१ घरको जगको आधारमा घरपरिवारको विवरण............................................... १५७

तालिका ७.४.२.१ आवास संरचनाका आधारमा घरधुरी विवरण................................................. १५८

तालिका ७.४.३.१ घरको स्वामित्व सम्बन्धि विवरण........................................................... १५९

तालिका ७.४.४.१ नगरपालिका अन्तरगत रहेका सरकारी भवन सम्बन्धि विवरण............................. १६०

तालिका ८.१.३.१ नगरपालिका कर्मचारी सम्बन्धि विवरण.................................................... १६७

# चित्र सुचि


चित्र १ वडागत जनसंख्या ............ २२

चित्र २ उमेर अनुसार जनसंख्या ............ २४

चित्र ३ भाषा अनुसार जनसंख्या............ २५

चित्र ४ जातियताका आधारमा जनसंख्या............ २८

चित्र ५ जातियताका आधारमा जनसंख्या............ ४३

चित्र ६ विपन्नता स्तरीकरणकज आधारमा घरधुरी संख्या............ ४६

चित्र ७ बैदेशिक रोजगारीमा रहेकाहरूको विवरण............ ५३

चित्र ८ व्यावसायिक फर्म सम्बन्धी ............ ६७

चित्र ९ नगरपालिकमा दर्ता भएका समुहको संख्या वडा अनुसार ............ ८४

चित्र १० शैक्षिक स्तर अनुसार जनसंख्या प्रतिसत............ १०५

चित्र ११ तहगत बिद्यार्थि संख्या............ १०६

चित्र १२ तहगत छात्र छात्रा संख्या............ १०८

चित्र १३ नजिकको विद्यालय पुग्न लाग्ने समयको............ ११०

चित्र १४ नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समयको............ ११५

चित्र १५ पालिकाको खानेपानी सुविधाको वडा अनुसार............ १२५

चित्र १६ शौचालयको किसिम अवस्था सम्बन्धि विवरण घरधुरी अनुसार............ १२६

चित्र १७ खाना पकाउन इन्धनका आधारमा घरपरिवार............ १५२

चित्र १८ बत्ति बाल्ने इन्धनका श्रोतको आधारमा घरपरिवार ............ १५३

चित्र १९ खाना पकाउन प्रयोग हुने चुलोका आधारमा घरधुरी संख्या............ १५५

# १. पच्छिेद- १ः परिचय

## १.१. पृष्ठभूमि ः

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि पहिलेको संरचनामा परिवर्तन भई देश सङ्घीयतामा गएको छ। सङ्घीय संरचना अनुसार ७ वटा प्रदेशहरू र स्थानीय स्तरमा महा नगरपालिका, उप महानगरपालिका, नगरपालिका र नगरपालिकाहरू गठन भएका छन् । स्थानीय स्तरमा सरकार सञ्चालन गर्नका लागि स्थानीय तहको निर्वाचन पनि तिन पटक भैसकेको भइसकेको अवस्था छ । स्थानीय स्तरमा जनतालाई तोकिएको सेवाहरू प्रवाह गर्न महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूलाई अधिकार सम्पन्न बनाउँदै विगतको केन्द्रीकृत शासन प्रणालीलाई स्थानीय स्तरमा नै ल्याइएको छ । नेपालमा रहेका स्थानीय तहहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न नेपालको संविधानमा व्यवस्था भए अनुसार विभिन्न ऐन, नियम, कानुन, नियमावली, निर्देशिकाहरू बनिरहेको विद्यमान अवस्था रहेको छ । यिनै ऐन तथा नियमावलीमा विभिन्न स्थानीय तहहरूमा वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने अवस्था अनुसार नगरपालिकाको वस्तुस्थिति विवरण पुस्तिका तयारीका लागि सूचना सङ्कलन र विश्लेषण गर्नु पर्दछ । सङ्कलन गरिएका सूचनालाई यथार्थपरक ढङ्गले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले नगरपालिका लगायत अन्य सरोकारवालाहरूलाई विकास क्रियाकलाप सञ्चालन गर्न अत्यन्त सहयोग पुर्याउछ ।

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले स्थानीय तहलाई आ-आफ्नो कार्य क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक योजना विषय क्षेत्रगत मध्यकालिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसै अनुसार स्थानीय तहको आवधिक, रणनीतिक विषय क्षेत्रगत एवं वार्षिक योजना तर्जुमा र नतिजाहरूको अनुगमनको लागि क्षेत्रगत स्थिति सहित स्थानीय तहको वस्तुस्थिति विवरण तयारी गर्नु अति आवश्यक रहेको छ ।

नगरपालिकाको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका बढिरहेको सन्दर्भमा नगरपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने एक महत्त्वपूर्ण कार्य हो । त्यस कारण थप गरिएको सीमा अनुसार वस्तुगत विवरणहरू तयार पार्नु सबै स्थानीय तहहरूको आवश्यकता हो यसले नगरपालिकालाई योजना निर्माण र विकास निर्माणका कार्यहरू अगाडि बढाउन निकै सजिलो हुन्छ । नगरपालिकाका विविध पक्षहरूको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना कुनै पनि योजना को सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम सञ्चालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुग्दछ ।

प्रत्येक स्थानीय तहले आफ्नो विकासका लागि आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार पुचौंडी नगरपालिकाले पनि यो पालिकाको वस्तु स्थिति विवरण पुस्तिका तयार गरेको छ । नगरपालिकाको वस्तु स्थिति विवरण पुस्तिका तयार पार्दा नगरपालिकाको भू—बनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, प्राथमिकता आदी पहिचान गरी दीर्घकालीन विकासको सोच र अवधारणा अनुरूप केन्द्र र प्रदेश सरकारबाट पाउने अनुदान आन्तरिक श्रोत, स्थानीय सामुदायिक समूह, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदार निकाय तथा निजी क्षेत्रबाट परिचालन हुने श्रोत तथा जनसहभागिताको आधारमा बजेट प्रक्षेपण गरी यो नगरपालिकाको वस्तुस्थिति विवरण पुस्तिका तयार गरिएको छ ।

## १.२. उद्देश्यहरू

नगरपालिकाको समग्र पारिवारिक, सामाजिक, आर्थिक, भौगोलिक, भौतिक, वातावरणीय र संस्थागत विवरण सहितको वस्तुस्थिति विवरणको दस्तावेज तयार पारी नगरपालिका र सम्बन्धित सबै सरोकारवाला विकास साझेदारहरूलाई सूचनामा आधारित, व्यवस्थित एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी योजना तर्जुमा, योजनाको कार्यान्वयन तथा अनुगमन गर्नका लागि महत्त्वपूर्ण आधार प्रदान गर्ने यस पालिका पार्श्व चित्रको मुख्य उद्देश्य रहेको छ । यस बाहेक यसका अन्य विशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् ।

- नगरपालिकालाई सूचनामा आधारित योजना तर्जुमा बनाउन, सेवा प्रवाहलाई सुलभ र सरलीकृत बनाउने ।
- नगरपालिकाको अल्पकालीन, दीर्घकालीन, तथा विषयगत योजना तर्जुमा, अनुगमन तथा मुल्याङकनका लागि खण्डीकृत र एकीकृत तथ्याङ्क उपलब्ध गराउनु ।
- नगरपालिकाको विकासमा चासो राख्ने विकास साझेदार निकाय, सङ्घ संस्थाहरू तथा अन्य सरोकारवालाहरूलाई यथार्थ वस्तुपरक सूचना उपलब्ध गराउनु ।
- उपलब्ध तथ्याङ्क हरूको प्रयोगबाट नगरपालिकामा समावेशी विकास तथा श्रोतहरूको न्यायोचित वितरणमा मद्दत पुऱ्याउनु ।
- पालिकाको भौतिक पूर्वाधार, आय व्यय, सम्पत्ति र जनशक्तिको तथ्याङ्क तयार पार्ने तथा नगरपालिकाका महत्त्वपूर्ण क्षेत्र, सम्भावना र समस्याहरूको सूचि बनाउने ।
- नगरपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना तथा नीति निर्माण गर्न सहयोग पुऱ्याउने र आवधिक योजना तर्जुमा गर्न सघाउने ।

  पालिका आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने

## १.३. कानुनी तथा नीतिगत आधारहरू

**क. नेपालको संविधान** नेपालको संविधानको अनुसूची ५ को क्रमसङ्ख्या १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय, अन्तर्राष्ट्रिय मानक र गुणस्तर) लाई सङ्घको अधिकारको सूचीमा राखी नेपाल सरकारले यसको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी प्रदान गरेको छ भने अनुसूची ६ को क्रमसङ्ख्या ६ मा प्रदेश तथ्याङ्कलाई प्रदेशको अधिकारको सूचीमा सूचीकृत गरिएको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसङ्ख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन सम्बन्धी अधिकार तथा क्रमसङ्ख्या १७ मा बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

**ख. नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन** नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले केन्द्रीय तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रिय स्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्टयाण्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग तथा तथ्याङ्कसम्बन्धी सल्लाहकारी भूमिका बारे उल्लेख गरेको छ । यसै गरी प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानुन तथा मापदण्ड, नेपाल स्टयाण्डर्ड वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदि उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, बेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार दिग्दर्शनको दफा ८.२ मा नगरपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिति विवरण तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुस्थिति विवरण आफ्नो वेबसाईट मार्फत सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ ।

## १.४. तयारी विधि तथा प्रक्रिया

### १.४.१. वस्तुस्थिति विवरण ढाँचा, सर्वेक्षण तथा विधि र तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको गाउँ/पालिका वस्तुस्थिति विवरण तयारी कार्यविधि, अनुसार पारिवारिक तथा संस्थागत तथ्याङ्क सङ्कलनका लागी तयार पारिएको प्रश्नहरूका बारेमा नगरपालिकासँग छलफल ( मिति २०८२ ।११ ।२७ गते )गरी सल्लाह सुझाव सङ्कलन गरियो । सो छलफलबाट आएका सुझावहरू समेट्दै प्रश्नहरूलाई Kobo collect tool box द्वारा नगरपालिकाका नाममा मोबाइल एप्स सर्भे फाराम तयार पारियो ।



### १.४.२. नगरपालिकाको घरधुरी सर्वेक्षण/तथ्याङ्क सङ्कलन

पुचौंडी नगरपालिका र वडा कार्यालयको सहयोग र सिफारिसमा पालिकाका १० वटै वडाहरूबाट आवश्यकता अनुसार १५ जना गणकहरू छनौट गरियो । मोबाइल एप्सको प्रयोग मार्फत पारिवारिक तथा संस्थागत विवरण सङ्कलन गरी व्यवस्थित रूपमा राख्न गणकहरूलाई मोबाइल Kobo collect बाट तथ्याङ्क सङ्कलनका लागि १ दिनको ( मिति २०८२।११।२७ र २८ गते ) तालिमको आयोजना गरियो र पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण र द्वितीय तथ्याङ्क सङ्कलन गर्न फिल्डमा पठाइयो ।

### १.४.३. तथ्याङ्क विश्लेषण, प्रस्तुति तथा स्रोत नक्सा तयारी

पुचौंडी नगरपालिकाको पालिका पार्श्व चित्र निर्माणका लागि प्राथमिक तथ्याङ्क घरधुरी सर्वेक्षण सम्पन्न भइसकेपछि सर्वेक्षणबाट आएका तथ्याङ्कलाई विज्ञहरू द्वारा तथ्याङ्कको विश्लेषण र स्रोत नक्सा तयारी गरियो । नगरपालिकाको सम्पूर्ण पारिवारिक तथ्याङ्क मोबाइल एपट आउने र अनलाइन डाटामा बस्ने भएका कारण सूचना तथा प्रविधिमा दक्ष व्यक्तिले तथ्याङ्कको प्रशोधन, विश्लेषण र श्रोत नक्सा तयार पार्ने मुख्य जिम्मेवारी दिई श्रोत नक्सा तयार परियो ।

### १.४.४. वस्तुस्थिति विवरण मस्यौदा तयारी र प्रमाणीकरण कार्यशाला

तथ्याङ्क सङ्कलनका क्रममा कतिपय तथ्याङ्कहरू छुटेका पनि हुन सक्छन्, कतिपय, नमिलेका पनि हुन सक्छन् त्यसैले छुटेका कुरालाई अद्यावधिक गर्ने, सङ्कलित तथ्याङ्कमा सम्बन्धित सबैको सल्लाह सुझाव सङ्कलन गरी वस्तुस्थिति विवरणलाई अन्तिम रूप दिनका लागी मस्यौदा प्रतिवेदन तयार पारी कार्यपालिका सदस्य, नगरपालिका र विषयगत कर्मचारीहरूबिचमा एक दिन मिति २०८२।२।गते प्रतिवेदन प्रस्तुतीकरण गरियो ।

### १.४.५. वस्तुस्थिति विवरण तयारी र प्रकाशन

मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणबाट आएका सल्लाह सुझावहरू अनुसार नगरपालिका वस्तुस्थित विवरणलाई अन्तिम रूप दिई र नगरपालिकासँगको सम्झौता अनुसार वस्तुस्थिति विवरणको प्रिन्ट गरी नगरपालिकामा अन्तिम प्रतिवेदन पेश गरियो ।

## १.५. वस्तुस्थिति विवरणको सिमाः

नगरपालिका वस्तुस्थिति विवरणमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको गाउँ/पालिका वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ र नेपालको संविधानमा व्यवस्था भएको अनुसूची ८ बमोजिम स्थानीय सरकारका एकल अधिकारमा उल्लेख भए बमोजिम, विगतमा भइरहेका अभ्यास र वर्तमान नगरपालिकाका आवश्यकता अनुसार यो वस्तुस्थिति विवरण सङ्कलन गरिएको छ । यस विवरणमा पारिवारिक तथ्याङ्क पूर्णतया प्राथमिक तथ्याङ्क सङ्कलन प्रणाली अनुसार मोबाइल एप्सको प्रयोगद्वारा सङ्कलन गरिएको छ भने संस्थागत विवरण द्वितीय तथ्याङ्कमा आधारित छ । जसमा सरकारी, गैरसरकारी, संस्थानहरू, नगरपालिकाका विभिन्न शाखा, उपशाखा र वडाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको । साथै यस वस्तुस्थिति विवरणमा विभिन्न श्रोत नक्साको प्रयोग पनि गरिएको ।

# २. परिच्छेद- २ः गाउँ/नगरपालिकाको चिनारी

## २.१.पृष्ठभूमि ः

स्थानीय सरकार सञ्चालन र स्थानीय तहको सम्भाव्यताको आधारमा विकास निर्माणका कार्यहरूलाई अगाडी बढाउन हरेक पालिकाले आफ्नो पालिकाको समग्र विकासका लागि तथ्याङ्क सङ्कलन गरी स्थानीय तहको वस्तुस्थिति झल्कने गरी वस्तुस्थिति विवरण तयारी गर्नुपर्ने आजको अपरिहार्य आवश्यकता हो । यही वस्तुस्थिति विवरणको सूचनामा आधारित भई आवधिक एवं वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ । भरपर्दो एवं विश्वसनीय तथ्याङ्क र सूचनाबाट वस्तुगत र वैज्ञानिक योजना बन्न सक्छ र फल स्वरूप ठोस उपलब्धि हासिल हुनका साथै स्रोतको प्रभावकारी परिचालन सम्भव हुन्छ । यस नगरपालिकाको सन्दर्भमा तथ्याङ्क र सूचनाको निकै अभाव रहेको देखिएको छ । यस खण्डमा नगरपालिकाको वस्तु स्थिति विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

### २.१.१. बैतडी जिल्लाको परिचयः



नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत साविकको महाकाली अञ्चलमा पर्ने चार जिल्लाहरू मध्ये बैतडी जिल्ला एक पहाडी जिल्ला हो । यो जिल्ला प्रदेशको पश्चिम उत्तरी भागमा अवस्थित छ यस जिल्लाको पूर्वमा साविकको सेती अञ्चलको बझाङ र डोटी जिल्ला, पश्चिममा छिमेकी राष्ट्र भारतको उत्तराखण्ड राज्य अन्तर्गत पिथौरागढ जिल्ला, उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा डडेल्धुरा जिल्ला र भारत उत्तराखण्ड राज्यको केही भाग पर्दछ । यस जिल्लाको कूल क्षेत्रफल १,५१९ वर्ग कि.मि.छ । यो जिल्ला समुन्द्र सतहबाट ३९० मिटर देखि २९५० मीटर सम्म उचाईमा रहेको छ । यस जिल्लामा एकवटा संघीय संसद प्रतिनिधि सभा सदस्यको लागि निर्वाचन क्षेत्र, सुदूरपश्चिम प्रदेश सभा सदस्यको लागि दुईवटा निर्वाचन क्षेत्रहरू, ४ नगरपालिका, ६ वटा गाउँपालिकाहरू र नग/नाउँपालिका अन्तर्गत ८४ वटा वडाहरू रहेका छन । २०७८ सालको जनगणना अनुसार यस जिल्लाको जम्मा जनसंख्या २४१४२५ रहेकोछ । पहिले यो जिल्ला डोटी जिल्ला अन्तर्गत पर्दथ्यो । यस जिल्लाको नाम बैतडी कसरी रहन गयो भन्ने सम्बन्धमा ज्ञानेश्वर भट्टराई द्वारा लिखित बृहत ज्ञानकोष अनुसार “यहाँ वायावड नामको पहाड छ, जहाँ जोडले हावा चल्ने हुदा संस्कृत भाषामा त्यसलाई वैतड भन्न थालियो , जो पछि बैतडी नामले प्रख्यात भयो । यही नाममा जिल्लाको नाम रहन गएको छ ” भनि उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय सूचना केन्द्र बैतडीबाट प्रकाशित जिल्ला विकास योजना २०६३÷०६४ अनुसार “बैतडीको वरिपरि पहाडहरूमा चार वटा केदार देवताहरूको देवस्थल

छ । ति चारवटा केदार मध्ये दक्षिणमा ग्वाल्लेक केदार, पूर्वमा रौलाकेदार, उत्तरमा देउलेक केदार र पश्चिममा ध्वज केदार पर्दछन । जुन आराध्यदेव महादेवका रुप हुन भन्ने भनाई छ । यसरी शक्तिशाली देवताको छत्रछाँयामा रहेको यो हिन्दुहरूको आध्यात्मिक तवरले ज्यादै पवित्र र पुण्यभूमी हो भनेर पुराणकालमा वर्णन गरेको पाईन्छ । यि चारैवटै केदारको देवस्थलमा यात्रा गर्न सके चारधाम गरे सरह हुन्छ भन्ने भनाई पनि छ । देवस्थलहरूमा बैतडी सदरमुकामबाट सहज ढंगले यात्रा गर्न सकिन्छ । हाल ग्वाल्लेक केदार भनिने पर्वतलाई पहिले वायोत्तड पर्वत भनिने रहेछ र त्यहाँ ज्यादै हावा लाग्ने गर्दछ । बढी हावा लाग्ने भएकोले संस्कृतमा वायोत्तड (वाय + त्तड ) अर्थात वायु चल्ने ठाँउ पछि वायुत्तडबाट बायोत्तड र पछि शब्दको अपभ्रंस हुदै गई अन्तमा बैतडी नाम रहेको हो ” भन्ने भनाई छ।

## बैतडी जिल्लाको भौगोलिक स्थिति

बैतडी जिल्ला २९.२२ डिग्रीदेखि २९.५७ डिग्री उत्तर अक्षांश र ८०.१५ डिग्रीदेखि ८१.४५ डिग्री पूर्व देशान्तरबीच अवस्थित छ। यस जिल्लाको पूर्वतर्फ बझाङ र डोटी जिल्ला रहेका छन् भने पश्चिमतर्फ भारतको उत्तराखण्ड राज्य पर्दछ। त्यस्तै उत्तरमा चमेलिया नदी र दक्षिणमा डडेल्धुरा जिल्ला रहेको छ। यस जिल्लाको कुल क्षेत्रफल १,५१९ वर्ग किलोमिटर रहेको छ। समुद्र सतहबाट ३९० मिटरदेखि २९५० मिटर उचाइसम्म फैलिएको यस जिल्लामा भौगोलिक विविधता पाइन्छ, जसले गर्दा यहाँको वातावरण, जलवायु र प्राकृतिक स्वरूप पनि विविध रहेको छ।

## बैतडी जिल्लाका प्रमुख पर्यटकीय क्षेत्र

बैतडी जिल्ला धार्मिक तथा प्राकृतिक दृष्टिले आकर्षक पर्यटकीय क्षेत्रहरूको धनी जिल्ला हो। यहाँ जगन्नाथ मन्दिर, ईश्वरी गंगा धाम, त्रिपुरासुन्दरी मन्दिर, मेलौली भगवती, रौलाकेदार मन्दिर, ग्वाल्लेक केदार, देउलेक केदार, पाताल भूमेश्वर, दोगडा धाम, उदयदेव मन्दिर तथा सिगासधुरा जस्ता महत्वपूर्ण धार्मिक स्थलहरू रहेका छन्। यी स्थानहरू धार्मिक आस्थाका केन्द्र मात्र नभई पर्यटकहरूको आकर्षणका मुख्य गन्तव्य पनि हुन्। यी स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन हुने गर्दछ र धार्मिक यात्राको दृष्टिले निकै महत्व राख्छन्।



| प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्र | ठेगाना | धार्मिकस्थलको नाम | ठेगाना |
|---|---|---|---|
| जगन्नाथ मन्दिर | द.न.पा.३ | रौलकेदार मन्दिर | रौलेश्वर |
| ईश्वरी गंगाधाम | द.न.पा.३ | ग्वाल्लेक केदार | ग्वाल्लेक |
| त्रिपुरासुन्दरी | द.न.पा.८ | पाताल भुमेश्वर | भूमेश्वर |
| मेलौली भगवती | डिलाशैनी | मल्लादेही | मेलौली |

| | | | |
|---|---|---|---|
| दोगडा धाम | न्वाली | देउलेक केदार | देउलेक |
| सिगासधुरा | सिगास | अशिम केदार | दुर्गास्थान |
| निङ्गलाशैनी | देहीमाण्डा | उदयदेव मन्दिर | पाटन |

**प्रमुख बजार क्षेत्र**

बैतडी जिल्लामा विभिन्न स्थानहरू व्यापारिक तथा आर्थिक गतिविधिका केन्द्रका रूपमा विकसित भएका छन्। यहाँका प्रमुख बजार क्षेत्रहरूमा श्रीभावर, खोडपे, पाटन, झुलाघाट, खोचलेक, शिल्यागडा, बसाली, देहीमाण्डौं, सतबाँज चौराहा, गोकुलेश्वर, मेलौली, पुरचौडी हाट र गोठालापानी पर्दछन्। यी बजारहरू स्थानीय उत्पादनको किनबेच, सेवा आदानप्रदान तथा आर्थिक गतिविधि सञ्चालनका प्रमुख केन्द्रका रूपमा रहेका छन्।

**बैतडी जिल्लामा पाइने चरा तथा जनावरहरू**

बैतडी जिल्लाको वन क्षेत्रमा विभिन्न प्रकारका वन्यजन्तु तथा चराहरू पाइन्छन्। यहाँ चितुवा, बाँदर, घोरल, स्याल र दुम्सी जस्ता वन्यजन्तुहरू पाइन्छन् भने कालिज, ढुकुर, तित्रा र चाखुरा जस्ता चराहरू पनि प्रशस्त मात्रामा पाइन्छन्। यसका अतिरिक्त यहाँका वनहरूमा खोटे सल्ला, बाँझ, लालिगुराँस, उत्तिस जस्ता वनस्पतिहरू पाइन्छन्, जसले जैविक विविधता संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

**अग्लो तथा होचो स्थान**

बैतडी जिल्लामा भौगोलिक उचाइमा ठूलो विविधता पाइन्छ। यस जिल्लाको सबैभन्दा अग्लो स्थान कोटपेटरा हो, जसको उचाइ समुद्र सतहबाट २९५० मिटर रहेको छ। त्यस्तै सबैभन्दा होचो स्थान शर्माली हो, जुन समुद्र सतहबाट ३९० मिटर उचाइमा अवस्थित छ। यस प्रकार उचाइको फरकका कारण यहाँको जलवायु तथा प्राकृतिक अवस्था विविध रहेको पाइन्छ।

यस जिल्लामा संघीय संसद प्रतिनिधी सभाको लागि सम्पूण जिल्लालाई नै एक नर्विाचन क्षेत्र मानिएको छ भने प्रदेश नं ७ प्रदेश सभाको लागि दुई प्रदेश सभा निर्वाचन क्षेत्रहरू रहेका छन । यसको विस्तृत विवरण तल तालिकामा दिईएको छ

*तालिका २.१.१.१ बैतडी जिल्लामा रहेका स्थानीय तहको विवरण*

| क्र. स. | निर्वाचन क्षेत्र | स्थानीय तह | स्थानीय तहको वडाहरू |
|---|---|---|---|
| १ | १ | पाटन नगरपालिका | सबै १० वटा वडाहरू |
| २ | | पुरचौडी नगरपालिका | सबै १० वटा वडाहरू |
| ३ | | सुर्नया गाउ'पालिका | वडा नं. २,३,४,५ ६,७ र ८ |
| ४ | | सिगास गाउ'पालिका | सबै ९ वटा वडाहरू |
| ५ | | डिलासैनी गाउ'पालिका | वडा नं. १,२,३,४ र ७ |
| ६ | २ | दशरथचन्द नगरपालिका | सबै ११ वडाहरू |
| ७ | | मेलौली नगरपालिका | सबै ९ वटा वडाहरू |

| | | | |
|---|---|---|---|
| ८ | | सुर्नया गाउ'पालिका | वडा नं.१ |
| ९ | | डिलासैनी गाउ'पालिका | वडा नं. ५ र ६ |
| १० | | दोगडाकेदार गाउ'पालिका | सबै ८ वटा वडाहरू |
| ११ | | पञ्चेश्वर गाउ'पालिका | सबै ६ वटा वडाहरू |
| १२ | | शिवनाथ गाउ'पालिका | सबै ६ वटा वडाहरू |

*तालिका २.१.१.२ बैतडी जिल्लामा रहेका स्थानीय तहको विवरण*

| क्र.सं. | स्थानीय तहको नाम | समावेश गाविस / नगरपालिका | वडा संख्या | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) | प्रस्तावित केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | दशरथचन्द नगरपालिका | ग्वालेक, देहीमाण्डौ, गुरुखोला, दुर्गाभवानी, नागार्जुन, दुर्गास्थान (४-७) र दशरथचन्द नगरपालिका (१-१२) | ११ | ३४५७५ | १३५.१५ | साविक दशरथचन्द नगरपालिका कार्यालय |
| २ | पाटन नगरपालिका | कैलपाल, सिद्धेश्वर, सिद्धपुर गा.बि.स. र पाटन नगरपालिका | १० | ३०४३५ | २१९.२६ | साविक पाटन नगरपालिका कार्यालय |
| ३ | मेलौली नगरपालिका | बिशालपुर, मेलौली, सलेना, महारुद्र, दुर्गास्थान (१-३,८,९), रोडीदेवल (४-७) र शिवनाथ (६-९) गा.वि.स. | ९ | २२५४५ | ११९.४३ | साविक मेलौली गा.वि.स.को कार्यालय |
| ४ | पुर्चौडी नगरपालिका | कोटिला, भटना, भूमिराज, कुवाकोट, न्वादेव, महादेवस्थान, हाट, मल्लादेही, तल्लादेही र विजयपुर गा.वि.स. | १० | ३९१७४ | १९८.५२ | साविक हाट गा.वि.स.को कार्यालय |
| ५ | सुर्नया गाउँपालिका | रौलेश्वर, शंकरपुर, शिखरपुर (१-७), वासुलिंग, भौनेली र हटैराज गा.वि.स. | ८ | १८५४९ | १२४.५२ | साविक रौलेश्वर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गा.वि.स.को कार्यालय |
| ६ | सिगास गाउँपालिका | ढुंगाड, सिगास, शिवलिंग, चौखाम, गाँजरी, थालाकाडा र शिखरपुर (८-९) गा.वि.स. | ९ | २१५१० | २४५.४४ | गर्जे |
| ७ | शिवनाथ गाउँपालिका | सर्माली, महाकाली (७-९), कुलाउ (९), उदयदेव र शिवनाथ (१-५) गा.वि.स. | ६ | १७११५ | ८१.६५ | साविक शिवनाथ गा.वि.स.को कार्यालय |
| ८ | पञ्चेश्वर गाउँपालिका | पञ्चेश्वर, महाकाली (१-६), कुलाउ (१-८), आम्चौरा, गिरेगाडा, रोडीदेवल (१,२,३,८,९) गा.वि.स. | ६ | १८७६६ | १२०.४१ | साविक आमचौरा गा.वि.स.को कार्यालय |
| ९ | दोगडाकेदार गाउँपालिका | रिम, कटौजपानी, सित्तड, श्रीकोट, श्रीकेदार, न्वाली, देउलेक गा.वि.स. र दशरथचन्द नगरपालिका १३ | ८ | २४६३२ | १२६.३८ | साविक देउलेक गा.वि.स.को कार्यालय |
| १० | डीलासैनी गाउँपालिका | मठैराज, कोट्पेटरा, गोकुलेश्वर, डीलाशैनी र रुद्रेश्वर गा.वि.स. | ७ | २२९२४ | १२५.२८ | साविक डिलासैनी गा.वि.स.को कार्यालय |
| | **जम्मा** | | ८४ | २५०२२५ | १४९६.०४ | |

*स्रोतः संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाईट*

## २.२. पुचौंडी नगरपालिकाको सङ्क्षिप्त चिनारी

### २.२.१. भौगोलिक परिचय



नेपालको सुदुरपश्चिम प्रदेशको बैतडी जिल्लामा पर्ने यो नगर पालिका नेपाल सरकारको मिति २०७१।०८।१६ गतेको निर्णयानुसार देशभरी गठन भएका ६१ नगरपालिकाहरूमध्ये एक नगरपालिका हो । यस क्षेत्रमा नगरपालिका हुन पुर्व १० वटा गा.वि.स थिए र ती १० वटा गा.वि.स.का वडाहरू समायोजन भै पुचौंडी नगरपालिका बनाईएको हो। नेपाल सरकारको मन्त्रीपरिसदको मिति २०७३।११।९ को निर्णयबाट स्थानीय तहको साश

न सञ्चालन सम्बन्धमा जारी गरेको आदेश २०७३ अनुसार यो पुचौंडी नगरपालिका जम्मा १० वटा बडा मिलेर बनेको छ । जिल्लाको सदरमुकाम बैतडी देखि १०० कि.मि. टाढा उत्तर तर्फ रहेको यस नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपलिका क्षेत्रमा सबै जात जाती धर्म क्षेत्रका मानिसहरूको मिश्रित बसोवास रहेको छ ।

भौगोलिक रूपमा नगरपालिका २९°३२' देखि २९°४१' उत्तरी अक्षांश तथा ८०°३६' देखि ८०°४८' पूर्वी देशान्तरको बीचमा अवस्थित रहेको छ। नगरपालिकाको कुल क्षेत्रफल १९८.५२ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर १९३ जना रहेको छ, जसले नगरपालिकामा जनसङ्ख्याको वितरण मध्यम घनत्वयुक्त रहेको देखाउँछ। यसले नगर क्षेत्रमा जनसङ्ख्याको चाप अत्यधिक नभई तुलनात्मक रूपमा सन्तुलित रूपमा बसोबास रहेको संकेत गर्दछ।

समुन्द्री सतहदेखि ८०० देखि ३५०० मि.को उचाइमा रहेको छ । पालिकाको अधिकतम तापक्रम हिउदमा ० देखि १८ डिग्री सेन्टिग्रेडसम्म र गर्मिमा न्यूनतम ३० डिग्री सेन्टिग्रेडसम्म रहेको पाइन्छ ।यस नगरपालिकाको पूर्वमा बझाङ जिल्ला पर्दछ भने दक्षिणतर्फ बैतडी जिल्लाकै सिगास र सुर्नया गाउँपालिका रहेका छन्। त्यसैगरी पश्चिममा दोगडाकेदार गाउँपालिका अवस्थित छ भने डिलासैनी गाउँपालिकाले यसको पश्चिम र उत्तर दुवैतर्फ सीमाना छोएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पुचौडी नगरपालिकामा ७,१४५ घरधुरीमा कुल ३८,२८१ जनसंख्या रहेको छ। यसमध्ये पुरुष १८,४३० (४८.१४%) र महिला १९,८५१ (५१.८६%) रहेका छन्।



नगरपालिकाको लैंगिक अनुपात ९२.८४ रहेको छ। वार्षिक जनसंख्या वृद्धि दर -०.२२ रहेकोले जनसंख्या घट्दो प्रवृत्ति देखिन्छ।

वडा नं. ५ मा सबैभन्दा बढी ९७६ घरधुरीमा ५,८०७ जनसंख्या रहेको छ भने सबैभन्दा कम घरधुरी वडा नं. १ मा ४४० रहेको छ, जहाँ २,१९७ जनसंख्या बसोबास गर्दछ। नगरपालिकाको औसत परिवार आकार ५.३६ रहेको छ।

नगरपालिकामा १५ देखि ४० वर्ष उमेर समूहका आर्थिक रूपमा सक्रिय जनसंख्या करिब ५४ प्रतिशत रहेका छन्। यस समूहलाई कृषि र पर्यटनजस्ता उत्पादनमुखी क्षेत्रमा योजनाबद्ध रूपमा परिचालन गर्न सकिन्छ। यसले वैदेशिक रोजगारीका लागि हुने जनशक्ति पलायन घटाई स्थानीय विकासमा टेवा पुऱ्याउन सक्छ।



यस पालिकालाइ्र उच्च उत्पादन र उत्पादकत्व हासिल गर्न प्राविधिक सीप तथा ज्ञानयुक्त मानव संसाधन विकास आवश्यक छ। नयाँ प्रविधिको प्रयोगमार्फत उत्पादन प्रक्रियालाई वैज्ञानिक र प्रभावकारी बनाउन सकिन्छ। यसै सन्दर्भमा पर्यटन, आधुनिक कृषि, पशुपालन तथा सूचना प्रविधि क्षेत्रमा विश्वविद्यालयस्तरका शैक्षिक संस्थाहरूको विकास गरी जनसांख्यिक लाभ लिन सकिने सम्भावना रहेको छ। यस नगरपालिकाको अधिकांश भूभाग भिरालो प्रकृतिको रहेको छ। तथापि, तल्लो भागमा रहेका खोला तथा खोप्सीका किनारमा केही समथर जमिन पनि पाइन्छ। खोला—नाला र खोप्सीका कारण कतिपय स्थानमा खण्डित किसिमको भू—आकृति देखिन्छ। पहाडी क्षेत्रमा पर्ने भएकाले यहाँका धेरैजसो भूभाग वन, पाखा र खेतबारीले ढाकिएका छन्। तर पछिल्ला वर्षहरूमा रोजगारीका लागि विदेश तथा

शहरी क्षेत्रमा बसाइँसराइ बढ्दै जाँदा धेरै पाखोबारी जमिन बाँझो रहँदै गएको छ। भिरालो जमिन र कमजोर भू—बनोटका कारण यस नगरपालिकामा बाढी र पहिरोको जोखिम उच्च रहेको देखिन्छ।

नगरपालिकाले हालै गरिएको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ३९४४८ रहेको छ, जसमा १९८७४ महिला, १९५७४ पुरुष रहेका छन् । भने घरधुरी सङ्ख्या ६१९२ रहेको यस नगरपालिकाको जनघनत्व १९८.७ प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तुलनामा यस नगरपालिकामा घरधुरी संख्या घट्नुका प्रमुख कारणहरूमा वैदेशिक रोजगार, आन्तरिक बसाइँसराइ तथा स्थानीय स्तरमा सीमित रोजगारीका अवसर प्रमुख रूपमा रहेका छन्। शिक्षा, स्वास्थ्य, यातायात तथा अन्य आधारभूत सेवाको सहज पहुँचका लागि युवावर्ग र परिवारहरू धनगढी, काठमाडौं लगायतका शहरी क्षेत्र तथा विदेशतर्फ बसाइँसराइ गर्ने प्रवृत्ति बढ्दो अवस्थामा छ। विशेषगरी आर्थिक रूपमा सक्रिय जनशक्ति बाहिरिँदा स्थानीय स्तरमा स्थायी बसोबास गर्ने जनसंख्या तथा घरधुरी संख्या क्रमशः घट्दै गएको देखिन्छ।

त्यसैगरी, जन्मदरमा आएको कमी, सानो परिवारको अवधारणा, बढ्दो शहरीकरण तथा भौगोलिक विकटताले पनि जनसंख्या घट्न योगदान पुऱ्याएको छ। कृषि उत्पादनमा निर्भरता बढी भए पनि पर्याप्त आम्दानी नहुनु, प्राकृतिक विपद् तथा वातावरणीय चुनौतीका कारण ग्रामीण क्षेत्रमा बसोबास कठिन बन्दै गएको छ। यसले गर्दा मानिसहरू सुविधा सम्पन्न तथा अवसरयुक्त स्थानतर्फ आकर्षित भई स्थायी रूपमा अन्यत्र बसोबास गर्न थालेकाले नगरपालिकामा जनसंख्या र घरधुरी संख्या घट्ने प्रवृत्ति देखिएको हो।

यस नगरपालिकाका सबै वडाहरूका अधिकांस बस्तीहरूमा अझै सहज यातायात, सञ्चार, बाटोघाटोको सुविधामा जनताको पहुँच पुगेको पाइँदैन । मुख्य पेसा कृषि, व्यापार, व्यवसाय र पशुपालन रहेको यहाँका मानिसहरू अन्य सेवाहरू जस्तै सरकारी जागिर, व्यवसायीक खेती, होटेल, आदीमा संलग्न रहेका छन् ।

यस नगरपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ । साथै, बर्थिङ सेन्टरसहित १० वटा स्वास्थ्य चौकी सञ्चालनमा रहेका छन् भने बर्थिङ सेन्टरसहित २ वटा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा छन् । वडा नं. ९ बाहेक सबै वडामा बर्थिङ सेन्टर (सुरक्षित प्रसूति केन्द्र) स्थापना गरिएको छ । वडा नं. २ र ३ मा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा रहेका छन् भने नगरपालिकाका ४ वटा स्वास्थ्य चौकीबाट २४सै घण्टा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ ।

त्यसैगरी, ८ वटा भवनमा खोप गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् भने ३९ वटा गाउँघर क्लिनिक र ५१ वटा खोप क्लिनिक नियमित रूपमा सञ्चालन भइरहेका छन् । एक्स—रे सेवाका लागि मेसिन खरिद गरी सेवा विस्तार गरिएको छ । एमबीबीएस डाक्टरद्वारा बिरामीको स्वास्थ्य परीक्षण तथा

उपचार सेवा प्रदान भइरहेको छ भने स्मार्ट स्वास्थ्य सेवा समेत प्रभावकारी रूपमा सञ्चालनमा रहेको अवस्था छ ।

पालिकाभित्र कुल ७६ वटा विद्यालय रहेका छन्। तीमध्ये समुदायमा आधारित सरकारी विद्यालय हरू ७३ वटा, निजी स्तरमा सञ्चालित विद्यालय ३ वटा, १ वटा क्याम्पस, कक्षा १—१२ सम्म सञ्चालन भएका माध्यमिक विद्यालय ९ वटा तथा सामुदायिक सिकाइ केन्द्र ३ वटा रहेका छन्। त्यसैगरी, कक्षा १—१० सम्म सञ्चालन भएका माध्यमिक विद्यालय ९ वटा र आधारभूत विद्यालयको संख्या ५४ रहेको अवस्था छ।

समावेशी संरचना भएका विद्यालयहरूमध्ये ४० वटा शैक्षिक संस्थामा पक्की भवन संरचना रहेको छ भने ३५ वटा संस्थामा पक्की संरचना पर्याप्त छैन। साथै, ३० वटा विद्यालयमा पक्की शौचालयको व्यवस्था रहेको भए पनि ४० वटा विद्यालयमा पक्की शौचालय पर्याप्त मात्रामा उपलब्ध छैनन्।

## २.३. नामकरण

पुचौंडी नगरपालिका को नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमिसँग जोडिएको छ। "पुचौंडी" शब्द दुई भाग मिलेर बनेको मानिन्छ"पुर्चा" र "चौडी"। स्थानीय जनविश्वास अनुसार "पुर्चा" शब्द कुनै पुरानो देवता वा शक्तिसँग सम्बन्धित छ भने "चौडी" को अर्थ फराकिलो स्थान वा समथर भू-भाग भन्ने बुझिन्छ। यसरी "पुचौंडी" भन्नाले देवताको वास भएको फराकिलो भूमि भन्ने अर्थ दिने व्याख्या गरिन्छ।

परापूर्वकालदेखि यहाँ बिभिन्न भगवती देवीको पूजा गरिँदै आएको छ र यस मन्दिरले स्थानीय जनजीवनमा ठूलो सांस्कृतिक प्रभाव पारेको छ।त्यसैले, पुचौंडी नगरपालिका नामाकरण धार्मिक आस्था, स्थानीय भूगोल र ऐतिहासिक परम्पराको समिश्रणबाट विकसित भएको मानिन्छ।

## २.४. राजनीतिक अवस्थिति

यस नगरपालिका भित्र नेपाल सरकारका स्थानीय स्तरका विभिन्न कार्यालयहरू स्थापित एवम् सञ्चालित रहेका छन् । संसदीय निर्वाचन क्षेत्र विभाजनका हिसाबले बैतडीका १ वटा निर्वाचन क्षेत्र र २ वटा प्रदेश निर्वाचन क्षेत्रमध्ये यो नगरपालिका १ न. क्षेत्रमा पर्दछ । यस पालिकामा १० वटा वडाहरू रहेका छन् ।२०७३ सालमा देहायका साबिकका गा.वि.स. हरू र वडाहरू समावेश गरी गठन गरिएको नगरपालिका हो । साबिकको हाट गा. वि. स. को कार्यालय यस नगरपालिकाको कार्यालय रहेको छ।

*तालिका २.४.१ पुचौंडी नगरपालिकाको वार्ड विवरण*

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या जनगणना २०७८ अनुसार | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १ | हाट(१-९) | २२९२ | ७.७१ |
| २ | २ | महादेवस्थान(१-९) | ३६९७ | २१.३८ |
| ३ | ३ | न्वादेव(१-९) | ४४५१ | २८.२७ |
| ४ | ४ | भटना(१-९) | ४०१७ | १५.७५ |
| ५ | ५ | कुवाकोट(१-९) | ५४४१ | २१.५४ |
| ६ | ६ | भूमिराज(१-९) | ४६१४ | २३.९८ |
| ७ | ७ | कोटिला(१-९) | ३६३९ | १४.२५ |
| ८ | ८ | मल्लादेही(१-९) | ४०५९ | ३२.४७ |
| ९ | ९ | तल्लादेही(१-९) | २९२९ | १०.५ |
| १० | १० | विजयपुर(१-९) | ४०३५ | २२.६९ |
| | **जम्मा** | | **३९१७४** | **१९८.५४** |

श्रोत स्थानिय बिकास मन्त्रालय वेवसाईट

## २.५. स्थानिय चाड पर्व तथा पर्यटकीय स्थलहरूको विवरण

पुचौंडी नगरपालिकामा पहाडी समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा बाहुन, क्षेत्री तथा दलित समुदायहरूको पनि बसोबास रहेको छ । यस नगरपालिकामा जातिगत र सांस्कृतिक विविधता रहेको पाइन्छ । यस नगरपालिका बासिन्दाहरूले मनाउने प्रमुख चाडपर्व र मेलाहरूमा पनि विविधता रहेको छ । विजया दशमी, दीपावली, माघी, होली, राम नवमी, माघे सङ्क्रान्ति, विसु, तिज, गौरा पर्व, जनै पूर्णिमा, कृष्ण जन्माष्टमी, बुद्ध जयन्ती आदि प्रमुख चाडपर्वहरू र एकादशी यात्रा, विवाह पञ्चमी तथा मेलाहरूले नगरपालिकाको सांस्कृतिक वैभवलाई उच्च राख्न मद्दत गरेका छन् ।पुचौंडी नगरपालिकामा विभिन्न किसिमका चाडपर्व, जात्रा मेलाहरू मनाइने गरिन्छ । यिनीहरू मध्ये सबै भन्दा बढी श्रावण, भाद्र, र माघ महिनामा मनाइने रहेछन् । त्यसै गरी वैशाख, असार र कार्तिकमा पनि धेरै चाडपर्वहरू रहेको देखियो, स्थानीय चाडपर्व जात्रा र मेलाको विवरण निम्न बमोजिम रहेको पाइन्छ।

**तालिका नं. २.५.१ पुचौंडी गाउँ पालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थानको विवरणः**

| वडा नं. | प्रमुख धार्मिक तथा सांस्कृतिक स्थलहरू |
|---|---|
| १ | त्रिवेणी धाम, भौनेली मन्दिर, महादेव मन्दिर (डिगाकोट), राताशिला मन्दिर, शिव मन्दिर (कोपिखेत) |

| | |
|---|---|
| २ | मड मन्दिर, पहरौल मन्दिर, विन्देश्वरी धाम, शिवपुरी धाम, समैजी मन्दिर, डाँडा बाग मन्दिर |
| ३ | न्वादेउ, महादेव, कालापाटा, निमनझड, विडश्वर, दुर्गेश्वरी गुफा, दुर्गा मन्दिर, समैजी मन्दिर, काफली |
| ४ | मल्लीका महादेव, बेवर मन्दिर, न्वादेउ, दुर्गा मन्दिर, पहरोल मन्दिर, कुल्लागाडा, पनेरुकोट |
| ५ | काडाँ महादेव, भुमिराज गाडा भौनेली, देवघर, मष्ठा, डाँका माणौ, खौला, अजपती, विण मन्दिर, दुर्गा मन्दिर (भणली माणौ), सुन्चणी, अटयाल मन्दिर, बठेवाला मन्दिर, लाटा मन्दिर, दुर्गा माणौ, भौनेली, दुर्गा मन्दिर (ताल), दाङ मन्दिर, खेतिखाना, बाजाकी माणौ |
| ६ | महादेव मन्दिर, दुर्गा मन्दिर, भुमिराज मन्दिर, मसानी, अट्याल, दिगाकोट |
| ७ | डिलाशैनी, गुफा केदार, गलीनाथ, अमरशाहि, कैलपाल, महादेव मन्दिर, मैनेली, जाखलदेवी |
| ८ | भगवती मन्दिर, केदार माणौ, भौनेली माणी, दडमेता समैजी, भौनेली लामनी, मडेता माणौ |
| ९ | डिलाशैनी भगवती, डाडौवाग, भन्टोले, झर्कोट, श्रीकेदार, लाटो मन्दिर |
| १० | भुमिराज डाडाँवाग, लटिनाथ, कैलपाल, मौलिङ्गा, रौलघर केदार, गुफकेदार |

*श्रोत: एकीकृत आवधिक विकास योजना २०८१-२०८२*

## २.६. वर्तमान भू–उपयोग सम्वन्धि विवरण

बैतडी जिल्लाको जम्मा क्षेत्रफल मध्ये तेश्रो ठुलो भूगोल १९८.५२ वर्ग किमी क्षेत्रफल ओगटेको पुर्चौडी नगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरूको पेशा कृषि र पशुपालन हो । अधिकांश जमिन वन जङ्गल तथा नदी खोलाहरूले ओगटेको यो नगरपालिकामा कृषि र कृषिको व्यवसायीकरणका लागि अति नै उपयुक्त रहेको छ । यस नगरपालिकाको अधिकांश पहाडी र बलौटे माटो भएको जग्गा जमिन यहाँ रहेको छ । यस नगरपालिकामा रहेको विभिन्न खोला, खोपा खोल्सा नदी र खोलाहरूले यस क्षेत्रको जमिनलाई कटान गरिरहेको अवस्था रहेको छ । यस नगरपालिकामा खास गरी खाद्यान्न बालीहरूमा धान, गहुँ, मकै, विभिन्न तरकारीहरू तथा नगदे बालीहरू फलफूल, दलहन, तेलहन आदी उत्पादनका लागि माटो उपयुक्त रहेको छ।

तालिका नं. २.६.१ नगरपालिकाको भु उपयोगको अवस्था

| भू—उपयोग प्रकार | अनुमानित प्रतिशत | अनुमानित क्षेत्रफल |
|---|---|---|
| वन भूमि | ४८% | ९५.३० |
| खेती गरिएको जमिन | ३०% | ५९.५६ |
| घाँस भूमि (चरन) | ७% | १३.९० |
| झाडी / बुट्यान जग्गा | ५% | ९.९३ |
| बालुवा र बजरी (नदी तटीय) | २% | ३.९८ |
| बाँझो भूमि | ४% | ७.९४ |
| नदी/खोला तटबन्ध/चट्टान पोखरी/ताल | ४% | ७.९४ |
| **कुल** | **१००%** | **१९८.५४** |

*श्रोत: पुर्चौंडी नगरपालिका गुरू योजना २०८३*

## २.७. प्राकृतिक सम्पदा

पुर्चौंडी नगरपालिकाको कूल क्षेत्र मध्ये सबै भन्दा बढी ४८ प्रतिशत भू—भाग बन जङ्गलले ढाकेको छ । यहाँ वन, जङ्गल, प्रशस्त मात्रामा रहेका छन् । यस नगरपालिकाको चारैतिर बन जङ्गल रहेको छ, भने पहाडी क्षेत्रमा पाइने ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा, बनजन्य काठ, दाउरा, जडीबुटीहरू प्राकृतिक रूपमा उपलब्ध छ । यस नगरपालिका नदीजन्य, बनजन्य, कृषिजन्य उद्योग धन्दा सञ्चालनको प्रचुर सम्भावना रहेको छ । यस नगरपालिकाको मुख्य पर्यटकीय गन्तव्यका रूपमा रहेको बिभिन्न मन्दिर छन । जसको प्रवर्धन गर्न सके यहाको आर्थिक विकासमा टेवा पुगने देखिन्छ ।

## २.८. विकासका सम्भावनाहरू

पुर्चौंडी पालिकामा रहेको भौगोलिक विविधताको कारणले विकासको सम्भावनालाई बढाएको छ। यस नगरपालिकाको कृषि क्षेत्रको उर्वर भूमिले आर्थिक विकासको सम्भावनालाई फराकिलो बनाएको छ । यस क्षेत्रमा उत्पादन हुने मुख्य अन्न बालीहरू धान, मकै, गहुँ, दलहन बालीमा मास, मुसुरो, केराउ, चना तेलहन बालीमा तोरी, अर्सी, तिल, तरकारीमा आलु, प्याज, काउली, भिण्डी, लसुन, नगदे बालीमा उखु, केरा पशुपालन तर्फ गाई, भैंसी, बाख्रा, सुँगुर, बङ्गुर, हाँस, कुखुरा आदीबाट कृषि तथा पशुजन्य उद्योग र व्यापारको केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ, त्यसै गरी यस नगरपालिकामा रहेका ३९ वटा सामुदायिक वनहरूमा जडीबुटी खेती गरी जडीबुडीमा आधारित उद्योगको विकास गर्दै वन जङ्गल र वन जन्य पैदावारमा आधारित व्यवसायहरूको स्थापना र प्रवर्द्धन गरी रोजगार तथा रोजगारीका अवसरहरू सृजना गर्न सकिने सम्भावना रहेको छ ।

पालिका क्षेत्रभित्रका विभिन्न मठ मन्दिरहरू, पुचौंडी लगायतका अन्य ताल तलैयाहरू यस नगरपालिकामा पर्ने भएकाले यसलाई समेत पर्यटन विकासको मुख्य आधारको रूपमा हेर्न र लिन सकिन्छ । स्थानीय सांस्कृतिक चालचलनकला संस्कृतिको संरक्षण र प्रवर्द्धन तथा बस्तीहरूलाई होम स्टेका रूपमा विकसित गरी आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको छ ।



यस पालिकामा नागरिकहरूको जीविकोपार्जनको मुख्य आधारका रूपमा कृषि व्यवसाय रहेको छ। हालसम्म यहाँको कृषि प्रणाली परम्परागत विधिमा आधारित भई मुख्यतः निर्वाहमुखी अवस्थामा सीमित रहेको भए पनि व्यावसायिक खेतीतर्फका प्रयासहरू क्रमशः सुरु भएका छन्। कृषितर्फ विशेषगरी तरकारी तथा अमिलो जातका फलफूल खेती यहाँको प्रमुख आम्दानीको स्रोत बनेका छन् भने पशुपालनअन्तर्गत मह, घ्यू तथा मासुजन्य उत्पादनहरू पनि महत्वपूर्ण आयस्रोतका रूपमा देखिएका छन्।

कृषिमा यान्त्रिकीकरण तथा उन्नत जातका बीउहरूको प्रयोग विस्तार हुँदै जाँदा यस पाधलकाको कृषि विकासमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। नगरपालिकाले हालसम्म कृषि अनुदान वितरण, बीउबिजन उपलब्ध गराउने, साना किसान समूह गठन गर्ने तथा बीउबिजन वितरण गर्ने कार्यहरू सम्पन्न गरेको छ। साथै, बीउबिजनमा सहुलियत प्रदान गर्ने, कृषि सम्बन्धी सामान्य तालिमहरू सञ्चालन गर्ने, किसानहरूलाई चेतनामूलक तालिममार्फत सशक्त बनाउने, आधारभूत कृषि औजारको व्यवस्था गर्ने तथा उन्नत जातका पशु सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी पालिकाभित्र भित्र्याउने प्रयास गरिएको छ। यसका अतिरिक्त, कृषि सम्बन्धी आवश्यकता र माग प्रस्तुत गर्ने किसानहरूको पहिचान गरी तिनको आवश्यकता सम्बोधन गर्ने प्रयास पनि निरन्तर रूपमा भइरहेको छ।

## २.९.  श्रोत नक्साः  प्रशासनिक विभाजन



# ३. परिच्छेद-३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३.१. बस्ती र घरपरिवार विवरण

यस नगरपालिका भित्र नेपाल सरकारका स्थानीय स्तरका विभिन्न कार्यालयहरू स्थापित एवम् सञ्चालित रहेका छन् । संसदीय निर्वाचन क्षेत्र विभाजनका हिसाबले बैतडीका १ वटा निर्वाचन क्षेत्र र २ वटा प्रदेश निर्वाचन क्षेत्रमध्ये यो नगरपालिका १ न. क्षेत्रमा पर्दछ । पुर्चौंडी नगरपालिकाको भौगोलिक विविधता अनुसार पहाडी क्षेत्रकामा बस्तीहरू रहेका छन् भने केही बस्तीहरू जङ्गल किनार तथा खोला क्षेउ छाउमा जोखिमपूर्ण रूपमा बस्ती बसेको देखिन्छ । हालै गरिएको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकामा जम्मा घरधुरी सङ्ख्या ६१९२ रहेको छ, भने जम्मा कुल जनसङ्ख्या ३९४४८ देखिएको छ । पालीका क्षेत्र भित्रको परिवारको औसत आकार ६.३ रहेको छ । यो राष्ट्रिय स्तरको परिवारको औसत आकार भन्दा बढी रहेको छ । वडागत रूपमा बस्तीको नाम, घर सङ्ख्या र परिवार सङ्ख्या विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ३.१.१ वडाअनुसार मुख्य टोल बस्ती**

| वडा नं. | मुख्य टोलरबस्तीको नाम | बस्ती संख्या | घरधुरी संस्या | जनसंख्या |
|---|---|---|---|---|
| १ | आफला, कुणी, कोपिखेत, गर्स्या , डाडाकोट, दारिमपटा, बुदडा , भकुडा , हाट | १९ | ३७८ | २२४५ |
| २ | काफलकोट, खर्क , खौलागाड, गैरी, जर्कोट, जर्साउ, ठाटै, न्याघर, पत्थरगाडे, बनतोली, बिसमाला, बोरीगाउँ, भैरु, मड. ,रोचा, लामाचौर, ल्याति, सिमचानी | ५० | ५३२ | ३५५३ |
| ३ | एकलाला, कौंसार , गैरा गाउँ, जोगेउडा, तोलिगाँउ, नकालि , नाउला, नोलि, बत्थि, बत्थि , सल्लेबन | २३ | ८०७ | ४९७९ |
| ४ | खोजेखलडी, धामी गाँउ, धोलकडा , बागा , भाकड , भाटना, शिबाबो, | २७ | ५६२ | ३७२५ |
| ५ | असिगाउँ, ओसारा, काटै, कुवाकोट, खोलि गाउँ , गल्लेक, चानालि, जागरिगाउँ, डुमचौड, ढूङ्ग, दहताल, दानाडा, भुकाडि, माजागाउ, सलेलि गाउँ ,सिन्याडि | ४१ | ८५३ | ५८५४ |

| | | | | |
|---|---|---|---|---|
| ६ | रपना, काफलढुंगा, कोयलिगाउ, तिर्काली, नैना, भुमिराज, मानकाली, मुडेली, रापना | ३७ | ८१० | ५१३३ |
| ७ | अवस्थि गाउ, असुरकेली, ऐराडी, ऐरिगाउँ, काफलि , कोटिला , नौलागाडा, बडागाउँ, भोइने, मनासपट्टी, रतोका , रिठाली , सदगाड | २९ | ५७० | ३७१२ |
| ८ | उपरीगाउ , कोट, चीमडा, टाकन, डडपुर, धौनाली, बबिणा, भाडी, मल्लादेहि, रजे, लामुनि | ५६ | ५४२ | ३५०३ |
| ९ | ईरकालि, जगरिगाऊ, डाँडाखालि. , ढुकुरि, तोलिखेत, देसालि, पुजारी गाउँ, पोखरि, बथला, बसौरा, बास , बुडा, , सडौडा, सुनाली, सोपाना | २९ | ४३३ | २५३४ |
| १० | कटाल, गोरागाउँ , टुपा घर, धौबिसाउना, बरालीगाडा , भाङाड , महरागाउँ, साङडी | २३ | ७०५ | ४२१० |
| | | **३३४** | **६१९२** | **३९४४८** |

*श्रोत : घरधुरी सर्वेक्षण पुर्चौडी नगरपालिका २०८३*

## ३.२.जनसंख्या वितरणको अवस्था

यस नगरपालिकाको जम्मा जनसंख्या ३९४४८ रहेको छ । । जसमध्ये महिला जनसंख्या १९८७४ ( ५०।४ प्रतिशत) र पुरुष जनसंख्या १९५७४( ४९।६) प्रतिशत) रहेको छ । यसरी हेर्दा महिलाको जनसंख्या पुरुषको भन्दा जनसंख्या ०।८ प्रतिशतले बढी छ । यसैगरी लैङ्गिक अनूपात महिला पुरषको १००।०२ रहेको छ । तथ्यांकले देखाए अनुसार सबैभन्दा बढि जनसंख्या वडा नं. ५ मा र सबैभन्दा कम जनसंख्या वडा नं. १ मा रहेको छ । गाउँपालीकामा रहेका परिवारको औषत आकार ६.४ रहेको छ, जुन राष्ट्रिय स्तरको परिवारको औषत आकार भन्दा बढि रहेकोछ । यसैगरी लैङ्गिक अनूपात १००।०२ रहेको छ । वडागत जनसंख्या वितरणको अवस्था निम्न बमोजिम रहेको छ।

तालिका ३.२.१ जनसंख्या वितरण

| वार्ड | घरधुरी | महिला | पुरुष | जम्मा | औषत परिवार संख्या | महिला पुरुष अनुपात | वडागत जनसंख्या प्रतिसत |
|---|---|---|---|---|---|---|---|
| १ | ३७८ | ११४३ | ११०२ | २२४५ | ५.९ | १.०४ | ५.७% |
| २ | ५३२ | १७६७ | १७८६ | ३५५३ | ६.७ | ०.९९ | ९.०% |
| ३ | ८०७ | २५३० | २४४९ | ४९७९ | ६.२ | १.०३ | १२.६% |
| ४ | ५६२ | १८१६ | १९०९ | ३७२५ | ६.६ | ०.९५ | ९.४% |
| ५ | ८५३ | ३०३९ | २८१५ | ५८५४ | ६.९ | १.०८ | १४.८% |
| ६ | ८१० | २४६९ | २६६४ | ५१३३ | ६.३ | ०.९३ | १३.०% |
| ७ | ५७० | १८१६ | १८९६ | ३७१२ | ६.५ | ०.९६ | ९.४% |
| ८ | ५४२ | १७५२ | १७५१ | ३५०३ | ६.५ | १.०० | ८.९% |
| ९ | ४३३ | १२९० | १२४४ | २५३४ | ५.९ | १.०४ | ६.४% |
| १० | ७०५ | २२५२ | १९५८ | ४२१० | ६.० | १.१५ | १०.७% |
| जम्मा | ६१९२ | १९८७४ | १९५७४ | ३९४४८ | ६.४ | १.०२ | १००.०% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

चित्र १ वडागत जनसंख्या



## ३.३. उमेरको आधारमा जनसंख्याको विवरणः

यस तालिकामा उमेर तथा लिङ्गका आधारमा नगरपालिकामा रहेको जनसङ्ख्याको विवरण प्रस्तुत गरिएको छ । यस अनुसार उमेरका आधारमा सबैभन्दा बढी जनसङ्ख्या १६ देखि ४० वर्ष सम्मका रहेका छन् ।

**तालिका ३.३.१ उमेर समुहको आधारमा जनसंख्या**

| वडा नं | ० देखि ४ बर्ष सम्म | ५ देखि ९ बर्ष सम्म | १० देखि १५ बर्ष सम्म | १६ देखि ४० बर्ष सम्म | ४१ देखि ६४ बर्ष सम्म | ६४ बर्ष माथि | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १५४ | १८८ | १९६ | १०९५ | ४४५ | २०९ | २२४५ |
| २ | ३०१ | ३२२ | ४३४ | १७२२ | ५४९ | २२५ | ३५५३ |
| ३ | २८८ | ८३३ | ११०२ | १८४२ | ७०२ | २१२ | ४९७९ |
| ४ | २६७ | ४८० | ७१४ | १७४१ | ३९५ | १२८ | ३७२५ |
| ५ | ३६७ | ४६७ | ५२४ | २९६६ | ११२९ | ४०१ | ५८५४ |
| ६ | ४७० | ४८८ | ६५६ | २४३९ | ७९६ | २८४ | ५१३३ |
| ७ | २९९ | ३२२ | ४२९ | १८३३ | ५९७ | २३२ | ३७१२ |
| ८ | २३४ | ३३७ | ४५३ | १६२८ | ६२६ | २२५ | ३५०३ |
| ९ | २०४ | २४३ | ३६७ | ११६३ | ४३७ | १२० | २५३४ |
| १० | ३१९ | ३७८ | ४२५ | १८२४ | ८९० | ३७४ | ४२१० |
| **जम्मा** | **२९०३** | **४०५८** | **५३००** | **१८२५३** | **६५६६** | **२४१०** | **३९४४८** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

चित्र २ उमेर अनुसार जनसंख्या




*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

**तालिका ३.३.२ ५ बर्ष मुनिका बालबालिकाको संख्या**

| वडा नं | ० देखि ४ बर्ष सम्म | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| १ | ६८ | ७९ | १५४ |
| २ | १४२ | १५९ | ३०१ |
| ३ | ८४ | २०४ | २८८ |
| ४ | १२३ | १४४ | २६७ |
| ५ | १९२ | १७५ | ३६७ |
| ६ | २०९ | २६१ | ४७० |
| ७ | १४४ | १५५ | २९९ |
| ८ | १२४ | ११० | २३४ |
| ९ | १०६ | ९८ | २०४ |
| १० | १६५ | १५४ | ३१९ |
| **जम्मा** | **१३५७** | **१५३९** | **२९०३** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

## ३.४. मातृभाषाको आधारमा जनसंख्याको विवरण

पुचौंडी नगरपालिकाको तथ्याङ्क अनुसार, सबै भन्दा बढी प्रयोग हुने भाषा बैतडेली रहेको छ । जस्को जनसंख्या ९९।४ प्रतिशत रहेको देखिएको । यस नगरपालिकामा प्रयोग हुने मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ३.४.१ वडा अनुसार भाषागत जन संख्या विवरण**

| वडा नं | डडेल्धुरेली | नेपाली | बैतडेली | हिन्दी | जम्मा |
|---|---|---|---|---|---|
| १ | | १९४ | २०५१ | | २२४५ |
| २ | ४ | | ३५४९ | | ३५५३ |
| ३ | | | ४९७९ | | ४९७९ |
| ४ | | | ३७२५ | | ३७२५ |
| ५ | | ६ | ५८४८ | | ५८५४ |
| ६ | | | ५१३३ | | ५१३३ |
| ७ | | | ३७१२ | | ३७१२ |
| ८ | | ७ | ३४७९ | १७ | ३५०३ |
| ९ | | | २५३४ | | २५३४ |
| १० | | | ४२१० | | ४२१० |
| **जम्मा** | **४** | **२०७** | **३९२२०** | **१७** | **३९४४८** |
| प्रतिसत | ०.०% | ०.५% | ९९.४% | ०.०% | १००.०% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

**चित्र ३ भाषा अनुसार जनसंख्या**




पुचौंडी नगरपालिकाको तथ्याङ्क अनुसार, सबै भन्दा बढी प्रयोग हुने भाषा बैतडेली ९९.४ प्रतिशत र दोस्रो भाषामा नेपाली ०.५ देखिएको छ ।यस नगरपालिकामा प्रयोग हुने मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ३.४.२ वडा अनुसार भाषागत घरधुरी**

| वडा नं | डडेल्धुरेली | नेपाली | बैतडेली | हिन्दी | जम्मा |
|---|---|---|---|---|---|
| १ | | ३२ | ३४६ | | ३७८ |
| २ | | | ५३२ | | ५३२ |
| ३ | | | ८०७ | | ८०७ |
| ४ | | | ५६२ | | ५६२ |
| ५ | | १ | ८५२ | | ८५३ |
| ६ | | | ८१० | | ८१० |
| ७ | | | ५७० | | ५७० |
| ८ | | १ | ५३९ | २ | ५४२ |
| ९ | | | ४३३ | | ४३३ |
| १० | | | ७०५ | | ७०५ |
| **जम्मा** | **०** | **३४** | **६१५६** | **२** | **६१९२** |
| प्रतिसत | ०.०% | ०.५% | ९९.४% | ०.०% | १००.०% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

## ३.५. धर्म अनुसार जनसंख्याको विवरण

यस नगरपालिका भित्र सत प्रतिशत हिन्दु धर्ममा आस्था राख्नेहरूको जनसङ्ख्या रहेको छ ।

**तालिका ३.५.१ धर्मका आधारमा घरधुरी**

| वडा नं | हिन्दु |
|---|---|
| १ | ३७८ |
| २ | ५३२ |
| ३ | ८०७ |
| ४ | ५६२ |
| ५ | ८५३ |
| ६ | ८१० |
| ७ | ५७० |
| ८ | ५४२ |
| ९ | ४३३ |
| १० | ७०५ |
| जम्मा | ६१९२ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

**तालिका ३.५.२ धर्मका आधारमा जनसंख्या**

| वडा नं | हिन्दु |
|---|---|
| १ | २२४५ |
| २ | ३५५३ |
| ३ | ४९७९ |
| ४ | ३७२५ |
| ५ | ५८५४ |
| ६ | ५१३३ |
| ७ | ३७१२ |
| ८ | ३५०३ |
| ९ | २५३४ |
| १० | ४२१० |
| जम्मा | ३९४४८ |

*श्रोत : घरधुरी सर्वेक्षण पुर्चौंडी नगरपालिका २०८१*

## ३.६. जातीयताको आधारमा जनसंख्याको विवरण

यस नगरपालिकामा विशेष गरी मुख्य रूपमा ४ किसिमका जातीय समुदायहरू बसोबास गर्दै आइरहेका छन्, ती मध्ये बहुसङ्ख्यक क्षेत्री ६६.० प्रतिशत, ब्राह्मण १२.० प्रतिशत र दलित, १६ प्रतिशत रहेका छन् । अन्य जातीय समुदायमा ५.४ रहेका छन् । नगरपालिकामा रहेका सबै जातजातिहरूको जातियताको आधारमा जनसङ्ख्याको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ३.६.१ जातियताका आधारमा घरधुरी**

| वडा न | क्षेत्रि | ब्राह्मण | दलित |
|---|---|---|---|
| १ | २८७ | ३१ | ६० |
| २ | ३२५ | १३६ | ७१ |
| ३ | ५९३ | १३ | २०१ |
| ४ | ४०६ | ८९ | ६७ |
| ५ | ६५५ | ४० | १५८ |
| ६ | ६९१ | ४९ | ७० |
| ७ | ३७३ | ९३ | १०४ |
| ८ | ३६० | १०२ | ८० |
| ९ | २४० | ५९ | १३४ |
| १० | ५३० | १६० | १५ |
| **जम्मा** | ४४६० | ७७२ | ९६० |

| प्रतिसत | ७२.०३% | १२.४७% | १५.५०% |
|---|---|---|---|

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

**तालिका ३.६.२ जातियताका आधारमा जनसंख्या**

| वडा नं | क्षेत्री | दलित | ब्राहंमण | जम्मा |
|---|---|---|---|---|
| १ | १६५० | ३४५ | २५० | २२४५ |
| २ | २११८ | ५२३ | ९१२ | ३५५३ |
| ३ | ३६१७ | १२८१ | ८१ | ४९७९ |
| ४ | २६०८ | ४८९ | ६२८ | ३७२५ |
| ५ | ४६०१ | ५३९ | ७१४ | ५८५४ |
| ६ | ४२२१ | ५६२ | ३५० | ५१३३ |
| ७ | २२८८ | ८४२ | ५८२ | ३७१२ |
| ८ | २१९४ | ५८६ | ७२३ | ३५०३ |
| ९ | १३९१ | ८८८ | २५५ | २५३४ |
| १० | ३४१८ | २७५ | ५१७ | ४२१० |
| **जम्मा** | **२८१०६** | **६३३०** | **५०१२** | **३९४४८** |
| **प्रतिसत** | **७१.२%** | **१६.१%** | **१२.७%** | **१००.०%** |

*श्रोत : घरधुरी सर्वेक्षण    नगरपालिका २०८३*

***चित्र ४ जातियताका आधारमा जनसंख्या***




*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ३.७.लिंग, उमेर र वडाका आधारमा घरमुलीको विवरण

पुचौंडी नगरपालिकामा जम्मा ६१९२ घर मुलीहरू मध्ये पुरुष घर मुलीको सङ्ख्या ४९८७ जना ८०.५ प्रतिशत रहेको छ भने महिला घर मुलीको सङ्ख्या १२०५ जना १९.५ प्रतिशत रहेको पाइन्छ । घर मुली प्रतिशतको आधारमा हेर्दा पारिवारिक संरचनामा पुरुष प्रधानताको अनुपात अझै पनि निकै बढी रहेको छ । जसमध्ये सबैभन्दा बढी घर मुली सङ्ख्यामा ४००७ देखि २१ देखि ३० वर्ष उमेर भएकाहरू रहेका छन् । लिङ्ग, उमेर र वडाका आधारमा घर मुलीको विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ३.७.१ वडा अनुसार घरमुली**

| वार्ड नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २६६ | ११२ | ३७८ |
| २ | ४९० | ४२ | ५३२ |
| ३ | ५५९ | २४८ | ८०७ |
| ४ | ३८१ | १८१ | ५६२ |
| ५ | ६५५ | १९८ | ८५३ |
| ६ | ७४७ | ६३ | ८१० |
| ७ | ५०६ | ६४ | ५७० |
| 8 | ४२९ | ११३ | ५४२ |
| ९ | ३४७ | ८६ | ४३३ |
| १० | ६०७ | ९८ | ७०५ |
| जम्मा | ४९८७ | १२०५ | ६१९२ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

**तालिका ३.७.२ उमेर अनुसार घरमुली**

| वडा नं | २० वर्ष सम्मका | २१ देखि ३० वर्ष | ३१देखि ५९ वर्ष | ६० देखि -७० वर्ष | ७० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४ | २२८ | ८ | ११८ | २० | ३७८ |
| २ | ३ | ३४९ | ६ | १०६ | ६८ | ५३२ |
| ३ | ५ | ६३४ | ७ | १०८ | ५३ | ८०७ |
| ४ | २९ | ४६१ | १ | ५२ | १९ | ५६२ |
| ५ | ४ | ४९० | १५ | ३११ | ३३ | ८५३ |
| ६ | १८ | ६२१ | ३ | १२१ | ४७ | ८१० |
| ७ | २० | ४१९ | ४ | ७९ | ४८ | ५७० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ३ | ३३० | २ | १२८ | ७९ | ५४२ |
| ९ | ५ | ३१८ | ७ | ७४ | २९ | ४३३ |
| १० | २ | १५७ | १२ | ५०५ | २९ | ७०५ |
| **जम्मा** | **९३** | **४००७** | **६५** | **१६०२** | **४२५** | **६१९२** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

## ३.८. पेशाका आधारमा जनसंख्या विवरण

यस नगरपालिकामा बसोबास गर्ने १६ वर्ष भन्दा माथिका व्यक्तिहरू मध्ये २७२२९ जना कृषि तथा पशुपालनमा संलग्न रहेको पाइएको छ भने सोही उमेर समूहका २२११० जनसङ्ख्या वैदेशिक रोजगारमा रहेको पाइएको छ भने पेसागत आधारमा जनसङ्ख्याको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ३.८.१ पेशाको आधारमा विवरण**

| वडा नं | १६वर्ष माथिका जनसंख्या | कृषि/पशुपालन | वैदेशिक रोजगारी | सरकारी नोकरी | जागिर अन्य | ज्याला मजदुरि | व्यापार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७४९ | १४४६ | १२३ | ३५ | १७ | ५ | १२१ | २ | १७४९ |
| २ | २४९६ | २३०७ | ११७ | ५५ | | | १७ | | २४९६ |
| ३ | २७५६ | ९६७ | ९४७ | ४३ | १४२ | ४७५ | १७७ | ५ | २७५६ |
| ४ | २२६४ | २१९४ | | २० | १३ | | ३७ | | २२६४ |
| ५ | ४४९६ | २९७६ | १२१४ | १२४ | १४ | | १०६ | ६२ | ४४९६ |
| ६ | ३५१९ | ३२४३ | १८९ | ३२ | १० | ५ | ३६ | ४ | ३५१९ |
| ७ | २६६२ | २३१८ | १४८ | १०६ | | १० | ८० | | २६६२ |
| ८ | २४७९ | २३७१ | | ५८ | २७ | | २३ | | २४७९ |
| ९ | १७२० | १२४५ | ८ | १४५ | ६ | २५२ | ४४ | २० | १७२० |
| १० | ३०८८ | ३०४३ | ३ | २५ | | ११ | | ६ | ३०८८ |
| **जम्मा** | **२७२२९** | **२२११०** | **२७४९** | **६४३** | **२२९** | **७५८** | **६४** | **९९** | **२७२२९** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ३.९. १६ वर्ष माथिका ब्यक्तिहरूमध्ये नागरिकता नभएका ब्यक्तिहरूको विवरण

**तालिका ३.९.१ १६ वर्ष माथिका ब्यक्तिहरूमध्ये नागरिकता नभएका ब्यक्तिहरूको विवरण**

| वडा नं | वडा नं | महिला | पुरुषको | जम्मा | १६ वर्ष माथिका को कुल जनसंख्या |
|---|---|---|---|---|---|
| १ | १४९ | १२१ | २७० | १७४९ | १५.४% |
| २ | २०३ | ९० | २९३ | २४९६ | ११.७% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ३९ | ३२ | ७१ | २७५६ | २.६% |
| ४ | १२० | ८८ | २०८ | २२६४ | ९.२% |
| ५ | १०२ | ११० | २१२ | ४४९६ | ४.७% |
| ६ | ४२९ | ३७६ | ८०५ | ३५१९ | २२.९% |
| ७ | ९४ | ६५ | १५९ | २६६२ | ६.०% |
| ८ | २४० | १३५ | ३७५ | २४७९ | १५.१% |
| ९ | ११६ | ६१ | १७७ | १७२० | १०.३% |
| १० | २१६ | १२३ | ३३९ | ३०८८ | ११.०% |
| **जम्मा** | **१७०८** | **१२०१** | **२९०९** | **२७२२९** | **१०.७%** |

तालिका ३.९.१ अनुसार पुचौंडी नगरपालिकामा १६ वर्ष वा सोभन्दा माथिका कुल २७,२२९ जनसंख्या मध्ये २,९०९ जना (१०.७ प्रतिशत) व्यक्तिसँग नेपाली नागरिकता प्रमाणपत्र नभएको देखिन्छ। नागरिकता नभएका व्यक्तिहरूमध्ये १,७०८ जना महिला (५८.७ प्रतिशत) र १,२०१ जना पुरुष (४१.३ प्रतिशत) रहेका छन्। यसले पुरुषको तुलनामा महिलाहरू नागरिकता प्राप्तिबाट बढी वञ्चित रहेको अवस्था देखाउँछ, जसले लैङ्गिक असमानता तथा प्रशासनिक पहुँचसम्बन्धी चुनौतीलाई संकेत गर्दछ।

वडागत रूपमा हेर्दा वडा नं. ६ मा नागरिकता नभएका व्यक्तिको संख्या सबैभन्दा बढी ८०५ जना रहेको छ, जुन उक्त वडाको १६ वर्ष माथिको कुल जनसंख्याको २२.९ प्रतिशत हो। त्यसपछि वडा नं. १ मा २७० जना (१५.४ प्रतिशत), वडा नं. ८ मा ३७५ जना (१५.१ प्रतिशत), वडा नं. २ मा २९३ जना (११.७ प्रतिशत) र वडा नं. १० मा ३३९ जना (११.० प्रतिशत) नागरिकता नभएका व्यक्तिहरू रहेका छन्। विपरीत रूपमा वडा नं. ३ मा नागरिकता नभएका व्यक्तिको अनुपात सबैभन्दा कम २.६ प्रतिशत मात्र रहेको छ भने वडा नं. ५ मा ४.७ प्रतिशत र वडा नं. ७ मा ६.० प्रतिशत रहेको छ।

यस तथ्याङ्कले नगरपालिकाभित्र नागरिकता प्राप्तिको अवस्था वडाअनुसार फरक रहेको देखाउँछ। विशेषगरी वडा नं. ६, १ र ८ मा नागरिकता नभएका व्यक्तिको अनुपात उच्च भएकाले ती क्षेत्रमा नागरिकता वितरण तथा पहुँच अभिवृद्धि कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। नागरिकता व्यक्तिगत पहिचान, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य सेवा, बैंकिङ सेवा तथा राज्यद्वारा प्रदान गरिने विभिन्न अवसर र सेवाहरू प्राप्त गर्ने आधारभूत अधिकार भएकाले नागरिकता विहीन व्यक्तिहरूको संख्या घटाउन लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

## ३.१०. पासपोर्ट भएहरूको विवरण

**तालिका ३.१०.१ पासपोर्ट व्यक्तिहरूको विवरण**

| वडा नं | पासपोर्ट भएका महिला | पासपोर्ट भएका पुरुष | पासपोर्ट भएका जम्मा |
|---|---|---|---|
| १ | १२ | २९१ | ३०३ |
| २ | ४० | ५२९ | ५६९ |
| ३ | ८ | २८४ | २९२ |
| ४ | ४४ | ५६१ | ६०५ |
| ५ | ४४ | ५८५ | ६२९ |
| ६ | ३२ | ७९४ | ८२६ |
| ७ | ५ | ५६७ | ५७२ |
| ८ | १५ | ५४१ | ५५६ |
| ९ | १४ | ४५२ | ४६६ |
| १० | १८ | २९० | ३०८ |
| **जम्मा** | **२३२** | **४८९४** | **५१२६** |

माथिको तालिका अनुसार पुचौंडी नगरपालिकामा पासपोर्ट प्राप्त व्यक्तिहरूको कुल संख्या ५,१२६ रहेको छ, जसमा २३२ जना महिला (४.५३ प्रतिशत) र ४,८९४ जना पुरुष (९५.४७ प्रतिशत) रहेका छन्। पासपोर्टधारीहरूको संख्या हेर्दा वडा नं. ६ मा सबैभन्दा बढी ८२६ जना रहेका छन् भने वडा नं. ३ मा सबैभन्दा कम २९२ जना रहेका छन्। पासपोर्ट प्राप्त गर्ने महिलाको संख्या सबै वडाहरूमा पुरुषको तुलनामा निकै न्यून रहेको देखिन्छ। विशेषगरी वडा नं. ७ मा केवल ५ जना महिलासँग मात्र पासपोर्ट रहेको छ। यसले वैदेशिक रोजगार, अध्ययन तथा अन्य अन्तर्राष्ट्रिय आवागमनका अवसरमा पुरुषहरूको सहभागिता महिलाको तुलनामा धेरै रहेको देखाउँछ।

## ३.११. आर्थिक रूपले सक्रिय जनसंख्या विवरण

जनसङ्ख्या वितरणमा सामान्यतया १६ देखी ५९ वर्षको उमेर समूह आर्थिक रूपले सबल जनसङ्ख्या मानिन्छ भने १६ वर्ष देखि कम उमेरका बालबालिका तथा ६० वर्ष भन्दा माथिका वृद्ध वृद्धा आश्रित समूहमा पर्दछन् जसको जनसङ्ख्या क्रमशः १२२१६ र ४७५५ अर्थात् ३१ र १२ प्रतिशत हुन आउँछ । तालिका अनुसार, जम्मा जनसङ्ख्याको आधा भन्दा बढी ५७ प्रतिशत भाग १६ देखि ५९ वर्षको उमेर भित्रका जनसङ्ख्याले ओगटेको देखिएको छ । त्यसै गरी १४ वर्ष भन्दा मुनी र ६० वर्ष भन्दा माथिका व्यक्तिहरूको सङ्ख्या पनि उल्लेखनीय रहेको छ र यी जनसङ्ख्याको हेरचाह तथा विकासका कार्यक्रमहरू नगरपालिका स्तरमा रहनुपर्ने देखिएको छ ।

**तालिका ३.११.१ आर्थिक रुपले सक्रिय जनसंख्या ( १६ देखि ५९ वर्ष )**

| वार्ड न | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ७८८ | ७३८ | १५२६ |
| २ | ११२८ | ११४३ | २२७१ |
| ३ | १२६७ | १२७७ | २५४४ |
| ४ | १०४३ | १०९३ | २१३६ |
| ५ | २१३५ | १९६० | ४०९५ |
| ६ | १५८९ | १६४६ | ३२३५ |
| ७ | ११८० | १२५० | २४३० |
| ८ | ११११ | ११४३ | २२५४ |
| ९ | ८१५ | ७८५ | १६०० |
| १० | १४८६ | १२२८ | २७१४ |
| **जम्मा** | **१२५४२** | **१२२६३** | **२४८०५** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ३.१२. अपाङ्गताको आधारमा जनसंख्या विवरण

यस नगरपालिकामा वडागत रूपमा अपाङ्गगतको आधारमा जनसङ्ख्याको विवरण हेर्दा कुल ६४९ जना मध्ये ५१ प्रतिशत पुरुष र ४९ प्रतिशत महिला रहेका छन् । प्राय सबै वडाहरूमा उल्लेखनीय सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिएको छ भने तुलनात्मक रूपमा सबैभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू क्रमशः वडा नम्बर ८ बढी रहेको देखिएको छ । अपाङ्गताको आधारमा वडागत जनसङ्ख्या विवरण निम्नअनुसार रहेको छ।

**तालिका ३.१२.१ अपाङगताको आधारमा जनसंख्या**

| वार्ड नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ३३ | ३२ | ६५ |
| २ | २४ | २० | ४४ |
| ३ | २० | ७ | २७ |
| ४ | ३० | ३३ | ६३ |
| ५ | ७ | १० | १७ |
| ६ | ४६ | ४७ | ९३ |
| ७ | २७ | ३४ | ६१ |
| ८ | ६१ | ४९ | ११० |
| ९ | ३५ | ५६ | ९१ |
| १० | ३६ | ४२ | ७८ |

| जम्मा | ३१९ | ३३० | ६४९ |
|---|---|---|---|

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ३.१३. अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्याको विवरण

यस नगरपालिकामा अपाङ्गता भएका जनसङ्ख्या, ६४९ जना मध्ये सबै भन्दा बढी ५२ प्रतिशतमा शारिरिक अपाङ्गता भएको र १२ प्रतिशतलाई अन्य अपाङ्गता भएको देखिएको छ । अपाङ्गता भएको अवस्थाका आधारमा जनसङ्ख्याको वडागत विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ३.१३.१ अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्या**

| अपाङ्गता किसिम | महिला | पुरुष | जम्मा | प्रतिसत |
|---|---|---|---|---|
| शारिरिक अपाङ्गता | १४२ | १९४ | ३३६ | ५२% |
| न्यन दृष्टियक्त | २४ | २१ | ४५ | ७% |
| पर्ण दृष्टिविहिन | १४ | ८ | २२ | ३% |
| बहिरोपन | १३ | १९ | ३२ | ५% |
| सस्तश्रवण | ६ | ३ | ९ | १% |
| श्रवण / दृष्टिविहिन | ७ | ६ | १३ | २% |
| स्वर र बोलाई | १४ | १६ | ३० | ५% |
| मानसिक वा मनोसामाजिक | १९ | १७ | ३६ | ६% |
| बौद्धिक अपाङ्गता | ७ | १० | १७ | ३% |
| अनवंशीय अपाङ्गता | ७ | ० | ७ | १% |
| अटिजम् | ० | ० | ० | ०% |
| बहअपाङ्गता | ९ | १३ | २२ | ३% |
| अन्य | ५७ | २३ | ८० | १२% |
| जम्मा | ३१९ | ३३० | ६४९ | १००% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

## ३.१४. बसाई सराई सम्वन्धी विवरण

उपलब्ध तथ्याङ्क अनुसार समीक्षा अवधिमा पुचौंडी नगरपालिकामा बसाइँ सरी आउने व्यक्तिको संख्या ३० जना रहेको छ, जसमा १६ जना पुरुष (५३.३%) र १४ जना महिला (४६.७%) रहेका छन्। बसाइँ सरी आउने अधिकांश व्यक्तिहरू कञ्चनपुर जिल्लाका विभिन्न नगरपालिका (कृष्णपुर, बेदकोट, भीमदत्त तथा शुक्लाफाँटा) बाट आएका छन्। त्यसैगरी कैलाली, बझाङ, बर्दिया, डडेल्धुरा तथा दशरथचन्द नगरपालिकाबाट पनि केही व्यक्तिहरू पुचौंडीमा बसाइँ सरी आएका छन्। यसले पुचौंडीसँग तराई तथा छिमेकी जिल्लाहरूको सामाजिक तथा पारिवारिक सम्बन्ध रहेको संकेत गर्दछ।

यसै अवधिमा बसाइँ सरी जाने व्यक्तिको संख्या ८१० जना रहेको छ, जसमा ४३० जना पुरुष (५३.१%) र ३८० जना महिला (४६.९%) रहेका छन्। बसाइँ सरी जानेहरूको संख्या आउनेहरूको तुलनामा अत्यन्तै बढी रहेको देखिन्छ। बसाइँ सरी जानेमध्ये सबैभन्दा बढी पुचौंडी नगरपालिका वडा नं. १०

बाट १५६ जना (१९.३%) रहेका छन् भने त्यसपछि वडा नं. ८ बाट १३१ जना (१६.२%) र वडा नं. ९ बाट ११३ जना (१४.०%) बसाइँ सरेका छन्। सबै वडाबाट उल्लेख्य संख्यामा जनसंख्या बाहिरिएको देखिन्छ।

समग्रमा, समीक्षा अवधिमा नगरपालिकामा ३० जना बसाइँ सरी आएका र ८१० जना बसाइँ सरी गएका कारण कुल ७८० जनाको नकारात्मक खुद बसाइँसराइ (Net Migration) भएको छ। अर्थात्, प्रत्येक १ जना आउने व्यक्तिको तुलनामा करिब २७ जना व्यक्ति नगरपालिकाबाट बाहिरिएका छन्। यसले पुर्चौडी नगरपालिकामा रोजगारी, शिक्षा, स्वास्थ्य, व्यापार—व्यवसाय तथा आधारभूत सेवाको खोजीमा जनसंख्या बाहिरिने प्रवृत्ति उच्च रहेको देखाउँछ। यस्तो अवस्थाले दीर्घकालीन रूपमा श्रमशक्ति, उत्पादनशील जनसंख्या तथा स्थानीय आर्थिक गतिविधिमा असर पार्न सक्ने भएकाले स्थानीय स्तरमा रोजगारी सिर्जना, उद्यम विकास तथा सेवा सुविधाको विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ।

**तालिका ३.१४.१बसाई सराई विवरण २०७९।०८०**

| २०८१।१।१ देखि २०८२।३।३० सम्म | | | | |
|---|---|---|---|---|
| **विवरण** | **स्थान** | **पुरूष** | **महिला** | **जम्मा** |
| बसाईं सरि आएका | कन्चनपुर जिल्ला, कृष्णपुर नगरपालिका ,वडा नं. २ | २ | ३ | ५ |
| | कन्चनपुर जिल्ला, बेदकोट नगरपालिका ,वडा नं. ३ | २ | | २ |
| | कन्चनपुर जिल्ला, बेदकोट नगरपालिका ,वडा नं. ४ | १ | | १ |
| | कन्चनपुर जिल्ला, बेदकोट नगरपालिका ,वडा नं. ५ | १ | १ | २ |
| | कन्चनपुर जिल्ला, बेदकोट नगरपालिका ,वडा नं. ९ | १ | | १ |
| | कन्चनपुर जिल्ला, भीमदत्त नगरपालिका ,वडा नं. १३ | १ | | १ |
| | कन्चनपुर जिल्ला, भीमदत्त नगरपालिका ,वडा नं. ५ | | १ | १ |
| | कन्चनपुर जिल्ला, भीमदत्त नगरपालिका ,वडा नं. ७ | १ | | १ |
| | कन्चनपुर जिल्ला, शुक्लाफाँटा नगरपालिका ,वडा नं. १ | १ | | १ |
| | कन्चनपुर जिल्ला, शुक्लाफाँटा नगरपालिका ,वडा नं. ११ | १ | | १ |
| | कन्चनपुर जिल्ला, शुक्लाफाँटा नगरपालिका ,वडा नं. १२ | २ | | २ |
| | कन्चनपुर जिल्ला, शुक्लाफाँटा नगरपालिका ,वडा नं. ३ | १ | १ | २ |
| | कैलाली जिल्ला, घोडाघोडी नगरपालिका ,वडा नं. ४ | | ३ | ३ |
| | बझाङ्ग जिल्ला, बुंगल नगरपालिका ,वडा नं. १ | | १ | १ |
| | बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका ,वडा नं. ९ | | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| | बैतडी जिल्ला, दशरथचन्द नगरपालिका ,वडा नं. १ | १ | | १ |
| | कन्चनपुर जिल्ला, भीमदत्त नगरपालिका ,वडा नं. १४ | | १ | १ |
| | डडेल्धुरा जिल्ला, परशुराम नगरपालिका ,वडा नं. ९ | | १ | १ |
| | कैलाली जिल्ला, घोडाघोडी नगरपालिका ,वडा नं. ११ | १ | १ | २ |
| | **बसाई सरि आएका जम्मा** | **१६** | **१४** | **३०** |
| बसाई सरि गएका | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. १ | ३३ | २७ | ६० |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. १० | ८९ | ६७ | १५६ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. २ | १० | ८ | १८ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ३ | ३८ | ३९ | ७७ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ४ | ३२ | ३१ | ६३ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ५ | ३२ | ३१ | ६३ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ६ | ३६ | २९ | ६५ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ७ | ३७ | २७ | ६४ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ८ | ७० | ६१ | १३१ |
| | बैतडी जिल्ला, पुचौंडी नगरपालिका ,वडा नं. ९ | ५३ | ६० | ११३ |
| | **बसाई सरि गएका जम्मा** | **४३०** | **३८०** | **८१०** |

*श्रोत : पुचौंडी नगरपालिका पंजिकरण शाखा*

## ३.१५. ब्यक्तिगत घटना सम्बन्धी विवरण

### ३.१५.१.जन्मदर्ता

यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को व्यक्तिगत घटना सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । उक्त आर्थिक वर्षमा २०१८ जना बालबालिकाहरूको जन्म दर्ता भएको छ उक्त अवधिमा वार्ड नं. १० मा सबै भन्दा बढी ४८७ जना बालबालिकाहरूको जन्म दर्ता भएको छ भने वार्ड नं. १ मा सबै भन्दा कम ७२ जनाको जनम दर्ता भएको देखिएको छ ।

**तालिका ३.१५.१.१ जन्मदर्ता सम्बन्धी विवरण २०८१।१।१ देखि २०८२।३।३०**

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ३८ | ३४ | ७२ |
| २ | ६६ | ६२ | १२८ |

| | | | |
|---|---|---|---|
| ३ | ८४ | ८० | १६४ |
| ४ | ७२ | ९८ | १७० |
| ५ | ११२ | ८६ | १९८ |
| ६ | ९७ | ६५ | १६२ |
| ७ | ५६ | ५८ | ११४ |
| ८ | ७१ | ६० | १३१ |
| ९ | २०९ | १८३ | ३९२ |
| १० | २४७ | २४० | ४८७ |
| **जम्मा** | **१०५२** | **९६६** | **२०१८** |

*श्रोत : पुर्चौंडी नगरपालिका पंजिकरण शाखा*

## ३.१५.२. बिबाहदर्ता दर्ता

**तालिका ३.१५.२.१ विवाह दर्ता सम्बन्धी विवरण २०८१।१।१ देखि २०८२।३।३०**

| बिवाह भएको स्थान | संख्या |
|---|---|
| ओखलढुङ्गा जिल्ला, सिद्धिचरण नगरपालिका ,वडा नं. २ | १ |
| कन्चनपुर जिल्ला, बेलौरी नगरपालिका ,वडा नं. ५ | १ |
| दार्चुला जिल्ला, मालिकार्जुन गाउँपालिका ,वडा नं. ८ | १ |
| बझाङ्ग जिल्ला, केदारस्युँ गाउँपालिका ,वडा नं. ६ | १ |
| बझाङ्ग जिल्ला, वित्थडचिर गाउँपालिका ,वडा नं. ३ | १ |
| बैतडी जिल्ला, डिलासैनी गाउँपालिका ,वडा नं. ४ | १ |
| बैतडी जिल्ला, दोगडाकेदार गाउँपालिका ,वडा नं. ८ | १ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. १ | ४१ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. २ | ७५ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ३ | ११५ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ४ | ९७ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ५ | ९७ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ६ | ४ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ७ | ४ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ८ | ७१ |
| बैतडी जिल्ला, पुर्चौंडी नगरपालिका ,वडा नं. ९ | ४९ |

## ३.१६. सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

यस नगरपालिकामा बसोबास गर्दै आइरहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक, दलित ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक वर्ष २०८१/०८२ अनुसारको विवरण प्रस्तुत गरिएको छ । यस प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सङ्ख्या ७८४४रहेको छ ।

**तालिका ३.१६.१ सामाजिक सुरक्षा भत्ता लिनेको विवरण**

| वडा नं | लिङ्ग | अति अशक्त अपाङ्गता भत्ता | अन्य जेष्ठ नागरिक भत्ता | क्षेत्र तोकिएका बालबालिका | जेष्ठ नागरिक एकल महिला | जेष्ठ नागरिक भत्ता (दलित) | दलित बालबालिका | पूर्ण अपाङ्गता भत्ता | विधवा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | ५ | ११७ | १०१ | ८ | ४ | १६ | ४ | २८ | २८३ |
| | पुरूष | ६ | ६५ | १०१ | | ८ | २० | ५ | | २०५ |
| | जम्मा | ११ | १८२ | २०२ | ८ | १२ | ३६ | ९ | २८ | ४८८ |
| २ | महिला | ११ | ११३ | १२६ | १८ | ११ | २७ | ५ | ३७ | ३४८ |
| | पुरूष | १० | ९४ | १५४ | | १५ | ३५ | ६ | | ३१४ |
| | जम्मा | २१ | २०७ | २८० | १८ | २६ | ६२ | ११ | ३७ | ६६२ |
| ३ | महिला | १२ | १५७ | १५४ | २१ | २० | ६१ | ८ | ६२ | ४९५ |
| | पुरूष | २५ | ८५ | १८७ | | २१ | ५५ | १० | | ३८३ |
| | जम्मा | ३७ | २४२ | ३४१ | २१ | ४१ | ११६ | १८ | ६२ | ८७८ |
| ४ | महिला | ९ | १५४ | १६९ | १४ | ५ | २१ | ६ | ५० | ४२८ |
| | पुरूष | १४ | ९७ | १६५ | | ७ | २५ | २ | | ३१० |
| | जम्मा | २३ | २५१ | ३३४ | १४ | १२ | ४६ | ८ | ५० | ७३८ |
| ५ | महिला | १४ | २०७ | १९० | ३२ | १७ | ५७ | ५ | ७२ | ५९४ |
| | पुरूष | २० | ११६ | २३१ | | १३ | ६२ | ६ | | ४४८ |
| | जम्मा | ३४ | ३२३ | ४२१ | ३२ | ३० | ११९ | ११ | ७२ | १०४२ |
| | महिला | १३ | २२४ | २१० | १८ | १० | २९ | १० | ४९ | ५६३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पुरूष | १७ | ११० | २७४ | | ४ | ४० | ३ | | ४४८ |
| | जम्मा | ३० | ३३४ | ४८४ | १८ | १४ | ६९ | १३ | ४९ | १०११ |
| ७ | महिला | १० | १४० | ११७ | १२ | ७ | ३५ | ५ | ३८ | ३६४ |
| | पुरूष | १४ | ८८ | १४१ | | १६ | ४८ | ६ | | ३१३ |
| | जम्मा | २४ | २२८ | २५८ | १२ | २३ | ८३ | ११ | ३८ | ६७७ |
| ८ | महिला | १२ | १९२ | १३२ | २५ | १२ | २८ | ८ | ३८ | ४४७ |
| | पुरूष | १३ | १०९ | १५९ | | १२ | ३४ | ९ | | ३३६ |
| | जम्मा | २५ | ३०१ | २९१ | २५ | २४ | ६२ | १७ | ३८ | ७८३ |
| ९ | महिला | १२ | १०१ | ९७ | १८ | १७ | ४६ | ५ | ८४ | ३८० |
| | पुरूष | १५ | ५६ | १२६ | | १६ | ६२ | ६ | | २८१ |
| | जम्मा | २७ | १५७ | २२३ | १८ | ३३ | १०८ | ११ | ८४ | ६६१ |
| १० | महिला | २७ | १७८ | १९८ | २८ | ५ | २१ | ३ | ५५ | ५१५ |
| | पुरूष | १९ | ८९ | २४२ | | ८ | ३० | १ | | ३८९ |
| | जम्मा | ४६ | २६७ | ४४० | २८ | १३ | ५१ | ४ | ५५ | ९०४ |
| **कुल जम्मा** | | **२७८** | **२४९२** | **३२७४** | **१९४** | **२२८** | **७५२** | **११३** | **५१३** | **७८४४** |

*श्रोत : पुचौंडी नगरपालिका पंजिकरण शाखा*

## ३.१७. श्रोत नक्साः जनघन्त्व



# ४.परिच्छेद- ४: आर्थिक अवस्था

## ४.१. प्रमुख आर्थिक विवरण :

### ४.१.१. प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण

पुचौंडी नगरपालिकाको समग्र विकासका लागी प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको यकिन तथ्याङ्क राखेर उचित परिचालन गर्न जरुरी देखिन्छ । हाल यस गाउँपालिमा घरधुरी सर्वेक्षण गर्दा वडा अनुसारका मानव संसाधनको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.१.१.१ नगरपालिका क्षेत्र भित्र रहेको प्राविधिक जनशक्ति विवरण :**

| वडा नं | इञ्जिनियरिङ्ग | कृषि र पशु बिशेषज्ञ | मेडिसिन | वन | खाद्य प्रशोधन | पत्रकार | वकिल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४२ | ४१ | ५९ | | १२ | | | १५४ |
| २ | १०९ | २४४ | ८७ | ६ | | | ४ | ४५० |
| ३ | | ७ | | | | | | ७ |
| ४ | १९ | २३ | | | | | | ४२ |
| ५ | ५१ | १७ | ६२ | | | | २ | १३२ |
| ६ | ४० | २९३ | | ९ | | | | ३४२ |
| ७ | ८९ | ६ | १९ | | | | | ११४ |
| ८ | २० | ३१ | ४ | १५ | | | | ७० |
| ९ | ६ | | ७ | | | ४ | | १७ |
| १० | ११ | | | | ४ | | | १५ |
| **जम्मा** | **३८७** | **६६२** | **२३८** | **३०** | **१६** | **४** | **६** | **१३४३** |

### ४.१.२. मुख्य पेशा सम्बन्धी विवरण (उमेर १६ वर्ष भन्दा माथि)

पुचौंडी नगरपालिकामा बसोबास गर्ने १६ वर्ष भन्दा माथिका व्यक्तिहरू मध्ये २२११० जना कृषि तथा पशुपालनमा संलग्न रहेको पाइएको छ भने सोही उमेर समूहका २७४९ जनसङ्ख्या वैदेशिक रोजगारमा रहेको पाइएको छ । भने पेसागत आधारमा जनसङ्ख्याको विस्तृत विवरण निम्न बमोजिम रहेको छ।

**तालिका ४.१.२.१ पेशा सम्बन्धि विवरण :**

| वडा नं | १६ वर्ष माथिका जनसंख्या | कृषि/पशुपालन | वैदेशिक रोजगारी | ज्याला मजदुरि | व्यापार | सरकारी नोकरी | जागिर अन्य | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७४९ | १४४६ | १२३ | ५ | १२१ | ३५ | १७ | २ | १७३० |
| २ | २४९६ | २३०७ | ११७ | | १७ | ५५ | | | २४९६ |
| ३ | २७५६ | ९६७ | ९४७ | ४७५ | १७७ | ४३ | १४२ | ५ | २६०९ |
| ४ | २२६४ | २१९४ | | | ३७ | २० | १३ | | २२५१ |
| ५ | ४४९६ | २९७६ | १२१४ | | १०६ | १२४ | १४ | ६२ | ४४२० |
| ६ | ३५१९ | ३२४३ | १८९ | ५ | ३६ | ३२ | १० | ४ | ३५०५ |
| ७ | २६६२ | २३१८ | १४८ | १० | ८० | १०६ | | | २६६२ |
| ८ | २४७९ | २३७१ | | | २३ | ५८ | २७ | | २४५२ |
| ९ | १७२० | १२४५ | ८ | २५२ | ४४ | १४५ | ६ | २० | १६९४ |
| १० | ३०८८ | ३०४३ | ३ | ११ | | २५ | | ६ | ३०८२ |
| जम्मा | २७२२९ | २२११० | २७४९ | ७५८ | ६४१ | ६४३ | २२९ | ९९ | २६९०१ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.१.३. औसत आम्दानी विवरण

पुचौंडी नगरपालिकामा रहेका ६१९२ परिवार सङ्ख्या मध्ये ३१.४५ प्रतिशतको वार्षिक आम्दानी रु ५०००० भन्दा कम रहेको पाइएको छ र ५०००० देखि २ लाख आम्दानी हुनेको सङ्ख्या ५४.४९ प्रतिशत रहेको छ, भने २ लाख भन्दा बढी आम्दानी हुनेको प्रतिशत जम्मा १४.०५ रहेको देखिन्छ । यस नगरपालिकाको औसत वडागत आम्दानीको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ४.१.३.१ परिवारको औषत आम्दानी सम्बन्धि विवरण :**

| वडा | परिवार संख्या | | रु ५०००० सम्म | | रु ५०००० देखि १००००० सम्म | | रु १००००० देखि २००००० सम्म | | रु २००००० देखि ५००००० सम्म | | रु ५००००० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३७८ | ६.१% | १२१ | २.०% | ३२ | ०.५% | १०३ | १.७% | ४८ | ०.८% | ७४ | १.२% |
| २ | ५३२ | ८.६% | २९३ | ४.७% | १०५ | १.७% | ५२ | ०.८% | ४१ | ०.७% | ४१ | ०.७% |
| ३ | ८०७ | १३.०% | १०४ | १.७% | २०३ | ३.३% | ३८१ | ६.२% | ११७ | १.९% | २ | ०.०% |
| ४ | ५६२ | ९.१% | ८५ | १.४% | २२२ | ३.६% | १९४ | ३.१% | ५६ | ०.९% | ५ | ०.१% |
| ५ | ८५३ | १३.८% | २२५ | ३.६% | १७६ | २.८% | २७६ | ४.५% | १११ | १.८% | ६५ | १.०% |
| ६ | ८१० | १३.१% | ३०० | ४.८% | २७७ | ४.५% | १९५ | ३.१% | ३५ | ०.६% | ३ | ०.०% |
| ७ | ५७० | ९.२% | १४३ | २.३% | १४९ | २.४% | १४९ | २.४% | ९६ | १.६% | ३३ | ०.५% |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ५४२ | ८.८% | २६१ | ४.२% | ८३ | १.३% | १३७ | २.२% | ३३ | ०.५% | २८ | ०.५% |
| ९ | ४३३ | ७.०% | २३६ | ३.८% | १२५ | २.०% | ३८ | ०.६% | २२ | ०.४% | १० | ०.२% |
| १० | ७०५ | ११.४% | १७९ | २.९% | ३४० | ५.५% | १३६ | २.२% | ३५ | ०.६% | १५ | ०.२% |
| जम्मा | ६१९२ | १००% | १९४७ | ३१.४५% | १७१२ | २७.६६% | १६६१ | २६.८३% | ५९४ | ९.६०% | २७६ | ४.४६% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

***चित्र ५ जातियताका आधारमा जनसंख्या***




*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ४.१.४. औसत खर्च तथा बचत विवरण

**तालिका ४.१.४.१ : वडागत आम्दानी विवरण (रु हजारमा)**

| वडा नं | ब्यापार तथा उद्यमबाट बाट आय रु. | जागीरबाट आय रु. | कृषि बाट आय रु. | बैदेशिक रोजगारी (विप्रेषण) बाट आय रु. | भाडा (बहाल) बाट आय रु. | ज्याला मज्दुरी बाट आय | अन्यबाट आय रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९,४८८.९७ | ४३,०१०.६५ | १८०.६२ | ३९,८५६.५९ | १,०३८.१७ | ३,३५७.६३ | ६७४.५४ | ९७,६०७.१६ |
| २ | ३,९६२.०२ | ३९,१३८.०० | ४,०२०.०१ | ७०,८४१.०१ | ११२.०१ | ५,८४०.०१ | १४,८४०.०७ | १३८,७५३.१२ |
| ३ | ५,०७१.०३ | ११,६६५.०३ | ५,५८०.२२ | १३८,६५५.४३ | ५०.०१ | १३,३६०.०२ | ८,५१५.०२ | १८२,८९६.७४ |
| ४ | १,४३४.८८ | ५,८३०.०३ | १६४.०८ | १,५०५.०३ | ५७०.०० | २३७.५३ | ५७.१० | ९,७९८.६५ |
| ५ | १०,९४८.५२ | ३२,५१०.०२ | ४२२.०६ | ८८,५२९.०१ | ६१०.०२ | ३,३२५.०३ | ४,३७१.०२ | १४०,७१५.६९ |
| ६ | १,९४३.२१ | १४,१३२.८१ | २,०३३.८१ | ४९,१३५.०० | ५५.७१ | ३८,५२६.०६ | ९,६१६.६८ | ११५,४४३.२६ |
| ७ | ६,७११.०० | २२,२९४.०० | १,५०८.०२ | ५८,६०९.०० | ३४०.०२ | ८,०१४.०१ | ५,८७५.०१ | १०३,३५१.०५ |
| ८ | ६५४.५० | ३,३७०.५१ | ७६.०० | ५,८७५.४० | ३४.०० | १०८.६२ | ७.०० | १०,१२६.०३ |
| ९ | १,३६५.५६ | ६,८१५.४२ | ८.०० | ९,६८०.०२ | ८०.०० | ४,४२४.६० | ४७०.०१ | २२,८४३.६० |
| १० | १,९०६.०० | ९,३९९.५० | २९७.७० | १३,३६१.०० | – | ६,३०३.५० | ३,८६८.०० | ३५,१३५.७० |
|  | ४३,४८५.६८ | १८८,१६५.९६ | १४,२९०.५१ | ४७६,०४७.४८ | २,८८९.९३ | ८३,४९७.०० | ४८,२९४.४४ | ८५६,६७१.०० |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

माथिको तालिकाले वडागत रूपमा विभिन्न आयस्रोतहरूबाट प्राप्त भएको कुल आम्दानीको अवस्था देखाउँछ। समग्र रूपमा हेर्दा कुल आय रु. ८,५६,६७१ हजार रहेको छ। यसमध्ये सबैभन्दा ठूलो योगदान वैदेशिक रोजगारी (विप्रेषण) बाट आएको देखिन्छ, जसको कुल हिस्सा रु. ४,७६,०४७.४८ अर्थात् कुल आयको आधाभन्दा बढी रहेको छ। यसले स्थानीय अर्थतन्त्रमा वैदेशिक रोजगारीको अत्यधिक निर्भरता रहेको संकेत गर्दछ। त्यसपछि जागीरबाट प्राप्त आय रु. १,८८,१६५.९६ रहेको छ भने ज्याला मजदुरीबाट रु. ८३,४९७ आम्दानी भएको देखिन्छ। व्यापार तथा उद्यमबाट रु. ४३,४८५.६८ र अन्य स्रोतबाट रु. ४८,२९४.४४ आम्दानी भएको छ। कृषि क्षेत्रबाट प्राप्त आय भने केवल रु. १४,२९०.५१ मात्र रहेकोले कृषि आय न्यून रहेको स्पष्ट हुन्छ।

वडागत विश्लेषण गर्दा वडा नं. ३ मा सबैभन्दा बढी कुल आय रु. १,८२,८९६.७४ रहेको छ, जसमा वैदेशिक रोजगारीबाट आएको आय रु. १,३८,६५५.४३ प्रमुख रहेको छ। त्यसपछि वडा नं. ५ र वडा नं. २ क्रमशः रु. १,४०,७१५.६९ र रु. १,३८,७५३.१२ कुल आयसहित अगाडि रहेका छन्। वडा नं. ६ मा ज्याला मजदुरीबाट रु. ३८,५२६.०६ आम्दानी भएको देखिन्छ, जुन अन्य वडाको

तुलनामा उच्च छ। अर्कोतर्फ वडा नं. ४ र वडा नं. ८ मा कुल आय क्रमशः रु. ९,७९८.६५ र रु. १०,१२६.०३ मात्र रहेकोले ती वडाहरू आर्थिक दृष्टिले कमजोर रहेको अनुमान गर्न सकिन्छ।

तालिकाले स्थानीय स्तरमा रोजगारी तथा आयका स्रोतहरू सीमित रहेको र वैदेशिक रोजगारमुखी अर्थतन्त्र हावी रहेको देखाउँछ। कृषि तथा स्थानीय उद्यमबाट हुने आम्दानी अपेक्षाकृत कम भएकाले स्थानीय उत्पादन, उद्यमशीलता विकास, कृषि आधुनिकीकरण तथा रोजगारी सिर्जना कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। साथै, व्यापार तथा सेवा क्षेत्र विस्तार गरी आन्तरिक आयस्रोत सुदृढ गर्ने नीति आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

### ४.१.५. वडागत वार्षिक खर्च विवरण

यस नगरपालिकाको वडागत खर्च विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.१.५.१ : वडागत वार्षिक खर्च विवरण (रु हजारमा)**

| वडानं | खानामा | शिक्षामा | स्वास्थ्य | कर तथा सेवा शुल्क भुक्ता | मनोरञ्जन तथा भ्रमणमा खर्च | खर्च सामाजिक कार्यमा खर्च रु | ऋण भुक्तानी खर्च रु | अन्य खर्च रु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३,०८५ | २७,७९८ | १८,४३३ | ७५१ | १,४४९ | १,८४४ | ४,४०० | १६,१९९ | ९३,९५९ |
| २ | २६,५६७ | ३९,६०४ | २९,६१७ | २,२०७ | ८,८१३ | ३,००२ | १०९,२७० | ३९,४५२ | २५८,५३२ |
| ३ | ६९,९९७ | २३,५८८ | १४,६८६ | १३५ | १८८ | ३५ | ३,४९१ | १,१११ | ११३,२३१ |
| ४ | ४२,८१७ | २२,९५६ | १५,५०५ | ८४८ | २,३२२ | १,७७६ | ३,५५६ | ५८० | ९०,३६० |
| ५ | ४४,५९३ | ४०,४८६ | ४७,८६७ | १,०६२ | १,०९६ | १०,०५८ | १,९७३ | ५३,७२७ | २००,८६० |
| ६ | ५३,३२८ | ३१,३१० | २५,०९७ | २,८३१ | २,३८२ | २,८९२ | ७४,९१३ | १२,१५८ | २०४,९११ |
| ७ | ६२,०८० | ३२,०७७ | २१,७११ | ३६८ | ४,५४९ | ५,३४९ | १८,९६३ | ३,७०५ | १४८,८०२ |
| ८ | ६,४४६ | ५,६५४ | ६,३७६ | ३२८ | ९४२ | ५०० | १६,२९२ | २०० | ३६,७३७ |
| ९ | २४,३०३ | २१,६४७ | ११,९६२ | ६६१ | २,५७६ | १,१७१ | २०,७५२ | १,४९२ | ८४,५६३ |
| १० | ११,५१८ | ११,८२१ | ८,४९७ | ३२२ | १,५०० | ४,६४० | २९,०१३ | ७,९८५ | ७५,२९७ |
| **जम्मा** | **३६४,७३२** | **२५६,९४०** | **१९९,७५१** | **९,५१३** | **२५,८१७** | **३१,२६७** | **२८२,६२२** | **१३६,६०९** | **१,३०७,२५१** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.१.६. विपन्नता स्तरीकरण विवरण

पुचौंडी पालिकामा बसोबास गरिरहेका घर परिवारहरूको विपन्नता स्तरीकरणका आधारमा जनसङ्ख्या विवरण प्रस्तुत गरिएको छ । यहाँ विपन्नता स्तरीकरण गणना गर्दा आफ्नो उत्पादनले ३ महिना पनि खान नपुग्ने अति गरिब, आफ्नो उत्पादनले ३ देखि ६ महिना खान पुग्ने गरिब, आफ्नो उत्पादनले ७

देखि ९ महिना खान पुग्ने मध्यम र आफ्नो उत्पादनले ९ देखि १२ महिना वा खाद्यान्न विक्री गर्ने लाई सम्पन्नको सूचिमा वर्गीकरण गरिएको छ । तथ्याङ्क अनुसार अति गरिबको जनसङ्ख्या कुल जनसङ्ख्याको ४९ प्रतिशत र गरिबको जनसङ्ख्या ३५ प्रतिशत रहेको छ । यो तथ्याङ्क खाद्यान्न पर्याप्तताका आधारमा विपन्नता स्तरीकरण गरिएको हो ।

**तालिका ४.१.६.१ विपन्नता स्तरीकरण सम्बन्धि विवरण :**

| वडा नं | ३ महिना सम्म | ६ महिना सम्म | ९ महिना सम्म | १२ महिना सम्म | आफ्न जमिन नभएको | बढि भएर बेच्ने गरेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १८८ | १३६ | ३७ | १५ | २ | | ३७८ |
| २ | ४४० | ६१ | ५ | १६ | १० | | ५३२ |
| ३ | ७३७ | ४० | १ | | २९ | | ८०७ |
| ४ | २२६ | ३१३ | १४ | ८ | | १ | ५६२ |
| ५ | २७७ | २५० | २०९ | ११५ | १ | १ | ८५३ |
| ६ | २७३ | ४०० | १०८ | १९ | ९ | १ | ८१० |
| ७ | ११० | २०९ | ११८ | १२० | १३ | | ५७० |
| ८ | २०० | ३०६ | ११ | २० | ४ | १ | ५४२ |
| ९ | २७७ | ९७ | ३० | ५ | २४ | | ४३३ |
| १० | ३०५ | ३३५ | ४९ | १३ | ३ | | ७०५ |
| **जम्मा** | **३०३३** | **२१४७** | **५८२** | **३३१** | **९५** | ४ | **६१९२** |
| प्रतिसत | ४९% | ३५% | ९% | ५% | २% | ०% | |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

*चित्र ६ विपन्नता स्तरीकरणकज आधारमा घरधुरी संख्या*




*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

उपरोक्त तालिकाले घरपरिवारको खाद्य आत्मनिर्भरता तथा कृषि उत्पादनको अवस्थालाई वडा अनुसार देखाएको छ। कुल ६,१९२ घरधुरीमध्ये ३,०३३ घरधुरी (४९%) को खाद्यान्न उत्पादन केवल ३ महिनासम्म मात्र पुग्ने देखिन्छ, जसले अधिकांश परिवार अझै पनि न्यून खाद्य सुरक्षाको अवस्थामा रहेको संकेत गर्दछ। त्यसैगरी २,१४७ घरधुरी (३५%) को उत्पादन ६ महिनासम्म पुग्ने गरेको छ। यसबाट आधाभन्दा बढी परिवार वार्षिक खाद्य आवश्यकताको लागि बाह्य स्रोत, रोजगारी वा बजारमा निर्भर रहनुपर्ने अवस्था रहेको बुझिन्छ।

९ महिनासम्म खाद्यान्न पुग्ने घरधुरी ५८२ (९%) र १२ महिनासम्म पुग्ने घरधुरी ३३१ (५%) मात्र रहेका छन्, जसले पूर्ण खाद्य आत्मनिर्भर परिवारको संख्या निकै कम रहेको देखाउँछ। साथै ९५ घरधुरी (२%) सँग आफ्नै खेतीयोग्य जमिन नभएको तथ्यांकले भूमिहीनता पनि स्थानीय स्तरमा चुनौतीको रूपमा रहेको देखाउँछ। अत्यन्त न्यून मात्रामा अर्थात् ४ घरधुरीले मात्र खाद्यान्न उत्पादन बढी भएर बिक्री गर्ने गरेको उल्लेख छ, जसले व्यावसायिक कृषि उत्पादन तथा कृषि अधिशेषको अवस्था कमजोर रहेको संकेत गर्दछ।

वडागत रूपमा हेर्दा वडा नं. ३ मा ८०७ घरधुरीमध्ये ७३७ घरधुरीको खाद्यान्न ३ महिनासम्म मात्र पुग्ने अवस्था रहेको छ, जसले यस वडामा खाद्य असुरक्षाको समस्या बढी रहेको देखाउँछ। वडा नं. ५, ६ र ७ मा तुलनात्मक रूपमा ९ महिना वा १२ महिनासम्म खाद्यान्न पुग्ने परिवारको संख्या केही बढी देखिन्छ, जसले ती क्षेत्रमा कृषि उत्पादन क्षमता अपेक्षाकृत राम्रो रहेको संकेत गर्दछ। समग्रमा, तालिकाले अधिकांश परिवार अझै पनि निर्वाहमुखी कृषिमा निर्भर रहेको, कृषि उत्पादन कम रहेको तथा खाद्य सुरक्षा सुदृढीकरणका लागि उत्पादन वृद्धि, सिंचाइ, आधुनिक कृषि प्रविधि तथा आयआर्जन कार्यक्रम आवश्यक रहेको स्पष्ट पार्दछ।

### ४.१.७. खाद्यान्न सुरक्षाको अवस्था

यस नगरपालिकाको कुल ६१९२ परिवारको विश्लेषण गर्दा खाद्यान्न पर्याप्तताको आधारमा वर्गीकरण गर्दा ३ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने ४९ प्रतिशत घरधुरी, ४ देखी ६ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने ३५ प्रतिशत घरधुरी, ९ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने ९ प्रतिशत घरधुरी, र वर्षभरिलाई खाद्यान्न प्राप्त गर्ने ५ प्रतिशत घरधुरी, र आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने घरपरिवार 0.२ प्रतिशत र आफ्नो उत्पादन नभएको किनेर खाने २ प्रतिशत रहेको देखिएको छ । विपद्को समय हुनसक्ने खाद्य अभावलाई परिपूर्ति गर्ने गरी खाद्यान्नको सुरक्षा तथा भण्डारणको लागि संस्थागत रूपमा व्यवस्थापन नगरिएको अवस्था छ ।

**तालिका ४.१.७.१ खाद्यान्न सुरक्षा सम्बन्धि विवरण :**

| | | |
|---|---|---|
| ३ महिना सम्म खान पुग्ने परिवार | ३०३३ | ४९% |
| ६ महिना सम्म खान पुग्ने परिवार | २१४७ | ३५% |
| ९ महिना सम्म खान पुग्ने परिवार | ५८२ | ९% |
| १२ महिना सम्म खान पुग्ने परिवार | ३३१ | ५% |
| आफ्न जमिन नभएको | ९५ | २% |
| बढि भएर बेच्ने गरेको | ४ | ०% |
| जम्मा | ६१९२ | १००% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ४.१.८. आवास संरचना विवरण

नगरपालिकाको समग्र सामाजिक, आर्थिक अवस्था के कस्तो छ भनी हेर्न त्यहाँ अवस्थित घरको बनौट महत्त्वपूर्ण हुन्छ । घरको तल्लाको प्रकारको आधारमा विश्लेषण गर्दा अधिकांश घरधुरी ५४ प्रतिशत पक्की ढुङ्गाले बनेको घर, ४६ प्रतिशत कच्ची घर रहेका छन्। आवास संरचनाका आधारमा यस नगरपालिकाको विस्तृत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ४.१.८.१ घरको संरचना अनुसारको विवरण :**

| वडा नं | पक्की ढुंगाले बनेको घर | कच्चि | काठको | आफ्नो घर नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०७ | २६९ | १ | १ | ३७८ |
| २ | ५२८ | ४ | | | ५३२ |
| ३ | ११२ | ६९५ | | | ८०७ |
| ४ | ४४६ | ११५ | १ | | ५६२ |
| ५ | १९४ | ६५८ | १ | | ८५३ |
| ६ | ३९३ | ४१६ | | १ | ८१० |
| ७ | ५६९ | १ | | | ५७० |
| ८ | ७८ | ४६३ | १ | | ५४२ |
| ९ | ४०३ | ३० | | | ४३३ |
| १० | ५२२ | १८२ | १ | | ७०५ |
| **जम्मा** | **३३५२** | **२८३३** | **५** | **२** | **६१९२** |
| **प्रतिसत** | **५४%** | **४६%** | **०%** | **०%** | **१००%** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

घरको तल्लाको प्रकारको आधारमा विश्लेषण गर्दा अधिकांश घरधुरी १६ प्रतिशत भुईं तल्ला, ४२ प्रतिशत एक तल्लाको घर छन् भने दुई तल्ला ३७ प्रतिशत र ३.९ प्रतिशत ३ तले घर रहेका छन् आवास संरचनाका तालाको यस नगरपालिकाको विस्तृत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ४.१.८.२ घरको संरचना ताला अनुसारको विवरण :**

| वडा नं | भुई तला | एक तला | दुई तला | तिन तला | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८१ | १९६ | ९१ | १० | ३७८ |
| २ | २७ | ४१० | ९४ | | ५३२ |
| ३ | १७ | ३६१ | ४२५ | २ | ८०५ |
| ४ | १ | ४० | ५११ | १० | ५६२ |
| ५ | २६६ | ४६० | १२२ | ५ | ८५३ |
| ६ | ३३ | ४९७ | २५५ | २५ | ८१० |
| ७ | १२ | ३२३ | २३२ | ३ | ५७० |
| ८ | ४७९ | ४७ | १४ | २ | ५४२ |
| ९ | ८ | ३५ | २९० | १२९ | ४६२ |
| १० | १०२ | २७२ | २७५ | ५६ | ७०५ |
| **जम्मा** | **१०२६** | **२६४१** | **२३०९** | **२४२** | **६२१९** |
| **प्रतिसत** | **१६.५%** | **४२.५%** | **३७.१%** | **३.९%** | **१००.०%** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

### ४.१.९. गरिबीको दर (गरिबीको रेखामुनी रहेको जनसंख्या)

वार्षिक आम्दानी एक लाख भन्दा कम भएको तथा आफ्नै उब्जनीबाट ६ महिना भन्दा कम खान पुग्ने परिवारलाई गरिबीको रेखा मुनी भएको परिवारलाई आधार मान्दा यस नगरपालिकाको गरिबीको दर ५९.६ प्रतिशत देखिएको छ । सबै भन्दा बढी गरिबी दर वार्ड ६ मा र सबै भन्दा कम वार्ड ११ मा रहेको देखिन्छ । गरिबीको दर (गरिबीको रेखामुनि रहेको जनसङ्ख्या) आधारमा वडागत विवरण निम्न अनुसार रहेको पाइन्छ ।

**तालिका ४.१.९.१ गरिबिको दरको आधारमा घरधरी विवरण :**

| वार्ड नं | जम्मा घरधुरी | गरिविको रेखामुनि रहेका घरधुरी | प्रतिसत |
|---|---|---|---|
| १ | ३७८ | ३२४ | ८५.७% |
| २ | ५३२ | ५०१ | ९४.२% |
| ३ | ८०५ | ७७७ | ९६.५% |

| | | | |
|---|---|---|---|
| ४ | ५६२ | ५३९ | ९५.९% |
| ५ | ८५३ | ५२७ | ६१.८% |
| ६ | ८१० | ६७३ | ८३.१% |
| ७ | ५७० | ३१९ | ५६.०% |
| ८ | ५४२ | ५०६ | ९३.४% |
| ९ | ४६२ | ३७४ | ८१.०% |
| १० | ७०५ | ६४० | ९०.८% |
| **जम्मा** | **६२१९** | **५१८०** | **८३.३%** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

### ४.१.१०. आयात र निर्यातको अवस्था

पुचौंडी नगरपालिकाको आयात र निर्यातको अवस्था विश्लेषण गर्दा निर्यात भन्द ८५ प्रतिशत भन्दा बढी आयात देखिन्छ जसले गर्दा समृद्धिको सपना सकार हुन आयात भन्दा निर्यात बढाउन कृषि, पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने देखिन्छ । यस नगरपालिकाको आयात निर्यातको अवस्था निम्न अनुसार रहेको पाइन्छ।

### ४.१.११.औद्योगिक कच्चा पर्दाथ उत्पादनको अवस्था (काठ, खोटा, जडिबुटी)

पुचौंडी नगरपालिका क्षेत्रमा औद्योगिक कच्चा पदार्थको रूपमा विशेष गरी काठ दाउरा र ढुङ्गा, गिटी, बालुवालाई लिन सकिन्छ । जसको उच्चतम उपयोग गर्न सकिएमा यस नगरपालिकाको आर्थिक समृद्धिमा निकै ठुलो टेवा पुग्न जाने देखिन्छ । औद्योगिक कच्चा पदार्थ र उत्पादनको अवस्थालाई विस्तृत रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

यस पालिका भित्र पाइने वनस्पति तथा जैविक विविधता अत्यन्तै समृद्ध र महत्वपूर्ण रहेको छ। वन क्षेत्रमा विभिन्न प्रकारका बहुमूल्य जडिबुटी तथा औषधीय वनस्पतिहरू पाइने गरेका छन्। यहाँ पाइने प्रमुख जडिबुटीहरूमा भिनादी, सिमसड, बोजो, सिमलजडी, सिरफोडे, टिमुर, लेकतितो, हत्ताजडी, तितेपाती, उन्यु, दाल्चिनी पात, घिउ थकाइला, गुराँसेगानो, थकायइलो, रसमला, अमला, तेजपत्ता, घिउकुमारी, सतुवा, सिलाजित, गागानो, चिराइतो, हालचित, सिमजरा, अलैंची लगायतका महत्वपूर्ण वनस्पतिहरू रहेका छन्। यी जडिबुटीहरू स्थानीय समुदायको परम्परागत उपचार प्रणाली, आयआर्जन तथा जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण स्रोतका रूपमा रहेका छन्। विशेषगरी टिमुर, चिराइतो, सतुवा, अलैंची तथा तेजपत्ताजस्ता वनस्पतिहरू औषधीय तथा व्यावसायिक दृष्टिले उच्च महत्वका मानिन्छन्।

त्यसैगरी, यस क्षेत्रको वन्यजन्तु विविधता पनि उल्लेखनीय रहेको छ। यहाँ काकड, घोरल, रतुवा, मृग, बँदेल (सुंगुर), स्याल, बादर, दुम्सी, रातो पाण्डा लगायतका विभिन्न स्तनधारी जनावरहरू पाइन्छन्। साथै बाघजस्ता दुर्लभ तथा संरक्षण आवश्यक वन्यजन्तुहरू पनि यस क्षेत्रमा देखिने गरेका छन्। चराचुरुङ्गीहरूमा ढुकुर, कालीज, कोइली, न्याउली आदि प्रजातिहरू पाइने भएकाले यस क्षेत्रको

पारिस्थितिकीय महत्व अझ बढी रहेको छ। वन क्षेत्रमा पाइने यी वन्यजन्तु तथा चराचुरुङ्गीहरूले प्राकृतिक सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। जैविक विविधताको संरक्षण, वन्यजन्तुको प्राकृतिक बासस्थानको सुरक्षा तथा दिगो वन व्यवस्थापनमार्फत यस क्षेत्रको पर्यावरणीय महत्वलाई दीर्घकालीन रूपमा संरक्षण गर्न आवश्यक देखिन्छ।

### ४.१.१२. बेरोजगार सम्बन्धी विवरण (उमेर १८ वर्ष भन्दा माथि)

पुचौंडी नगरपालिकाको ३९४४८ जनसङ्ख्या मध्ये १३२९० जना १८ वर्ष भन्दा माथिका व्यक्तिहरू बेरोजगार रहेको तथ्याङ्कले देखाएको छ। जसमा ६६३६ जना पुरुष र ६६५४ जना महिलाहरू रहेका छन् । वडागत आधारमा बेरोजगार जनसङ्ख्याको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ४.१.१२.१ बेरोजगारहरूको विवरण :**

| १८ बर्ष माथिका बेरोजगार | | | |
|---|---|---|---|
| वार्ड नं | महिला | पुरुष | जम्मा |
| १ | ३३४ | २९२ | ६२६ |
| २ | ८०६ | ८६७ | १६७३ |
| ३ | ६३ | ६९ | १३२ |
| ४ | ७५१ | ७९० | १५४१ |
| ५ | ६८९ | ६७५ | १३६४ |
| ६ | ११८० | ११७७ | २३५७ |
| ७ | ९३८ | ९१३ | १८५१ |
| ८ | ९१० | ८४६ | १७५६ |
| ९ | ७१६ | ७६० | १४७६ |
| १० | ६८२ | ६९३ | १३७५ |
| जम्मा | ७०६९ | ७०८२ | १४१५१ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.१.१३.पालिकामा सुचकृत भएकज बेरोजगारीमा गएकाको विवरण

**यस नगरपालिकामा सुचिकृत भएका बेरोजगार ब्यक्तीको विवरण यस प्रकार रहेको छ ।**

| क्र सं | आर्थिक वर्ष | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | २०८२/०८३ | २६२२ | १६२४ | ४२४६ |
| २ | २०८१/०८२ | २९६८ | १९३२ | ४९०० |
| ३ | २०८०/०८१ | ३६३९ | २५८० | ६२१९ |
| ४ | २०७९/०८० | २८४२ | २६३७ | ५४७९ |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७८/०७९ | २२८४ | २३८९ | **४६७३** |

*श्रोत : रोजगार शाखा पुचौंडी नगरपालिका २०८३*

माथिको तथ्यांक अनुसार पुचौंडी नगरपालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरूको संख्या आर्थिक वर्ष २०७८/०७९ मा ४,६७३ रहेकोमा २०७९/०८० मा बढेर ५,४७९ पुगेको देखिन्छ। त्यसपछि २०८०/०८१ मा यो संख्या ६,२१९ पुगेर अध्ययन अवधिको सबैभन्दा उच्च बिन्दुमा पुगेको थियो। तर पछिल्ला दुई आर्थिक वर्षहरूमा बेरोजगार व्यक्तिको संख्या क्रमशः घट्दै गएको देखिन्छ। २०८१/०८२ मा कुल ४,९०० जना र २०८२/०८३ मा ४,२४६ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। यसले पछिल्ला वर्षहरूमा रोजगारका अवसरहरू विस्तार हुँदै गएको वा वैदेशिक तथा आन्तरिक रोजगारीमा संलग्नता बढेको संकेत गर्न सक्छ।

लैङ्गिक आधारमा हेर्दा अधिकांश वर्षहरूमा महिला बेरोजगारहरूको संख्या पुरुषको तुलनामा बढी रहेको छ। विशेषगरी २०८०/०८१ मा ३,६३९ महिला र २,५८० पुरुष बेरोजगार सूचीकृत भएका थिए। पछिल्ला वर्षहरूमा पनि महिला बेरोजगारहरूको संख्या उच्च नै रहेको छ; २०८२/०८३ मा २,६२२ महिला र १,६२४ पुरुष बेरोजगार सूचीकृत भएका छन्। यस तथ्यले नगरपालिकामा महिलाहरूको श्रम बजारमा पहुँच, सीप विकास, उद्यमशीलता तथा आयमूलक अवसरहरूको अभाव अझै चुनौतीका रूपमा रहेको देखाउँछ। त्यसैले महिला लक्षित रोजगार, स्वरोजगार तथा सीपमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ।

समग्र रूपमा, बेरोजगार व्यक्तिहरूको संख्या पछिल्ला वर्षहरूमा घट्दो क्रममा रहे पनि नगरपालिकामा अझै पनि उल्लेख्य संख्यामा बेरोजगार जनशक्ति रहेको देखिन्छ। यसलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न कृषि, पशुपालन, पर्यटन, साना तथा घरेलु उद्योग, उद्यमशीलता विकास तथा सीपमूलक तालिमका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक छ।

### ४.१.१४. **वैदेशिक रोजगारीमा गएकाको विवरण**

पुचौंडी नगरपालिकाबाट विभिन्न देशहरूमा रोजगारीको लागी जानेहरूको सङ्ख्या उल्लेख्य मात्रामा रहेको देखिन्छ । २०८३ सालको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाबाट वैदेशिक रोजगारीका लागि विभिन्न देशहरूमा जाने जनशक्तिको वितरण हेर्दा कुल ६१०१ जना वैदेशिक रोजगारमा गएको देखिन्छ, जसमा १४२४ जना महिला र ४६७७ जना पुरुष रहेका छन्। देशगत रूपमा सबैभन्दा धेरै श्रमिक भारत गएको देखिन्छ, जहाँ कुल ४६६१ जना (११७१ महिला र ३४९० पुरुष) रोजगारीमा रहेका छन्। त्यसपछि खाडीमुलुक ८१६ जना (८७ महिला र ७२९ पुरुष) वैदेशिक रोजगारीमा गएका छन्, जुन प्रमुख गन्तव्य देशहरूका रूपमा देखिन्छन्।

त्यसैगरी, जापानमा २४० जना (१११ महिला र १२९ पुरुष) तथा अमेरिकामा ४४ जना (१६ महिला र २८ पुरुष) वैदेशिक रोजगारीमा गएको तथ्यांकले अपेक्षाकृत कम तर स्थिर गन्तव्यको संकेत गर्दछ।

अन्य मुलुकहरूमा २५५ जना (२३ महिला र २३२ पुरुष) रोजगारीमा रहेका छन्। समग्रमा, पुरुषहरूको सहभागिता महिलाभन्दा उल्लेखनीय रूपमा बढी देखिए पनि भारत र जापान जस्ता देशहरूमा महिलाको सहभागिता तुलनात्मक रूपमा उच्च रहेको छ। यस तथ्यांकले पुचौंडी नगरपालिकामा वैदेशिक रोजगार मुख्य आय स्रोतको रूपमा स्थापित भएको र खाडी मुलुक तथा कोरिया प्रमुख आकर्षक गन्तव्य भएको स्पष्ट देखाउँछ।

रोजगारीमा गएका कामदारहरूको सङ्ख्या तालिका नं ४.१.१२.१ मा प्रस्तुत गरिएको छ यसै गरी नगरपालिका भित्र भित्रने विदेशी आम्दानी (रेमिटेन्स) को अनुमानित तथ्याङ्क तालिका नं ४.१.१२.२ मा रहेको छ ।

**तालिका ४.१.१४.१ बैदेशिक रोजगारीमा रहेकाहरूको विवरण**

| देश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भारत | ११७१ | ३४९० | ४६६१ |
| जापान | १११ | १२९ | २४० |
| अमेरिका | १६ | २८ | ४४ |
| कोरिया | १६ | ६९ | ८५ |
| खाडी मुलुख | ८७ | ७२९ | ८१६ |
| अन्य मुलुक | २३ | २३२ | २५५ |
| जम्मा | १४२४ | ४६७७ | ६१०१ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

***चित्र ७ बैदेशिक रोजगारीमा रहेकाहरूको विवरण***



तालिका ४.१.१४.२ बैदेशिक रोजगारीमा प्राप्त रेमिटान्स विवरण

| वार्ड नं | बैदेशिक रोजगार बाट प्राप्त विप्रेषण (रेमिटान्स) |
|---|---|
| १ | ३२,२००.०० |
| २ | १२२,९७८.०० |
| ३ | ५५,१३०.०० |
| ४ | ४,२३०.०० |
| ५ | ८१,७८०.०० |
| ६ | ५४,०१०.०० |
| ७ | ८२,१७०.०० |
| ८ | १६,४९०.०० |
| ९ | २,४८०.०० |
| १० | २१,८३०.०० |
| जम्मा | ४७३,२९८.०० |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

उपलब्ध तथ्याङ्क अनुसार पुचौंडी नगरपालिकामा वैदेशिक रोजगारबाट प्राप्त कुल विप्रेषण (रेमिटान्स) रु. ४७३,२९८ हजार (करिब रु. ४७ करोड ३२ लाख ९८ हजार) रहेको देखिन्छ। यसले नगरपालिकाको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्वपूर्ण योगदान रहेको संकेत गर्दछ। प्राप्त रेमिटान्सले स्थानीय परिवारहरूको आयस्तर वृद्धि, शिक्षा, स्वास्थ्य, आवास सुधार तथा दैनिक उपभोगका आवश्यकताहरू पूर्ति गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

वडागत रूपमा हेर्दा वडा नं. २ मा सबैभन्दा बढी रु. १२२,९७८ हजार (२५.९८ प्रतिशत) रेमिटान्स प्राप्त भएको छ, जुन कुल रेमिटान्सको करिब एक चौथाइभन्दा बढी हिस्सा हो। त्यसैगरी वडा नं. ७ मा रु. ८२,१७० हजार (१७.३६ प्रतिशत), वडा नं. ५ मा रु. ८१,७८० हजार (१७.२८ प्रतिशत), वडा नं. ३ मा रु. ५५,१३० हजार (११.६५ प्रतिशत) र वडा नं. ६ मा रु. ५४,०१० हजार (११.४१ प्रतिशत) रेमिटान्स प्राप्त भएको देखिन्छ। यी वडाहरूमा वैदेशिक रोजगारीमा संलग्न जनसंख्या तुलनात्मक रूपमा बढी रहेको अनुमान गर्न सकिन्छ।

अर्कोतर्फ वडा नं. ९ मा सबैभन्दा कम रु. २,४८० हजार (०.५२ प्रतिशत) र वडा नं. ४ मा रु. ४,२३० हजार (०.८९ प्रतिशत) मात्र रेमिटान्स प्राप्त भएको देखिन्छ। वडा नं. ८ मा रु. १६,४९० हजार (३.४८ प्रतिशत), वडा नं. १० मा रु. २१,८३० हजार (४.६१ प्रतिशत) र वडा नं. १ मा रु. ३२,२०० हजार (६.८० प्रतिशत) रेमिटान्स प्राप्त भएको छ। यसले विभिन्न वडाहरूबीच वैदेशिक रोजगारमा संलग्नता तथा रेमिटान्स प्राप्तिको स्तरमा उल्लेखनीय भिन्नता रहेको देखाउँछ।

समग्रमा, पुचौंडी नगरपालिकाको स्थानीय अर्थतन्त्रमा रेमिटान्स प्रमुख आयस्रोतका रूपमा रहेको देखिन्छ। त्यसैले रेमिटान्सबाट प्राप्त पूँजीलाई उत्पादनमूलक क्षेत्र, कृषि आधुनिकीकरण, साना तथा

मझौला उद्यम विकास र रोजगारी सिर्जनामुखी गतिविधिमा लगानी गर्न सकेमा नगरपालिकाको दीर्घकालीन आर्थिक विकासमा थप सकारात्मक योगदान पुग्न सक्ने देखिन्छ।

### ४.१.१५. खेतियोग्य जमिन नभएकाको विवरण

यस पालिकाको घरधुरी सर्वेक्षण गर्दा २३८० परिवार सँग खेती योग्य जमिन नभएको पाइयो जसको विवरण यस प्रकार छ ।

**तालिका ४.१.१५.१ खेती योग्य जमिन नभएका परिवारको विवरण**

| वार्ड न् | जम्मा घरधुरी | खेति योग्य जमिन न भएका परिवार | खेति योग्य जमिन नभएका परिवार |
|---|---|---|---|
| १ | ३७८ | १७० | २०८ |
| २ | ५३० | ४८३ | ४७ |
| ३ | ८०७ | १७ | ७९० |
| ४ | ५६२ | ४४९ | ११३ |
| ५ | ८५३ | ४६० | ३९३ |
| ६ | ८१० | ५१३ | २९७ |
| ७ | ५७० | ५४३ | २७ |
| ८ | ५४२ | ४२३ | ११९ |
| ९ | ४६२ | ३४८ | ११४ |
| १० | ७०५ | ४३३ | २७२ |
| | ६२१९ | ३८३९ | २३८० |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

## ४.२. भू—उपयोग तथा स्वामित्व

### ४.२.१. वर्तमान भू—उपयोग

बैतडी जिल्लाको जम्मा क्षेत्रफल मध्ये ठुलो भूगोल १९८.५४ वर्ग किमि क्षेत्रफल ओगटेको पुचौंडी नगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरूको पेसा कृषि र पशुपालन हो । पुचौंडी नगरपालिकाको कुल क्षेत्रफलको ३० प्रतिशत जमिन खेती योग्य रहेको छ, भने ६८ प्रतिशत भू—भाग वन तथा चरण क्षेत्रले ओगटेको देखिन्छ, त्यसै गरी १ प्रतिशत क्षेत्रफल नदी नाला, रहेको छ।

### ४.२.२. भू—स्वामित्व

यस नगरपालिकाको भू—स्वामित्वको तथ्याङ्क हेर्दा, ३० प्रतिशत क्षेत्रफल योग्य जमिन रहेको देखिएको छ ।

तालिका ४.२.२.१ भुउपयोगको अवस्था

| भू—उपयोग प्रकार | अनुमानित प्रतिशत (%) | अनुमानित क्षेत्रफल (यदि कुल २०० वर्ग किमी मानिएको छ भने) |
|---|---|---|
| वन भूमि | ४८% | ९५.३० |
| खेती गरिएको जमिन | ३०% | ५९.५६ |
| घाँस भूमि (चरन) | ७% | १३.९० |
| झाडी / बुट्यान जग्गा | ५% | ९.९३ |
| बालुवा र बजरी (नदी तटीय) | २% | ३.९८ |
| बाँझो भूमि | ४% | ७.९४ |
| नदी / खोला तटबन्ध / चट्टान पोखरी / ताल | ४% | ७.९४ |
| **कुल** | **१००%** | **१९८.५४** |

*श्रोत: पुर्चौंडी नगरपालिका गुरू योजना २०८१*

## ४.३. जग्गाको किसिम

### ४.३.१. खेतीयोग्य जमिन सम्बन्धी विवरण

घरधुरी सर्भेषण अनुसार पुर्चौंडी नगरपालिकामा परिवारको नाममा रहेको कुल कृषियोग्य जग्गा ३७,१९५ रोपनी र कुल घरेडी (आवासीय प्रयोजनका लागि प्रयोग हुने जग्गा) १२,४७१ रोपनी रहेको देखिन्छ। यसबाट नगरपालिकामा अधिकांश भूमि कृषि तथा उत्पादनमुखी प्रयोजनमा प्रयोग भएको र तुलनात्मक रूपमा कम भूमि आवासीय प्रयोजनका लागि प्रयोग भएको बुझिन्छ।

वडागत रूपमा हेर्दा वडा नं. ३ मा सबैभन्दा बढी ६,८०७ रोपनी कृषियोग्य जग्गा रहेको छ भने वडा नं. ४ मा ६,५६४ रोपनी, वडा नं. ६ मा ५,१७२ रोपनी र वडा नं. १० मा ४,५२६ रोपनी जग्गा रहेको छ। यसले यी वडाहरूमा कृषि गतिविधिको सम्भावना तथा भूमि उपलब्धता अपेक्षाकृत बढी रहेको संकेत गर्दछ। त्यसैगरी वडा नं. २, ७, ८, ९ र १ मा कृषियोग्य जग्गाको परिमाण मध्यम स्तरमा रहेको देखिन्छ।

घरेडीतर्फ हेर्दा वडा नं. ५ मा सबैभन्दा बढी ३,६४८ रोपनी घरेडी रहेको छ, जसले यस वडामा बस्ती विकास तथा आवासीय विस्तार तुलनात्मक रूपमा बढी भएको देखाउँछ। वडा नं. ८ मा २,८६५ रोपनी र वडा नं. ९ मा १,२५२ रोपनी घरेडी रहेको छ। विपरीत रूपमा वडा नं. १० मा केवल १९९ रोपनी घरेडी मात्र रहेको देखिन्छ, जसले उक्त वडामा बस्तीको घनत्व कम रहेको वा अधिकांश भूमि कृषि तथा अन्य प्रयोजनमा प्रयोग भएको हुन सक्ने संकेत गर्दछ।

समग्रमा, पुचौंडी नगरपालिकामा कृषि प्रयोजनका लागि प्रयोग हुने भूमि आवासीय जग्गाभन्दा करिब तीन गुणा बढी रहेको देखिन्छ। यस तथ्यले नगरपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको तथा भविष्यमा कृषि आधुनिकीकरण, व्यावसायिक खेती, सिँचाइ विस्तार तथा भूमि व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गर्न पर्याप्त सम्भावना रहेको स्पष्ट पार्दछ। साथै, घरेडीको वितरणले विभिन्न वडाहरूमा बस्ती विकासको अवस्था र जनसङ्ख्या बसोबासको प्रवृत्तिलाई समेत प्रतिबिम्बित गरेको छ।

**तालिका ४.३.१.१ खेती योग्य जमिनको आधारमा परिवारहरूको विवरण**

| वार्ड नं | परिवारको नाममा रहेको जग्गाः (रोपनी.) | परिवारको नाममा रहेको घरेडी (रोपनी.) |
|---|---|---|
| १ | १२११ | ८६१ |
| २ | २२६३ | ५१८ |
| ३ | ६८०७ | ६५९ |
| ४ | ६५६४ | ७९१ |
| ५ | ३९३० | ३६४८ |
| ६ | ५१७२ | १००८ |
| ७ | २९१४ | ६७० |
| ८ | २५४१ | २८६५ |
| ९ | १२६७ | १२५२ |
| १० | ४५२६ | १९९ |
| **जम्मा** | **३७१९५** | **१२४७१** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.३.२. बाँझो जमिन सम्बन्धी विवरण

यस नगरपालिकामा प्राय सबैजसो जमिनमा खेती गरिएको पाइएको छ भने नगरपालिकामा बाँझो जमिन एकिनतथ्यांक प्राप्त गर्न सकिएन ।

### ४.३.३. स्रोत नक्सा


N
LANDUSE MAP OF
PURCHAUDI MUNICIPALITY,BAITADI
Legend
Ward Boundary
Ward Boundary
Builtup
Cultivation
Cutting, Cliffs
Environmentally Sensitive Area
Forest
Grass Land
Water Bodies
Ward 1
Ward 2
Ward 3
Ward 5
Ward 6
Ward 8
Ward 10
Project:
Client:
Consultant:

## ४.४. कृषि तथा पशु बिकास

### ४.४.१. सिँचाई सुविधाको उपलब्धता र स्रोत सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा धेरै जसो घरपरिवारले सिँचाइका लागि खोला र कुलो नहर र पोखरी प्रयोग गरिरहेको देखिएको छ । यस पालिका भित्र सिचाई सुविधा पुगेका घरधुरीको सङ्ख्या १०४५ रहेको छ जुन कुल घरधुरी सङ्ख्याको १७ प्रतिशत रहेको छ ।

**तालिका ४.४.१.१ सिचाई सुबिधा उपलब्ध घरधुरी विवरण**

| वार्ड नं | उपलब्ध घरधुरी | उपलब्ध नभएका घरधुरी | केहिमा पुगेको छ | जम्मा |
|---|---|---|---|---|
| १ | १४२ | २२४ | १२ | ३७८ |
| २ | ४६ | ३५० | १३६ | ५३२ |
| ३ | १ | ८०३ | ३ | ८०७ |
| ४ | ४३ | ५११ | ८ | ५६२ |
| ५ | ४६० | २६३ | १३० | ८५३ |
| ६ | १३३ | ३७७ | ३०० | ८१० |
| ७ | २७ | ५४२ | १ | ५७० |
| ८ | ७६ | ४६३ | ३ | ५४२ |
| ९ | १८ | १९७ | २१८ | ४३३ |
| १० | ९९ | ३४९ | २५७ | ७०५ |
| जम्मा | १०४५ | ४०७९ | १०६८ | ६१९२ |
| **प्रतिसत** | **१७%** | **६६%** | **१७%** | **१००%** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.४.२. सिंचाई सुविधाको उपलब्धता र स्रोत सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा धेरै जसो घरपरिवारले सिँचाइका लागि कुलो नहर पोखरी प्रयोग गरिरहेको देखिएको छ । निम्न बमोजिमका क्षेत्रहरूबाट यस नगरपालिकामा सिँचाइ सुविधा प्राप्त भइरहेको र सिँचाइ सुविधा उपलब्ध हुनसक्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको देखिन्छ ।

**तालिका ४.४.२.१ नगरपालिकामा उपलब्ध सिँचाईको विवरण**

| वार्ड नं | कुलो | नहर | पोखरी /प्लाष्टिक पोखरी | सिचाई सुविधा नपुगेको | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३२ | १०८ | २३ | १३३ | २९६ |
| २ | १२२ | ५९ | १ | ३५० | ५३२ |
| ३ | २ | ४ | २ | ७९९ | ८०७ |
| ४ | २३२ | ४१ | १ | २८८ | ५६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ४०० | ५३ | १५ | १४२ | ६१० |
| ६ | २२७ | ३३ | ९ | ५४१ | ८१० |
| ७ | ३७ | १० | ४ | ५१९ | ५७० |
| ८ | ५६ | १२२ | २ | ३६२ | ५४२ |
| ९ | २४८ | २ | | २१२ | ४६२ |
| १० | १०२ | २९ | २९ | १४१ | ३०१ |
| जम्मा | १४५८ | ४६१ | ८६ | ३४८७ | ५४९२ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

घरधुरी सर्वेक्षण अनुसार यस पालिकामा सिंचाइ सुविधाको अवस्था मिश्रित देखिन्छ। नगरपालिकाका १० वटै वडाका १,४५८ घरधुरीले कुलो, ४६१ घरधुरी नहर तथा ८६ घरधुरीले पोखरी/प्लाष्टिक पोखरीमार्फत सिंचाइ सुविधा प्राप्त गरेका छन् । तर अझै पनि ३,४८७ घरधुरीमा कुनै पनि प्रकारको सिंचाइ सुविधा नपुगेको अवस्था रहेको देखिन्छ, जुन कुल क्षेत्रफलको सबैभन्दा ठूलो हिस्सा हो।

वडा नं. ५ मा सबैभन्दा बढी ४०० क्षे घरधुरीमा कुलोमार्फत सिंचाइ सुविधा पुगेको छ भने वडा नं. ८ मा १२२ घरधुरीमा नहर सुविधा रहेको देखिन्छ। पोखरी तथा प्लाष्टिक पोखरीको प्रयोग वडा नं. १० मा सबैभन्दा बढी २९ घरधुरीमा भएको छ। अर्कोतर्फ, वडा नं. ३ मा ७९९ घरधुरीमा सिंचाइ सुविधा नपुगेको देखिएकाले उक्त वडा सबैभन्दा बढी समस्या प्रभावित क्षेत्रका रूपमा देखिन्छ। त्यसैगरी वडा नं. ६ र ७ मा पनि क्रमशः ५४१ र ५१९ क्षेत्रमा घरधुरीमा अभाव रहेको छ।

समग्रमा, नगरपालिकामा परम्परागत कुलो प्रणाली प्रमुख सिंचाइ स्रोतका रूपमा प्रयोग भइरहेको देखिन्छ। नहर तथा पोखरी प्रणालीको प्रयोग तुलनात्मक रूपमा कम रहेको छ। तथ्यांकले सिंचाइ पूर्वाधारको विस्तार, जलस्रोत व्यवस्थापन तथा आधुनिक सिंचाइ प्रणाली विकासको आवश्यकता स्पष्ट रूपमा देखाएको छ, विशेष गरी सिंचाइ सुविधा नपुगेका वडा तथा क्षेत्रहरूमा प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ।

### ४.४.३. कृषि उत्पादन सम्बन्धी विवरण

यस नगरपालिकाको कृषि उत्पादनको क्षेत्रमा मुख्य बालीको रूपमा धान प्रति वर्ष १४५९.५ मे.टन, गहुँ प्रति वर्ष २१३८.१ मे.टन, मकै प्रति वर्ष २३९६ मे.टन, कोदो ११४४ मे.ट. दलहन ३१६. मे.टन, आलु १६३ मे.टन, तेलहन २३ मे.टन., तरकारी १६५७ मे.टन.उत्पादन फलफूल र उखु ६२० मे.टन, भएको पाइन्छ भने मसला बाली ७९ मे.टन, उत्पादन भएको पाइन्छ । वडागत रूपमा कृषि उत्पादन सम्बन्धी विवरण (वडागत मे.टनका आधारमा) तलको तालिकाबाट विस्तृतीकरण गरिएको छ।

**तालिका ४.४.३.१ कृषि उत्पादन सम्बन्धि विवरण ( अन्न तथा नगदे बालि)**

| वार्ड नं | वार्षिक उत्पादन धान (क्विन्टल) | वार्षिक उत्पादन गहु (क्विन्टल) | वार्षिक उत्पादन मकै (क्विन्टल) | वार्षिक उत्पादन कोदो (क्विन्टल) | अन्य अन्नबालि (क्विन्टल) |
|---|---|---|---|---|---|
| १ | १२६१ | ६६२ | ८६४ | ७२२ | १६६ |
| २ | १७५३ | १७४९ | २५२२ | ६२ | ५१८ |
| ३ | २९८९ | ४१३९ | ४४०४ | १४८ | १०५ |
| ४ | १४७६ | १५४३ | १४३३ | ७४ | १३१ |
| ५ | २०४५ | २०४८ | १९६७ | १५५७ | ९२१ |
| ६ | ६४९ | २४०६ | २६०२ | ४३९ | १८६ |
| ७ | ७१८ | १३९३ | १३१३ | १९ | ४०४ |
| ८ | १५८६ | २०१४ | ११४७ | ८२८४ | १११ |
| ९ | ८६७ | ७६९ | ६७८ | ५३ | १६ |
| १० | १२५१ | ४६५८ | ७०३५ | ८८ | ७५१८ |
| जम्मा | **१४५९५** | **२१३८१** | **२३९६५** | **११४४६** | **१००७६** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

**तालिका ४.४.३.२ कृषि उत्पादन सम्बन्धि विवरण ( तरकारी बालि) क्विन्टलमा**

| वार्ड नं | आलु | बन्दा/काउली/रायो | बोडी | गोलभेंडा | काँक्रो, लौका, फर्सी | काँक्रो | करेला, घिरौला, चिचिण्डो | अन्य तरकारी | अदुवा/वेसार | प्याज/लसुन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८८ | २८ | २५ | १३ | ३० | २८ | ३१ | २१ | २४ | ९३ |
| २ | ७२ | ५१ | १ | ५१७ | २४१ | ९५ | ५५ | ९७ | २५ | ४६ |
| ३ | ७८ | ४ | ० | २ | ३ | १ | १ | ३ | ० | ४ |
| ४ | ९७ | १६५ | ७ | १६६ | ५७७ | ४६० | ४८३ | ८ | १० | १३४ |
| ५ | १११ | ६१ | १५ | ३८ | १६०३ | २३३३ | ४४९९ | ६० | २१ | ५१ |
| ६ | ६८९ | ३६ | ६ | ८ | १७९ | १९२ | ४५ | ३९ | १५ | ८९ |
| ७ | २८८ | ३०२ | ३ | ६ | ५४९ | ६१९ | १३७ | ६३ | २२ | ९९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ३४ | ५ | २ | १ | ३ | २ | ३ | २ | ३ | ८ |
| ९ | ६२ | ५९ | ० | ४ | २४० | २०८ | १८९ | २ | १२ | ५८ |
| १० | १५७ | ४ | १ | ४ | १०० | ९८ | ६६ | २ | ३५ | ४६ |
| **जम्मा** | **१६७६** | **७१३** | **६०** | **७५७** | **३५२५** | **४०३५** | **५५१०** | **२९५** | **१६६** | **६२९** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

**तालिका ४.४.३.३ कृषि उत्पादन सम्बन्धि विवरण (फलफुल)**

| उत्पादन क्विन्टलमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्ड नं | ऊखु | आँप | केरा | सुन्तला | कागती | स्याउ | लिची | मेवा | आरु नास्पती र आरुवखडा | अन्य फलफुल |
| १ | ६९३ | २१ | १०७ | २३ | १७ | २ | २ | ४ | ४ | ५१ |
| २ | ५३ | २२ | २१६ | ३० | १६ | १ | ० | १ | ७७ | १०२ |
| ३ | १० | ० | १२ | ११ | १० | ० | ० | ० | ३ | २ |
| ४ | ७ | ० | ७ | ० | १ | ० | १ | ० | १० | १३ |
| ५ | २४६४ | ८ | ४ | ३ | ७ | १ | ० | २ | १ | १० |
| ६ | ६० | ४ | ६६ | २८ | ४४ | ५ | २ | २ | ११९ | ५६ |
| ७ | ९३६ | ५ | ९८ | ४ | २ | १ | १ | १ | ११ | ५१ |
| ८ | ११ | ४ | ६ | ७ | ५ | ० | ० | ० | १२ | ११ |
| ९ | ४२ | ३२ | ४१ | ५४ | २ | ० | ० | २ | १०९ | ३९ |
| १० | ३९ | १२ | १९ | १९ | २४ | ० | ० | ० | १८५ | ४ |
| जम्मा | ४३१५.९७ | १०७.८९ | ५७५.३६ | १७९.२५ | १२९.०५ | १०.४६ | ५.८३ | १०.८२ | ५३१ | ३३८.४८ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ४.४.४. पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा पशुपन्छी तथा सोबाट हुने उत्पादनको अवस्था सम्बन्धी विश्लेषण गर्दा वार्षिक रूपमा मासु ४३४६६ के.जी., दूध ३२१७१५८ लिटर, र घिउ ९०१६६ किलो र मह २६०३ किलो मात्र उत्पादन हुने देखिएको छ । पशुपन्छीजन्य उत्पादन सम्बन्धी वडागत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ४.४.४.१ पशुपंक्षिहरू जन्य उत्पादनको विवरण**

| वार्ड नं | दुध उत्पादन (लिटर) | घिउ उत्पादन (किलो) | मासु उत्पादन (किलो) | बार्षिक अण्डा (संख्या) | बार्षिक उन (किलो) | मह उत्पादन (किलो) |
|---|---|---|---|---|---|---|
| १ | २५५३०० | १६१८ | ५४०९ | २६८३ | ८ | ५७ |
| २ | ३७२२०८ | ७२२८ | ३७७ | ६६१६० | ० | ६०२ |
| ३ | ४६५८०० | १९३८० | १०५ | ३७३९ | ५ | ९४ |
| ४ | ४६९४८० | ४०४७२ | १२० | १०४ | ८८ | २५५ |
| ५ | ६६०१०० | २३४५ | ३३२८० | ४९० | ८ | ७ |
| ६ | २६६२०० | ८४१४ | १६३९ | ४८१५ | ३० | ५४० |
| ७ | २७१२०० | १९१६ | १५०९ | ७८० | ४९० | ३८९ |
| ८ | ७६५०० | १४३ | २५ | ९१६२ | ११ | १५१ |
| ९ | २२६६९० | ५८५५ | ५१ | २१५० | ८ | २३७ |
| १० | १५३६८० | २७९५ | ९५१ | ८०० | १८ | २७१ |
| **जम्मा** | **३२१७१५८** | **९०१६६** | **४३४६६** | **९०८८३** | **६६६** | **२६०३** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ४.४.५. पशुपन्छी पालन सम्वन्धी विवरण

पुचौंडी नगरपालिकामा पशुपन्छी पालनको अवस्था हेर्दा पशुपालनमा गाई गोरु ९९८७ वटा) देखिएको छ । त्यसै गरी बाखाको सङ्ख्या २०७०२ वटा रहेको छ । वडागत रूपमा हेर्दा सबैभन्दा बढी गाई गोरु पाल्ने वडा न. ७ मा १९४५ सङ्ख्यामा रहेको देखिन्छ भने, बाखा पनि सबैभन्दा धेरै वडा नं. ६ मा रहेको छ, जसको सङ्ख्या २६४५ रहेको छ, भने नगरपालिकामा १२ वटा मौरी घार रहेको देखिन्छ । पशुपन्छी पालन सम्बन्धी वडागत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ४.४.५.१ पशुपालन सम्बन्धि विवरण**

| वार्ड नं | गाइगोरु /बाच्छाबाच्छी को संख्या | राँगाभैसी/ पाडापाडी संख्या | बाखा/भेडा, खसी/बोका | सुँगुर/वंगुर संख्या | कुखुरा/हाँस संख्या | मौरी घार संख्या संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३४३ | २७७ | १२४९ | ८ | ५२ | २३ |
| २ | १२४० | ५८५ | २६२७ | ० | ७१२ | २४८ |
| ३ | १०८९ | ९७६ | ३०७७ | ६ | ८० | ३६ |
| ४ | ९०२ | ७७८ | १९०७ | ३३ | १०६ | १८२ |
| ५ | ८२३ | ६८७ | ३०३६ | १२ | १३७ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | १३२२ | १३२३ | २६९४ | ४१ | ३५८ | २९४ |
| ७ | ११०६ | ७२१ | १६२६ | २६ | १५४ | १९० |
| ८ | ८८१ | ५१४ | १६०७ | ३१ | १४७ | ६२ |
| ९ | १२१५ | ३८२ | १०४६ | ४ | ३७३ | ८८ |
| १० | १०६६ | ५८१ | १८३३ | ० | १५ | १०८ |
| **जम्मा** | **९९८७** | **६८२४** | **२०७०२** | **१६१** | **२१३४** | **१२३४** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

### ४.४.६. खाद्यान्न वालीमा लाग्ने रोग तथा किरा

पुचौंडी नगरपालिका क्षेत्रमा खाद्यान्न बालीको प्रबल सम्भावना देखिएको भएता पनि समय समयमा विभिन्न रोग तथा किराहरूको सङ्क्रमणबाट बालीनालीमा समस्या हुने गरेको यस क्षेत्रमा खाद्यान्न बालीमा लाग्ने प्रमुख रोगको रूपमा मरुवा र डाँठ कुहिने रोगको विशेष सङ्क्रमण हुने गरेको छ भने मुख्य किराको रूपमा गभारो र लाही किरा देखा पर्ने गरेको छ । खाद्यान्न बालीमा लाग्ने रोग तथा किराहरूको विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४.४.६.१ खाद्यान्न वालीमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण**

| क्र सं | खाद्यान्न वालीमा लाग्ने रोग | क्र सं | खाद्यान्न वालीमा लाग्ने किरा | क्र सं | खाद्यान्न वालीमा लाग्ने किरा |
|---|---|---|---|---|---|
| १ | अगौटे | ११ | खुम्रे | २१ | सेतो पुतली |
| २ | पछौटे, | १२ | फेद कट्टुवा | २२ | कालो पेकी गबारो |
| ३ | डढुवा, | १३ | लाही किरा | २३ | खप्टे किरा |
| ४ | डाँठ कुहिने, | १४ | फौजी किरा | २४ | लिब ब्लाष्ट |
| ५ | पाउडरी मिल्ड्यू | १५ | गुजगुजे | २५ | पेट कोकर |
| ६ | सिथ ब्लाईट | १६ | पात बेरुवा | २६ | तुरतुरा |
| ७ | मरुवा | १७ | पउडिङग मिल(ऊखुमा) | २७ | रातो गबारो, |
| ८ | फड्के | १८ | गुवारो, खैरो, | २८ | शङ्खेकिरा |
| ९ | औसा किरा,मावा, | १९ | गबारो | २९ | सिन्दुरे |
| १० | हरियो फटयाङ्ग्रा | २० | घुन, तुसारा | ३० | नेक ब्लाष्ट |

श्रोत : कृषि ज्ञान केन्द्र

### ४.४.७. फलफुल तथा तरकारीमा लाग्ने रोग तथा किरा

पुचौंडी नगरपालिका क्षेत्रमा फलफूल तथा तरकारीमा लाग्ने रोगहरू मध्ये विशेष गरी पाउडरी मिल्डयू, क्याङ्कर र गोमोसिस मुख्य रोगको रूपमा रहेको छ भने फलफूल तथा तरकारीमा लाग्ने मुख्य किराको फ्रुट फ्लाही तथा फेद कटुवा पर्ने गर्दछन् । फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किराहरूको विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४.४.७.१ फलफुल तथा तरकारीमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण**

| क सं | फलफुल तथा तरकारीमा लाग्ने रोग | क सं | फलफुल तथा तरकारीमा लाग्ने किरा |
|---|---|---|---|
| १ | क्याङ्कर, गोमेसिस, | ११ | फ्रुट फ्लाही |
| २ | पछौटे, | १२ | डाठमा प्वाल पार्ने |
| ३ | डढुवा, | १३ | गवारो |
| ४ | डाँठ कुहिने, | १४ | पात खाने झुसिल्किरा |
| ५ | पाउडरी मिल्डयू | १५ | फेद कटुवा |
| ६ | डाउनी मिल्डयू | १६ | खुम्रे |
| ७ | बेर्ना ओइल्याउने | १७ | खबटे किरा |
| ८ | नेमाटोड | १८ | लाहीकिरा |
| ९ | ढुसी | १९ | लुम्लेकिरा |
| १० | रातो कमिरा | २० | प्लाष्टर |

श्रोत : कृषि ज्ञान केन्द्र

### ४.४.८. पशुपन्छीमा लाग्ने रोग तथा किरा

पुचौंडी नगरपालिका क्षेत्रमा पशुपन्छीमा लाग्ने रोगहरू मध्ये विशेष गरी नाम्ले जुका, फिभर, पिपिआर र थुनेलो मुख्य रोगको रूपमा रहेको छ भने पशुपन्छीमा लाग्ने मुख्य किराहरूमा नाम्ले जुका, जुम्रा, भाइरल र ब्याक्टेरिया पर्दछन् । पशुपन्छीमा लाग्ने रोग तथा किराहरूको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ४.४.८.१ पशुपंक्षिमा लाग्ने रोग तथा किरा सम्बन्धि विवरण**

| क सं | पशुपन्छीमा लाग्ने रोग | क सं | पशुपन्छीमा लाग्ने किरा |
|---|---|---|---|
| १ | नाम्ले जुका, फित्ते जुका | ११ | जुम्रा, किर्ना, उपियाँ |
| २ | फिभर | १२ | नाम्ले जुका |

| | | | |
|---|---|---|---|
| ३ | खोरेत | १३ | जुका |
| ४ | पिपिआर | १४ | भाइरल |
| ५ | भ्यागुते | १५ | ब्याक्टेरियल |
| ६ | पेट फुल्ने | १६ | रेविज |
| ७ | चर्चिरे | १७ | थुनेलो |
| ८ | अपच | १८ | लुतो |
| ९ | पिसाब बन्द हुने | १९ | साल अड्किने |
| १० | भडाँल्नो फर्कने | २० | रानी खेत, गमबारो, सि.आर.डि. |

श्रोत : कृषि ज्ञान केन्द्र

### ४.४.९. व्यवसायिक कृषि र पशु फर्म सम्बन्धी विवरण

घरेलु तथा साना उद्योग कार्यालयको २०८१।८२को तथ्याङ्क अनुसार पुचौंडी नगरपालिका क्षेत्र भित्र १७7 वटा बहु उद्देश्यिय कृषि फर्महरू दर्ता भएको देखिन्छ । पालिका क्षेत्र भित्र दर्ता नभएका र सञ्चालनमा रहेका कृषि तथा पशु फर्महरूको यकिन तथ्याङ्क भेटिँदैन । पुचौंडी नगरपालिकामा पुरुषको तुलनामा महिला व्यावसायिहरूको सङ्ख्या कम रहेको पाइन्छ । व्यावसायिक फर्म सम्बन्धी विवरण तलको तालिकामा दिइएका छ ।

**तालिका ४.४.९.१ नगरपालिकामा रहेका घरेलु उद्योगको संख्या**

| उद्योगको प्रकार | संख्या |
|---|---|
| कृषि तथा पशुपंछी | १७७ |
| सिलाई | ३८ |
| कुटानी पीसानी | १८ |
| निर्माण | १८ |
| होटेल | १७ |
| आरन | १० |
| गलैचा | ८ |
| मर्मत | ६ |
| होजियारी | ५ |
| प्रशिक्षण | ४ |
| फर्निचर | ४ |
| जुत्ता | ३ |
| दालमोठ | ३ |
| वाईरिङ | ३ |
| कपडा बसनाई | २ |
| बुनाई | २ |

| | |
|---|---|
| डेरी | १ |
| ढाका | १ |
| पार्लर | १ |
| पेन्टिङ | १ |
| बास निगालो | १ |
| ब्लक उत्पादन | १ |
| यातायात | १ |
| ढुवानी | १ |
| फोटो स्टुडियो | १ |
| **जम्मा** | **३२७** |

श्रोत: घरेलु तथा साना उद्योग कार्यालय बैतडी

*चित्र ८ व्यावसायिक फर्म सम्बन्धी*



तालिका ४.४.९.२ नगरपालिकामा रहेका व्यवसायिक कृषि र पशु फर्म सम्बन्धी विवरण

| क्र सं | उधोगको नाम | ठेगाना | उधोग संचालकको नाम, थर, ठेगाना | स्तर | उद्देश्य |
|---|---|---|---|---|---|
| १ | अनु बहुउद्देशिय बंगुर पालन तथा कृषि पशुपन्छी फर्म | ६ | कर्ण बहादुर धानुक, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २ | जे.वि. बहुउदेशिय कृषि तथा पशुपंछि | ४ | बिष्णु प्रसाद भट्ट, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| ३ | शुरेश पशुपक्षी फर्म | १ | सुरेश रैकाल, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| ४ | लक्ष्मी बहुउदेशिय कृषि तथा पशुपंछी | ६ | धन बहादुर साउद, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| ५ | प्रमिस बाखा फर्म | ५ | जय बहादुर बोहरा, बैतडी | घरेलु उद्योग | बाखा पालन गर्ने |
| ६ | ज्योति बहुउदेशीय कृषि फर्म | ७ | प्रमान्द अवस्थी | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ७ | न्वादेउ कषाढ कृषि तथा पशुपक्षी फर्म | ३ | पदम बहादुर बम | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ८ | नवलक्ष्मी बहुउदेश्यिय कृषि तथा पशुपंछी | ७ | काशी दत्त जोशी, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| ९ | रियाज बाखा फर्म | ५ | बिरेन्द्र बहादुर खडायत, बैतडी | घरेलु उद्योग | बाखा पालन गर्ने |
| १० | चन्द्र ज्योति बहुउदेशिय कृषि तथा पशुपंछी | ७ | कृष्ण सिह रतोकी, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| ११ | दुर्गा कृषि तथा केरा उत्पादन | ४ | अम्मर राज भट्ट, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी |
| १२ | प्रयाग बहुउदेशिय कृषि तथा पशुपक्षि फर्म | ८ | जानकी चुनारा लुहार, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| १३ | सेमेजी कृषि तथा पशु पालन फर्म | १ | जय बहादुर भण्डारी | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| १४ | शुभ कृषि तथा पशुपक्षी बहुउदेशिय | १ | शेर बहादुर बोहरा, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धी कार्य गर्ने |
| १५ | एस.के. बहुउद्देश्यिय कृषि तथा पशुपंक्षी फर्म | ६ | राम बहादुर खडायत, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने |
| १६ | न्यू पालढुङ्गा मौरीपालन फर्म | ६ | राम सिह साउँद, बैतडी | घरेलु उद्योग | मौरीपालन गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | काजल कृषि तथा पशुपालन बहुउदेशीय फर्म | ९ | राकेश चुनारा | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| १८ | आयुष पोल्ट्री फर्म | ५ | नविन पार्की, बैतडी | घरेलु उद्योग | कुखुरा पालन गर्ने। |
| १९ | भौनेली बहुउद्देशिय कृषि तथा पशुपंक्षि फर्म | | देव राज भट्ट, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २० | महिमा बहुउद्देश्यि कृषि तथा पशुपंन्छि फर्म | ४ | गिता पाण्डेय, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २१ | प्रकृति बहुउदेशीय कृषि तथा पशुपक्षि फर्म | ७ | हेम राज बडु, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २२ | धामीखेत बहुउद्देशिय कृषि तथा पशुपंक्षी फर्म | ८ | नरेश बम, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २३ | भाडी बहुउदेशीय कृषि फर्म | ७ | जनक बहादुर ऐर | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| २४ | दिवाश कृषि तथा पशुपक्षि पालन फर्म | ५ | पवित्रा भट्ट, बझाङ | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २५ | देबिणी बाख्रा पालन फर्म | ४ | चन्द्र देब भट्ट, बैतडी | घरेलु उद्योग | बाख्रा पालन गर्ने । |
| २६ | सुर्दशन बहुउदेशीय कृषि फर्म | ७ | रुप सिह ऐर | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| २७ | डाडाबाघ कृषि तथा पशुपक्षि फर्म | ५ | किशोर कुमार कुवर, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २८ | भवानी बहुउद्देशिय कृषि तथा पशुपंक्षि फर्म | ६ | भवानी दत्त पन्त, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| २९ | नवदुर्गा बहुउद्देशिय कृषि तथा बाख्रा फर्म | ४ | गणेश दत्त भाट, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| ३० | डि.वी. बहुउदेशिय कृषि पशुपक्षि तथा माछापालन | ७ | विरेन्द्र बहाददुर ऐर, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपछी पालन सम्बन्धि काम गर्ने, |
| ३१ | जगन्नाथ बहुउदेशीय कृषि तथा पशुपक्षि फर्म | ७ | लोग बहादुर ऐर, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| ३२ | भुवनेश्वरी बहुउदेशिय कृषि तथा पशुपक्षि फर्म | ७ | भिमराज जोशी, बैतडी | घरेलु उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |
| ३३ | काफालि बहुउदेशीय कृषि तथा पशुपक्षी फर्म | ७ | कर्ण सिह रतोकी | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ३४ | महेश वहुउदेशिय कृषि तथा पशुपक्षि फर्म | ७ | गगन बहादुर ऐर, बैतडी | साना उद्योग | कृषि तथा पशुपंछी पालन सम्बन्धि कार्य गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | भुमिराज अजपती दुर्गा बाखा फर्म | ५ | भुरी बोहरा, बैतडी | घरेलु उद्योग | बाखा पालन गर्ने । |
| ३६ | एकल सदन बहुउदेशीय कृषि तथा पशुपक्षी फर्म | ३ | नरेन्द्र बहादुर बोहरा | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ३७ | महादेब बहुउदेशीय कृषि तथा पशुपक्षी फर्म | २ | नरेन्द्र भण्डारी | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ३८ | पहरौल बहुउदेशीय कृषि तथा पशुपक्षी फर्म | २ | जनक बहादुर धानुक | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ३९ | जय न्वादेउ बहुउदेशीय कृषि तथा पशु पक्षी फर्म | ३ | जँग बहादुर बोहरा | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
| ४० | आर्पन बाखा फर्म | ४ | कमला ठगुन्ना | घरेलु | बाखापालन गर्ने |
| ४१ | विरेन्द्र बहुउदेशीय कृषि तथा पशुपक्षि फर्म | ६ | विरेन्द्र बिष्ट | घरेलु | कृषि तथा पशुपक्षी पालन गर्न |
घरेलु तथा साना उद्योग कार्यालय बैतडीको तथ्याङ्क अनुसार पुचौंडी नगरपालिका क्षेत्र भित्र ३२७ जनाले उद्योग दर्ता गरेको पाइन्छ जसमा सबै भन्दा बढी वार्ड नं. १ मा ५२ जनाले उद्योग दर्ता

गरेका छन् भने सबै भन्दा कम वार्ड नं. ९ मा १३ जनाले उद्योग दर्ता गरेको पाइन्छ जसमध्ये १७७ वटा कृषि फर्म रहेको , १७ वटा होटेल व्यवसायी ३८ वटा टेलर्स व्यवसायी छन् भने केही अन्य साना व्यवसायीहरू रहेको पाइन्छ । उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी वडागत रूपमा विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६.२.१ वडाअनुशार व्यवसायहरूको विवरण (घरेलु कार्यालयमा दर्ता भएका )**

| वडन नं | दर्ता उद्योगको संख्या |
|---|---|
| १ | ५२ |
| २ | ४१ |
| ३ | ४५ |
| ४ | ३२ |
| ५ | ४१ |
| ६ | २२ |
| ७ | ४५ |
| ८ | १५ |
| ९ | १३ |
| १० | २१ |
| **जम्मा** | **३२७** |

*श्रोत: घरेलु तथा साना उद्योग कार्यालय बैतडी*

## ४.६.३. मिल तथा संकलन र प्रशोधन सम्बन्धी विवरण

नगरपालिका कुटानी पिसानी मिलको सङ्ख्या क्रमशः वृद्धि हुँदै गएको अवस्था देखिएको पाइन्छ तथ्याङ्क अनुसार कुटानी पिसानी मिलमा विद्युतीय र डिजेल मिलको जम्मा सङ्ख्या १८ रहेको छ । मिल तथा सङ्कलन र प्रशोधन सम्बन्धी वडागत विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६.३.१ नगरपालिकामा रहेका मिलहरूको विवरण**

| क्र सं | उधोगको नाम | वडा नं | उधोग संचालकको नाम, | स्तर |
|---|---|---|---|---|
| १ | निमुन कुटानी पिसानी तथा पेलानी मिल | २ | अम्मर बहादुर भण्डारि | साना |
| २ | अनमोल कुटानी पिसानी उधोग | १ | जानकी विष्ट (धनुषे) | साना |
| ३ | विकास कुटानी पिसानी तथा पेलानी मिल | २ | रमेश बहादुर बम | साना |
| ४ | मनिसा कुटानी पिसानी तथा पेलानी मिल | २ | महादेव भट्ट | साना |

| | | | | |
|---|---|---|---|---|
| ५ | विणेश्वर महादेव कुटानी पिसानी तथा पेलानी मिल | २ | दिनेश भण्डारी | साना |
| ६ | समैजी कुटानी पिसानी तथा पेलानी मिल | १ | दिनेश भण्डारी | साना |
| ७ | समैेजी कुटानी पिसानी तथा पेलानी मिल | २ | लाल बहादुर बम | साना |
| ८ | पार्वती पिठो पिसानी चक्की | ५ | पार्वती लुहार | साना |
| ९ | गलिनाथ कुटानी पिसानी उद्योग | ७ | धर्मानन्द बडु | साना |
| १० | समैजी आटा मिल | ३ | रनुवा कामी | साना |
| ११ | धन्ने खोला पानी घट्ट | ६ | जगन्नाथ खडायत | घरेलु |
| १२ | राता सिला कुटानी पिसानी उद्योग | ७ | जय सिह साउद | साना |
| १३ | महादेव कुटानी पिसानी | १ | दिल सिंह भण्डारी, बैतडी | साना उद्योग |
| १४ | सामुदायिक कुटानी पिसानी केन्द्र | १ | राईमती धानुक | लघु |
| १५ | निरपाल वाटर टर्वाईन कोटिला | ७ | रामी ऐर | साना |
| १६ | बोहरा वाटर टर्वाईन घरेलु उद्योग भटना | ४ | धन बहादुर बोहरा | साना |
| १७ | अट्याल कुटानी पिसानी मिल | ५ | काशी बोहरा, बैतडी | घरेलु उद्योग |
| १८ | जनक जनसेवा घट्ट उद्योग कोटिला | ७ | जनक बहादुर विष्ट | साना |

*श्रोत: घरेलु तथा साना उद्योग कार्यालय बैतडी*

### ४.६.४. खनिज तथा खानी सम्बन्धी विवरण

पहाडी क्षेत्रमा पर्ने यसगाउ पालिमामा बिभिन्न प्रकारका खनिज बसतुहरू पाईन्छन । यि खनिज पदार्थहरूको उत्खनन तथा उतपादन गर्न सके यस पालिकाको आर्थिक बिकासमा ठुलो टर्वा पुग्ने देखिन्छ ।

**तालिका ४.६.४.१ पालिका भित्र रहेका खनिज पदार्थको विवरण**

| सि.नं | प्रमूख खानीहरू |
|---|---|
| १ | कमेरो खानी |
| २ | खरी खानी |
| ३ | पत्थर खानी |
| ४ | फलाम खानी |
| ५ | बालुवा खानी |

| | |
|---|---|
| ६ | स्लेट खानी |

### ४.६.५. स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण

पुचौंडी नगरपालिका भौगोलिक रूपमा वन जंगल सँग जोडिएर बस्तीहरू बसेको र प्राय जसो वडाहरूमा भर्खर मात्र रोडको पहुँच पुग्दै छ । स्थानीय स्तरमा ससाना बजार तथा व्यापारिक केन्द्रहरू रहेकाले सामान्य मानिसहरूले किनमेल गरी रहने बजारहरूको रूपमा ससाना गरी बजारहरू रहेको पाइन्छ । स्थानीय बजार तथा व्यापारिक केन्द्रको वडागत रूपमा विवरण निम्न अनुसार रहेको छ ।

पुचौंडी नगरपालिकाको मुख्य व्यापारिक केन्द्र हाट बजार रहेको छ। यसका अतिरिक्त बाजपानी, सिल्लेगडा लगायतका स्थानीय बजारहरूले नगरपालिकाभित्र कृषि उपज, उपभोग्य वस्तु तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्। साथै गोठलापानी, खोड्पे र देहिमाण्डौं क्षेत्रका बाह्य बजारहरूसँग समेत नगरपालिकाको व्यापारिक सम्बन्ध रहेको छ।

**तालिका ४.६.५.१ स्थानीय बजारको विवरण**

### ४.६.६. बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा १ वटा मात्र 'क वर्गको **बैङ्क ( Globle IME** ) रहेको छ, भने वटा बचत तथा ऋण सहकारी रहेको पाइन्छ । यस नगरपालिकामा ७ वटा सहकारी संस्था तथा ३८ वटा आमा समूहहरू सक्रिय रहेका छन्। यहाँका करिब ५० प्रतिशत घरपरिवारमा बैंक खाता रहेको, करिब ५० प्रतिशतले मोबाइल बैंकिङ प्रयोग गर्ने गरेको, करिब १० प्रतिशतले बैंकबाट कृषि ऋण लिने गरेको तथा करिब ५० प्रतिशत घरपरिवार बीमामा आबद्ध रहेको देखिन्छ। नगरपालिकाले नागरिकहरूलाई सहुलियतपूर्ण ऋण प्रवाहमा सहजीकरण गर्नुका साथै सहकारी सम्बन्धी समस्या समाधानमा समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको छ। साथै, सहकारी संस्थाहरूको नियमन तथा अनुगमनको काम पनि निरन्तर रूपमा गरिरहेको छ।

### ४.६.७. बैंक खाता भएका घर परिवारको विवरण

**तालिका ४.६.७.१ बैंक खाता भएका घर परिवारको विवरण**

| वडा नं | घरधुरी | जनसंख्या |
|---|---:|---:|
| १ | १७६ | ५९० |
| २ | ४०६ | ८०६ |
| ३ | २४९ | ४८३ |
| ४ | १७० | ३६८ |
| ५ | ४२४ | १०९३ |
| ६ | २८५ | ५१४ |
| ७ | ५१३ | ९७२ |
| ८ | ४०० | ९०४ |

| | | |
|---|---|---|
| ९ | ३३५ | ५८० |
| १० | ३०५ | ६०५ |
| **जम्मा** | **३२६३** | ६९१५ |

पुचौंडी नगरपालिकाका १० वडाहरूमा बैंक खाता भएका घरधुरी तथा जनसंख्याको अवस्था निम्नानुसार रहेको छ। कुल रूपमा नगरपालिकामा ३,२६३ घरधुरी बैंकिङ सेवामा आबद्ध रहेका छन् भने कुल जनसंख्या ६,९१५ रहेको देखिन्छ।

वडागत विवरण अनुसार वडा नं. ७ मा सबैभन्दा बढी ५१३ घरधुरी बैंक खाता प्रयोगमा रहेका छन्, जसमा ९७२ जनसंख्या समावेश छ। त्यसपछि वडा नं. ५ मा ४२४ घरधुरी (१,०९३ जनसंख्या) र वडा नं. २ मा ४०६ घरधुरी (८०६ जनसंख्या) बैंकिङ सेवामा आबद्ध रहेका छन्।

त्यसैगरी वडा नं. ८ मा ४०० घरधुरी (९०४ जनसंख्या), वडा नं. ९ मा ३३५ घरधुरी (५८० जनसंख्या), र वडा नं. १० मा ३०५ घरधुरी (६०५ जनसंख्या) बैंक खाता भएका घरधुरी रहेका छन्। वडा नं. ६ मा २८५ घरधुरी (५१४ जनसंख्या), वडा नं. ३ मा २४९ घरधुरी (४८३ जनसंख्या), वडा नं. १ मा १७६ घरधुरी (५९० जनसंख्या), र वडा नं. ४ मा सबैभन्दा कम १७० घरधुरी (३६८ जनसंख्या) बैंकिङ सेवामा आबद्ध रहेका छन्।

समग्रमा हेर्दा, नगरपालिकामा बैंकिङ पहुँच विस्तार हुँदै गएको देखिन्छ, यद्यपि वडागत रूपमा पहुँचमा केही भिन्नता रहेको पाइन्छ। बैंक खाता प्रयोगको यो अवस्था वित्तीय समावेशीकरण र आर्थिक गतिविधि औपचारिककरणतर्फ सकारात्मक संकेतका रूपमा लिन सकिन्छ।

### ४.६.८. सहकारिमा सदस्य भएका घर परिवारको विवरण

यस नगरपालिकामा ७ वटा सहकारी संस्था तथा ३८ वटा आमा समुह रहेका छन् । पालिकामा बैंक खाता हुने घरधुरि करिव ५० प्रतिशत, मोबाइल बैंकिङ हुने करिव ५० प्रतिशत, बैंकबाट कृषि ऋण लिने करिव १० प्रतिशत र बिमामा संग्लग्न घरधुरि करिव ५० प्रतिशत रहेको छ । नगरपालिकाको अग्रसरतामा नागरिकहरूलाई सहुलियतपूर्णा श्रृण प्रवाहमा सहजिकरणका साथै सहकारी समस्या समाधानमा समन्वय गरिरहेको छ । सहकारी संस्थाहरूको नियमनको काम समेत गरिरहेको छ।

# ५. परिच्छेद- ५: सामाजिक अवस्था

## ५.१. शैक्षिक तथा मानव संशाधन विकास

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठुलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ पुचौंडी नगरपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संसाधन विकासको एक सशक्त माध्यमको रूपमा नीतिगत रूपमा अवलम्बन गरिएको छ ।

### ५.१.१. साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्त्वपूर्ण आयमाको रूपमा रहेको शिक्षा क्षेत्रमा पुचौंडी नगरपालिका पछिल्लो घरधुरी सर्वेक्षण, २०८३ अनुसार नगरपालिकाको पुरुषको साक्षरता दर ८८.५५ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ७९.६३ प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग ...... प्रतिशतको फरक देखिन्छ । यस नगरपालिकामा कुल जनसङ्ख्या ३९४४८ मध्ये १४.८ (प्रतिशत) जनसङ्ख्याले आधारभूत शिक्षा हासिल गरेको पाइन्छ । यस नगरपालिकामा ७३ वटा सरकारी विद्यालय, १ वटा क्याम्पस, रहेको छ र । यसै गरी नगरपालिकामा माध्यमिक विद्यालय तहको शिक्षा हासिल गरेका १४.३ प्रतिशत) स्नातक वा सो भन्दा माथिको शिक्षा हासिल गरेका ५.४ प्रतिशत) रहेको तथ्याङ्कले देखाएको।

**तालिका ५.१.१.१ नगरपालिकाको साक्षरता दर**(*घरधुरी सर्वेक्षण २०८३ )*

| | साक्षर | | निरक्षर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| वडा नं | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ८०१ | ९२४ | ३४२ | १७८ | ११४३ | ११०२ |
| २ | १३३२ | १५७५ | ४३५ | २११ | १७६७ | १७८६ |
| ३ | २३१५ | २२८२ | २१५ | १६७ | २५३० | २४४९ |
| ४ | १२०१ | १४७८ | ६१५ | ४३१ | १८१६ | १९०९ |
| ५ | २५३८ | २५३२ | ५०१ | २८३ | ३०३९ | २८१५ |
| ६ | १८८६ | २२८८ | ५८३ | ३७६ | २४६९ | २६६४ |
| ७ | १४९७ | १७९२ | ३१९ | १०४ | १८१६ | १८९६ |
| ८ | १७२९ | १७३० | २३ | २१ | १७५२ | १७५१ |
| ९ | १००३ | ११०३ | २८७ | १४१ | १२९० | १२४४ |
| १० | १५२२ | १६२९ | ७३० | ३२९ | २२५२ | १९५८ |
| जम्मा | १५८२५ | १७३३२ | ४०४९ | २२४२ | १९८७४ | १९५७४ |
| प्रतिसत | ७९.६३% | ८८.५५% | २०.३७% | ११.४५% | | |

## ५.१.२. शैक्षिक स्तर अनुशार जनसंख्या विवरण

बैतडी जिल्लाका १० वटा स्थानीय तह मध्येको पुर्चौंडी नगरपालिका जयपृथ्वि राजमार्ग र महाकाली नदी भन्दा पूर्वमा रहेको छ र अन्य स्थानहरू पनिमा पनि सडक सञ्चालको विस्तार भएको नगरपालिका हो । यस नगरपालिकामा शिक्षाका लागि ७३ वटा सरकारी विद्यालय, १ वटा क्याम्पस, सञ्चालनमा रहेका छन् । नगरपालिकाको शिक्षाको अवस्थालाई हेर्दा १५.९ प्रतिशत मानिसहरू अझै पनि लेख्न पढ्न नसक्ने अवस्थामा रहेको पाइन्छ प्राय जसो सबै वडाहरूमा निरक्षरहरू रहेको तथ्याङ्कले देखाएको छ

**तालिका ५.१.२.१ शैक्षिक स्तर अनुसार जनसंख्या विवरण**

| शैक्षिक स्तर | वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निरक्षर | महिला | ३४२ | ४३५ | २१५ | ६१५ | ५०१ | ५८३ | ३१९ | २३ | २८७ | ७३० | ४०४९ |
| | पुरुष | १७८ | २११ | १६७ | ४३१ | २८३ | ३७६ | १०४ | २१ | १४१ | ३२९ | २२४२ |
| साधारण लेखपढ गर्न सक्ने | महिला | २६२ | ६५१ | ८५० | २९१ | १०१२ | ७७२ | ५८१ | ५६० | ४४० | ५२६ | ५९४५ |
| | पुरुष | ३१८ | ६२४ | ८०५ | ३६७ | १०४७ | ९५३ | ६२४ | ३९६ | ४२५ | ४३५ | ५९९३ |
| आधारभुत तह( कक्षा ८) पास | महिला | ८६ | १९३ | ६५० | २९६ | १४८ | ३०४ | २३९ | ३२१ | १७६ | ३४८ | २७६२ |
| | पुरुष | १०२ | २६२ | ६४२ | ३३७ | २४८ | ३५६ | ३२२ | २७४ | १९१ | ३५३ | ३०८६ |
| माध्यमिक तह पास | महिला | १२१ | १६६ | ५५० | २६२ | २१५ | ३३४ | २७० | ३३९ | १५२ | ३२७ | २७३७ |
| | पुरुष | १०६ | २३५ | ४०० | ३१२ | २६४ | ४१८ | २९५ | ३६३ | १८३ | ३३१ | २९०६ |
| कक्षा १२ पास | महिला | २४६ | २२२ | २२० | २२७ | १००६ | ३७० | ३०२ | ३५० | १७६ | २८७ | ३४०४ |
| | पुरुष | ३३३ | ३५१ | ३७९ | ३०८ | ८४८ | ४२० | ३८३ | ५०८ | २४८ | ४०४ | ४१८१ |
| स्नातक तह पास | महिला | ५० | ६२ | ८ | ७९ | १०४ | ६७ | ७४ | १०० | ४१ | २४ | ६१० |
| | पुरुष | ३३ | ६८ | २९ | ८३ | ८२ | ९५ | ११८ | १०९ | ४२ | ८५ | ७४४ |
| स्नातकोत्तर पास | महिला | ३७ | ३८ | ३७ | ४६ | ५३ | ३८ | ३० | ५९ | १९ | ९ | ३६७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | ३१ | ३५ | २६ | ७१ | ४३ | ४७ | ५० | ८० | १५ | २२ | ४२० |
| जम्मा | जम्मा महिला | ११४३ | १७६७ | २५३० | १८१६ | ३०३९ | २४६९ | १८१६ | १७५२ | १२९० | २२५२ | १९८७४ |
| | जम्मा पुरुष | ११०२ | १७८६ | २४४९ | १९०९ | २८१५ | २६६४ | १८९६ | १७५१ | १२४४ | १९५८ | १९५७४ |
| कुल जम्मा | | २२४५ | ३५५३ | ४९७९ | ३७२५ | ५८५४ | ५१३३ | ३७१२ | ३५०३ | २५३४ | ४२१० | ३९४४८ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

**तालिका ५.१.२.२ शैक्षिक स्तर अनुसार जनसंख्या प्रतिसतमा**

| | वडा नं | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक स्तर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| निरक्षर | २३.२% | १८.२% | ७.७% | २८.१% | १३.४% | १८.७% | ११.४% | १.३% | १६.९% | २५.२% | १५.९% |
| साधारण लेखपढ गर्न सक्ने | २५.८% | ३५.९% | ३३.२% | १७.६% | ३५.२% | ३३.६% | ३२.५% | २७.३% | ३४.१% | २२.८% | ३०.३% |
| आधारभुत तह ( कक्षा ८) पास | ८.४% | १२.८% | २५.९% | १७.०% | ६.८% | १२.९% | १५.१% | १७.०% | १४.५% | १६.७% | १४.८% |
| माध्यमिक तह पास | १०.१% | ११.३% | १९.१% | १५.४% | ८.२% | १४.७% | १५.२% | २०.०% | १३.२% | १५.६% | १४.३% |
| कक्षा १२ पास | २५.८% | १६.१% | १२.०% | १४.४% | ३१.७% | १५.४% | १८.४% | २४.५% | १६.७% | १६.४% | १९.२% |
| स्नातक तह पास | ३.७% | ३.७% | ०.८% | ४.४% | ३.२% | ३.२% | ५.२% | ६.०% | ३.३% | २.६% | ३.४% |
| स्नातकोत्तर पास | ३.१% | २.१% | १.३% | ३.२% | १.६% | १.६% | २.२% | ४.०% | १.३% | ०.७% | २.०% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

*चित्र १० शैक्षिक स्तर अनुसार जनसंख्या प्रतिसत*




*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ५.१.३. तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक,संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण

पुचौंडी नगरपालिकामा कूल ७३ ओटा विद्यालय सञ्चालनमा रहेका छन् । उक्त विद्यालय मध्ये कक्षा १-३ सञ्चालन हुनेआधारभुत विद्यालयको सङ्ख्या ५४ रहेको छ ।नगरपालिकामा कूल ५ वाल विकास केन्द्र सञ्चालनमा रहेका छन् । कूल १५४१ जना बालबालिकाहरू प्रारम्भिक बाल बिकास र शिक्षामा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या ८६७ रहेको छ भने छात्र सङ्ख्या ८६२ रहेको छ ।

यस तालिकामा पुचौंडी नगरपालिकामा सञ्चालित विद्यालयहरूको विवरण प्रस्तुत गरिएको छ जसमा आधारभूत विद्यालयहरूको सङ्ख्या सबै भन्दा बढी ५४ वटा देखिएको छ । त्यसै गरी माध्यमिक विद्यालय ९ वटा, उच्च माध्यमिक विद्यालय ९ वटा र १ वटा क्याम्पस रहेको देखिएको तथ्याङ्कले देखाएको छ ।

तालिका ५.१.३.१ अध्यनरत बिद्यार्थिको विवरण

| | बिद्यार्थि संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| **पुचौंडी नगरपालिका** | **पुर्व प्राथमिक तह बाल बिकास** | **प्राथमिक तह** | **आधारभुत तह** | **माध्यमिक तह** | **उच्च माध्यमिक तह** | **जम्मा** |
| बिद्यार्थि संख्या | १५४९ | ४८६१ | २७२१ | १७४९ | १४८३ | १२३६३ |

श्रोत: शिक्षा शाखा पुचौंडि नगरपालिका २०८३

*चित्र ११ तहगत बिद्यार्थि संख्या*



### ५.१.४. विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण

पुचौंडी नगरपालिकामा अध्ययनरत कुल १२३६३ विद्यार्थीहरूमा ५०.१ प्रतिशत छात्रा र ४९.९ प्रतिशत छात्र रहेका छन् । विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ५.१.४.१ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण**

| बिद्यालय तह | बिद्यार्थि संख्या | | प्रतिसत |
|---|---|---|---|
| प्रारम्भि बाल बिकास तथा शिक्षा पुर्व प्राथमिक तह बाल बिकास | छात्रा | ८६७ | ५०.१% |
| | छात्र | ८६२ | ४९.९% |
| | जम्मा | १७२९ | |
| प्राथमिक तह | छात्रा | २४२३ | ४९.८% |
| | छात्र | २४३८ | ५०.२% |
| | जम्मा | ४८६१ | |
| आधारभुत तह ६-८ | छात्रा | १४७६ | ५४.२% |
| | छात्र | १२४५ | ४५.८% |
| | जम्मा | २७२१ | |
| माध्यमिक तह ९-१० | छात्रा | ८५१ | ४८.७% |
| | छात्र | ८९८ | ५१.३% |
| | जम्मा | १७४९ | |
| उच्च माध्यमिक ११-१२ | छात्रा | ७५५ | ५०.९% |
| | छात्र | ७२८ | ४९.१% |
| | जम्मा | १४८३ | |
| जम्मा | छात्रा | ६१९२ | ५०.१% |
| | छात्र | ६१७१ | ४९.९% |
| | जम्मा | १२३६३ | |

श्रोत: शिक्षा शाखा पुचौंडि नगरपालिका २०८३

*चित्र १२ तहगत छात्र छात्रा संख्या*




**तालिका ५.१.४.२ पालिकामा रहेका सिकाई केन्द्रहरु**

| क सं | सामुदायिक अध्ययन केन्द्रको नाम |
|---|---|
| १ | श्री पूर्णिमा जुन |
| २ | श्री समैजी |
| ३ | श्री त्रिवेणी |

श्रोत: शिक्षा शाखा पुचौंडि नगरपालिका २०८३

## ५.१.५. शिक्षक तथा शैक्षिक जनशक्ति विवरण

पुचौंडी नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा शिक्षक तथा शैक्षिक जनशक्ति विवरणको अवस्थालाई विश्लेषण गर्दा ३८९ जना शिक्षक शिक्षिकाहरूले अध्यापन गराई रहेको अवस्था छ । जस मध्ये शिक्षक दरबन्दीमा स्थायी १५० जना, राहत अनुदानमा १०२ जना रहेको पाइन्छ । नगरपालिकाका सामुदायिक विद्यालयहरूमा अध्यापन गराई रहेका शिक्षकहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.५.१ विद्यालयहरूमा अध्यापन गराईरहेका शिक्षकहरूको विवरण**

| क्र.स. | तह | स्थायी | राहात | उ.मा.वि दरवन्दी | गणित विज्ञान अनुदान | नगरपालिका अनुदान | जम्मा | विद्यालय लेखा | वालविकास सहजकर्ता | कार्यालय सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | १२३ | ६२ | | | ५४ | २३९ | | ११३ | ८६ | १९९ |
| २ | निमावि | १६ | २६ | | ९ | २१ | ७२ | | | | ० |
| ३ | मावि | ११ | १४ | ९ | ३५ | ९ | ७८ | १८ | | | १८ |
| | **जम्मा** | **१५०** | **१०२** | **९** | **४४** | **८४** | **३८९** | **१८** | **११३** | **८६** | **२१७** |

*श्रोत : पुचौंडी नगरपालिका शिक्षा शाखा*

### ५.१.६. आधारभूत र माध्यमिक विद्यालयमा पहुँचको अवस्था (प्रमुख वस्तीहरूबाट विद्यालय पुग्न लाग्ने समय)

तालिका ५.१.६.१ विद्यालय पुग्न लाग्ने समयको विवरण

| वडा नं | लाग्ने समय | | | | |
|---|---|---|---|---|---|
| | १ देखि पन्ध्र मिनेट | १६ देखि ३० मिनेट | ३१ देखि ६० मिनेट | १ घण्टा भन्दा बढि लाग्ने | जम्मा |
| १ | १३० | १७२ | ६४ | १२ | ३७८ |
| २ | ३९ | २९७ | १७३ | २३ | ५३२ |
| ३ | २७ | २६० | ५१७ | ३ | ८०७ |
| ४ | १२५ | ३८२ | ५४ | १ | ५६२ |
| ५ | १४२ | ३०२ | ३६७ | ४२ | ८५३ |
| ६ | ३३४ | ३६९ | ६० | ४७ | ८१० |
| ७ | १२३ | २३३ | १८९ | २५ | ५७० |
| ८ | २२८ | २५४ | ५२ | ८ | ५४२ |
| ९ | १४१ | १४८ | १४४ | ० | ४३३ |
| १० | १०२ | ३८४ | १९५ | २४ | ७०५ |
| **जम्मा** | **१३९१** | **२८०१** | **१८१५** | **१८५** | **६१९२** |

*श्रोत : पुचौंडी नगरपालिका घरधुरी सर्वेक्षण २०८३*

*चित्र १३ नजिकको विद्यालय पुग्न लाग्ने समयको*




घरधुरी सर्वेक्षण २०८३ बाट प्राप्त_ तथ्याङ्क अनुसार नगरपालिकाका कुल ६,१९२ घरधुरी मध्ये विद्यालय पुग्न १६ देखि ३० मिनेट लाग्नेको संख्या सबैभन्दा बढी २,८०१ जना (४५.२४%) रहेको छ। त्यसपछि ३१ देखि ६० मिनेट लाग्ने १,८१५ जना (२९.३१%), १ देखि १५ मिनेट लाग्ने १,३९१ जना (२२.४७%) तथा १ घण्टाभन्दा बढी समय लाग्ने १८५ जना (२.९९%) रहेका छन्। यसले नगरपालिकाका अधिकांश विद्यार्थीले विद्यालय पुग्न आधा घण्टाभित्रको दूरी तय गर्नुपर्ने अवस्था रहेको देखाउँछ।

वडागत रूपमा हेर्दा वडा नं. ६ मा विद्यालय १ देखि १५ मिनेटभित्र पुग्न सक्ने संख्या ३३४ जना रहेको छ, जुन सबैभन्दा बढी हो। त्यस्तै वडा नं. ४ (३८२ जना) र वडा नं. १० (३८४ जना) मा १६ देखि ३० मिनेट लाग्ने विद्यार्थीको संख्या उल्लेखनीय छ। वडा नं. ३ मा ३१ देखि ६० मिनेट लाग्ने विद्यार्थी ५१७ जना रहेका छन्, जुन सबैभन्दा बढी हो, यसले उक्त वडाका बस्तीहरू विद्यालयबाट अपेक्षाकृत टाढा रहेको संकेत गर्दछ। विद्यालय पुग्न १ घण्टाभन्दा बढी समय लाग्ने घरधुरीको संख्या वडा नं. ६ (४७ जना) र वडा नं. ५ (४२ जना) मा बढी देखिएको छ भने वडा नं. ९ मा यस्तो समस्या देखिएको छैन।

समग्रमा, नगरपालिकामा विद्यालयको पहुँच अधिकांश स्थानमा सन्तोषजनक देखिए पनि केही वडा, विशेषगरी वडा नं. ३, ५, ६ र १० मा विद्यालय पुग्न लामो समय लाग्ने घरधुरीको संख्या उल्लेखनीय रहेकोले विद्यालयको पहुँच विस्तार, यातायात सुविधा तथा शैक्षिक पूर्वाधारको सुदृढीकरण आवश्यक रहेको देखिन्छ।

### ५.१.७.	शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा

पालिकामा जम्मा विद्यालय संख्या ७३ रहेको छ भने समुदायमा आधारित विद्यालय केन्द्र ६. नीनि स्तरमा संचालन भएका विद्यालय ३ वटा. १ वटा वयाम्पस, मावि (१-१२ को संख्या ९ वटा. सामुदायिक सिकाइ केन्द्र ३ वटा, माध्यमिक विद्यालयको संख्या (१-१० सम्म १० वटा, आधारभूत विद्यालय ५६ रहेको अवस्था छ । समावेशी संरचना भएका विद्यालयमध्ये पक्की संरचना भएका शैक्षिक संस्था ४० वटा, पक्की संरचना पर्याप्त नभएका शैक्षिक संस्था २५ वटा, पक्की शौचालय भएका विद्यालय ५० वटा र पक्की शौचालय पर्याप्त नभएका विद्यालय ४० वटा रहेका छन् ।

### ५.१.८.	शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

क) विद्यालय छाड्ने प्रवृत्ति हुनु : विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।

ख) दलित, भर्ना दर न्यून हुनु : नगरपालिकाका केही स्थानहरूमा विपन्न, दलित, भर्ना दर न्यून हुनु पालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।

ग) दलित विद्यालय छाड्ने दर : पालिकाको केही विद्यालयहरूमा औसत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आर्थिक भएको र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

घ) विद्यालयहरूको भौतिक पूर्वाधार तथा आर्थिक रूपले कमजोर हुनु : सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसङ्ख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

ङ) अभिभावकहरू चनाखो नहुनु : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

च) शिक्षक दरबन्दी कम हुनु : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय तह एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

छ) आधुनिक प्रविधिको प्रयोग नहुनु : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसङ्ख्यक विद्यालयहरू वञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । केही विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट वञ्चित रहेको छन्।

### ५.१.९. श्रोत नक्सा :स्वस्थ्य संस्था




## ५.२. स्वास्थ्य तथा पोषण

पुर्चौडी नगरपालिकाको घरधुरी सर्वेक्षण २०८३ को तथ्याङ्क अनुसार यस पालिकाको जम्मा जनसङ्ख्या ३९४४८ रहेको छ । नगरपालिकामा स्वास्थ्य तथा पोषणको अवस्थालाई हेर्दा १० वटा वडा रहेको यस नगरपालिकामा स्वास्थ्य सेवाका लागि १० वटा स्वास्थ्य चौकीहरू, रहेका छन । नगरपालिकामा सरकारी अस्पताल रहेको छैन। यस नगरपालिका १२३ जना महिला स्वास्थ्य स्वयम सेविकाहरू रहेको छन् । स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण

**तालिका ५.२.१ नगरपालिका अन्तगतका स्वास्थ्य सेवा दिने संस्था वा इकाईहरूको विवरण**

| क्र संख्या | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर |
|---|---|---|
| १ | हाट स्वास्थ्य चौकी, हाट | १ |
| २ | महादेवस्थान स्वास्थ्य चौकी, महादेवस्थान | २ |
| ३ | न्वादेउ स्वास्थ्य चौकी, न्वादेउ | ३ |
| ४ | न्वाला सामुदायिक स्वास्थ ईकाई, न्वाला | ३ |
| ५ | भटना स्वास्थ्य चौकी, भटना | ४ |
| ६ | भटना सामुदायिक स्वास्थ्य ईकाई, शिबाबो | ४ |
| ७ | कुवाकोट स्वास्थ्य चौकी, कुवाकोट | ५ |
| ८ | भूमिराज स्वास्थ्य चौकी, भूमिराज | ६ |
| ९ | कोटिला स्वास्थ्य चौकी, कोटिला | ७ |
| १० | मल्लादेही स्वास्थ्य चौकी, मल्लादेही | 8 |
| ११ | तल्लादेही स्वास्थ्य चौकी, तल्लादेही | ९ |
| १२ | विजयपुर स्वास्थ्य चौकी, विजयपुर | १० |

### ५.२.१. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्य कर्मी र अन्य जनशक्ति विवरण

यस नगरपालिका हाल स्वास्थ्य सेवाका लागि १२ वटा स्वास्थ्य चौकीहरू, १ वटा सामुदायिक स्वास्थ्य केन्द्र , १० बर्थिङ सेन्टर । तलको तालिकामा यस नगरपालिकाको स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण तलको तालिका बाट प्रस्तुत गरिएको छ ।

तालिका ५.२.१.१  नगरपालिका अन्तगतका स्वास्थ्य सेवा दिने जनशक्तिहरूको विवरण

| क्र सं | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | कार्यरत स्वास्थ्यकर्मीको संख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विशेषज्ञ चिकित्सक | सामान्य चिकि | हे. अ. | नर्स | सिअहेव | अहेव | अनमी | ल्याव टेक्नियसन | अन्य | FCHV | का. स. |
| १ | पुचौंडी नगरपालिका स्वास्थ्य शाखा, | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | सि.अ.न.मि १ | ० | १ |
| २ | हाट स्वास्थ्य चौकी , हाट | १ | ० | ० | १ | ० | १ | १ | ३ | १ | ल्याब असिस्टेन्ट१ | १० | १ |
| ३ | महादेवस्थान स्वास्थ्य चौकी, | २ | ० | ० | ० | ० | १ | २ | ३ | ० | ० | १० | १ |
| ४ | न्वादेउ स्वास्थ्य चौकी, न्वादेउ | ३ | ० | ० | ० | ० | २ | ० | १ | ० | ० | १३ | १ |
| ५ | न्वाला सामुदायिक स्वास्थ ईकाई, | ३ | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ |
| ६ | भटना स्वास्थ्य चौकी, भटना | ४ | ० | ० | ० | ० | २ | १ | २ | ० | ल्याब असिस्टेन्ट१ | १३ | १ |
| ७ | भटना सामुदायिक स्वास्थ्य ईकाई, | ४ | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ |
| ८ | कुवाकोट स्वास्थ्य चौकी, कुवाकोट | ५ | ० | ० | ० | ० | २ | ० | ४ | ० | ल्याब असिस्टेन्ट१ | १५ | १ |
| ९ | भूमिराज स्वास्थ्य चौकी, भूमिराज | ६ | ० | ० | ० | ० | २ | १ | ४ | ० | ० | १४ | १ |
| १० | कोटिला स्वास्थ्य चौकी, कोटिला | ७ | ० | ० | ० | ० | २ | १ | २ | ० | ल्याब असिस्टेन्ट१ | १३ | १ |
| ११ | मल्लादेही स्वास्थ्य चौकी, मल्लादेही | ८ | ० | ० | १ | ० | २ | ० | ४ | ० | ० | १४ | १ |
| १२ | तल्लादेही स्वास्थ्य चौकी, तल्लादेही | ९ | ० | ० | ० | ० | २ | १ | २ | ० | ल्याब असिस्टेन्ट१ | ९ | १ |
| १३ | विजयपुर स्वास्थ्य चौकी, विजयपुर | १० | ० | ० | ० | ० | २ | १ | २ | ० | | १५ | १ |
| | **जम्मा** | | **०** | **०** | **२** | **०** | **१** | **१** | **२९** | **१** | **५** | **१२६** | **१३** |

### ५.२.२. प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था (बस्तीहरूबाट स्वास्थ्य संस्था पुग्न लाग्ने समय)

यस नगरपालिका सञ्चालनमा रहेका १३ वटा स्वास्थ्य संस्था बाट वडाहरूमा सबैलाई पायक पर्ने स्थानमा रहेका र मुख्य बस्ती बाट स्वास्थ्य चौकी पुग्न ३५ प्रतिशत घरधुरीले ३० मिनेटमा स्वास्थ्य सेवाको पहुँचमा रहेका पाइन्छ । यस नगरपालिकाको प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था विवरण तलको तालिका बाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.२.१ नगरपालिका स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयको आधारमा घरधुरी संख्या विवरण**

| वडा न | १ देखि पन्ध्र मिनेट | १६ देखि ३० मिनेट | ३१ देखि ६० मिनेट | १ घण्टा भन्दा बढि लाग्ने | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०९ | ११५ | १२७ | २७ | ३७८ |
| २ | २ | ४४ | १०६ | ३८० | ५३२ |
| ३ | ८ | ६० | ४१३ | ३२६ | ८०७ |
| ४ | ६१ | ३२१ | १४० | ४० | ५६२ |
| ५ | १५० | ३०९ | २४३ | १५१ | ८५३ |
| ६ | १९१ | १७९ | २२४ | २१६ | ८१० |
| ७ | २९ | २२३ | २५१ | ६७ | ५७० |
| ८ | १५ | ९७ | ३१४ | ११६ | ५४२ |
| ९ | २१ | ४५ | ३५७ | १० | ४३३ |
| १० | १६ | १५२ | ३८१ | १०६ | ७०५ |
| **जम्मा** | **६०२** | **१५४५** | **२५५६** | **१४३९** | **६१९२** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

***चित्र १४ नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समयको***



माथिको तालिका अनुसार नगरपालिकाका कुल ६,१९२ घरधुरी मध्ये स्वास्थ्य संस्थामा पुग्न १ देखि १५ मिनेट लाग्ने घरधुरी ६०२ (९.७२%), १६ देखि ३० मिनेट लाग्ने १,५४५ (२४.९५%), ३१ देखि ६० मिनेट लाग्ने २,५५६ (४१.२८%) तथा १ घण्टाभन्दा बढी समय लाग्ने १,४३९ (२३.२४%) रहेका छन्। यसबाट अधिकांश घरधुरी (४१.२८ प्रतिशत) ले स्वास्थ्य संस्थामा पुग्न ३१ देखि ६० मिनेट समय खर्च गर्नुपर्ने अवस्था रहेको देखिन्छ।

वडागत रूपमा हेर्दा वडा नं. १ का १०९ घरधुरीले १५ मिनेटभित्र स्वास्थ्य संस्था पुग्न सक्ने भए पनि १२७ घरधुरीलाई ३१—६० मिनेट र २७ घरधुरीलाई १ घण्टाभन्दा बढी समय लाग्ने देखिन्छ। वडा नं. २ मा स्वास्थ्य सेवाको पहुँच अपेक्षाकृत कमजोर रहेको देखिन्छ, जहाँ ३८० घरधुरी (७१.४३%) लाई स्वास्थ्य संस्था पुग्न १ घण्टाभन्दा बढी समय लाग्छ। वडा नं. ३ मा पनि ४१३ घरधुरीलाई ३१—६० मिनेट तथा ३२६ घरधुरीलाई १ घण्टाभन्दा बढी समय लाग्ने अवस्था छ। त्यस्तै, वडा नं. ४ र वडा नं. ५ मा अधिकांश घरधुरी १६—३० मिनेट तथा ३१—६० मिनेटको दूरीभित्र रहेका छन्। वडा नं. ६ मा १९१ घरधुरीले १५ मिनेटभित्र स्वास्थ्य संस्था पुग्न सक्ने भए पनि २१६ घरधुरीलाई १ घण्टाभन्दा बढी समय लाग्ने देखिन्छ। वडा नं. ७ र वडा नं. ८ मा पनि अधिकांश घरधुरी ३१—६० मिनेटको दूरीमा रहेका छन्। वडा नं. ९ मा ३५७ घरधुरी (८२.४५%) स्वास्थ्य संस्थाबाट ३१—६० मिनेटको दूरीमा रहेका छन्, जुन सबैभन्दा उच्च अनुपात हो। वडा नं. १० मा ३८१ घरधुरीलाई ३१—६० मिनेट तथा १०६ घरधुरीलाई १ घण्टाभन्दा बढी समय लाग्ने देखिन्छ।

समग्रमा, नगरपालिकामा स्वास्थ्य संस्थासम्मको पहुँच मध्यमदेखि कमजोर रहेको देखिन्छ, किनकि कुल घरधुरीमध्ये करिब ६४.५२ प्रतिशत (३,९९५ घरधुरी) लाई स्वास्थ्य संस्थामा पुग्न ३० मिनेटभन्दा बढी समय लाग्छ। विशेषगरी वडा नं. २, ३, ६, ८ र १० मा स्वास्थ्य सेवाको पहुँच सुदृढ गर्न थप स्वास्थ्य पूर्वाधार, स्वास्थ्य चौकीको विस्तार तथा यातायात सुविधाको सुधार आवश्यक रहेको देखिन्छ।

### ५.२.३. परिवारका सदस्यहरू बिरामी हुँदा उपचारको अवस्था

यस नगरपालिका मा घरपरिवारका सदस्य बिमारी हुँदा उपचारका लागि सबभन्दा पहिले लगिने अवस्थाको आधारमा जम्मा घरधुरी मध्ये देहाय अनुसारका अवस्था देखिन्छ।

**तालिका ५.२.३.१ परिवारका सदस्यहरू बिरामी हुँदा उपचारको लागि सबभन्दा पहिले लगिने स्थान**

| वडा नं | सरकारी | औषधि पसल | धामी झाँक्री | निजी स्वास्थ्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३१५ | ५९ | १ | ३ | ३७८ |
| २ | ५३१ | | | १ | ५३२ |
| ३ | ८०७ | | | | ८०७ |
| ४ | ५५१ | | | ११ | ५६२ |
| ५ | ६८५ | १२५ | ३६ | ७ | ८५३ |
| ६ | ८०३ | ३ | | ४ | ८१० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ५६६ | | | ४ | ५७० |
| ८ | ५४२ | | | | ५४२ |
| ९ | ४०९ | | | २४ | ४३३ |
| १० | ५९७ | | ५ | १०३ | ७०५ |
| **जम्मा** | **५८०६** | **१८७** | **४२** | **१५७** | **६१९२** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

घरधुरी सर्वेक्षणक अनुसार यस नगरपालिका क्षेत्रमा रहेका कुल ६,१९२ परिवारमध्ये अधिकांश परिवारले परिवारका सदस्य बिरामी हुँदा सबैभन्दा पहिले सरकारी स्वास्थ्य संस्थामा उपचारका लागि लैजाने गरेको देखिन्छ। कुल ५,८०६ परिवार (करिब ९३.८ प्रतिशत) ले सरकारी स्वास्थ्य संस्थालाई पहिलो रोजाइको रूपमा उल्लेख गरेका छन्। यसले समुदायमा सरकारी स्वास्थ्य सेवाप्रति उच्च विश्वास रहेको तथा स्वास्थ्य सेवामा सरकारी संस्थाहरूको पहुँच र प्रभावकारिता राम्रो रहेको संकेत गर्दछ।
त्यसैगरी, १८७ परिवार (करिब ३.० प्रतिशत) ले बिरामी हुँदा सबैभन्दा पहिले औषधि पसलमा जाने गरेको बताएका छन्। विशेषगरी वडा नं. ५ मा १२५ परिवार तथा वडा नं. १ मा ५९ परिवारले औषधि पसललाई पहिलो उपचार केन्द्रको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। यसले सामान्य स्वास्थ्य समस्याको उपचारका लागि औषधि पसलको प्रयोग अझै पनि प्रचलित रहेको देखाउँछ।
परम्परागत उपचार पद्धतिमा आधारित धामी—झाँक्रीकहाँ जाने परिवारको संख्या अत्यन्त न्यून रहेको छ। कुल ४२ परिवार (करिब ०.७ प्रतिशत) ले धामी—झाँक्रीलाई पहिलो उपचारको विकल्पका रूपमा उल्लेख गरेका छन्। तीमध्ये वडा नं. ५ मा ३६ परिवार र वडा नं. १० मा ५ परिवार रहेका छन्। यसले आधुनिक स्वास्थ्य सेवाको पहुँच र प्रयोग बढ्दै गएको भए पनि केही क्षेत्रमा परम्परागत उपचार पद्धतिको प्रभाव अझै कायम रहेको संकेत गर्दछ।
त्यस्तै, निजी स्वास्थ्य संस्था वा क्लिनिकलाई पहिलो रोजाइ बनाउने परिवारको संख्या १५७ (करिब २.५ प्रतिशत) रहेको छ। वडा नं. १० मा सबैभन्दा बढी १०३ परिवारले निजी स्वास्थ्य संस्थालाई प्राथमिकता दिएको देखिन्छ भने वडा नं. ९ मा २४ परिवार, वडा नं. ४ मा ११ परिवार तथा वडा नं. ५ मा ७ परिवारले निजी स्वास्थ्य सेवा प्रयोग गर्ने गरेको पाइन्छ। यसले केही वडामा निजी स्वास्थ्य सेवाको उपलब्धता तथा प्रयोग अपेक्षाकृत बढी रहेको देखाउँछ।
वडा अनुसार हेर्दा वडा नं. २, ३, ७ र ८ मा लगभग सबै परिवारले सरकारी स्वास्थ्य संस्थालाई नै पहिलो उपचार केन्द्रका रूपमा रोजेका छन्। समग्रमा, यस तालिकाले अध्ययन क्षेत्रका अधिकांश परिवार आधुनिक स्वास्थ्य सेवातर्फ आकर्षित भएको र सरकारी स्वास्थ्य संस्थाहरू स्वास्थ्य सेवाको प्रमुख आधार बनेको स्पष्ट रूपमा देखाउँछ।

### ५.२.४. उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू

पुचौंडी नगरपालिकामा १० स्वास्थ्य चौकी तथा २ सामुदायिक स्वास्थ्य केन्द्रहरू सञ्चालनमा छन् । यी संस्थाबाट पाइने सम्पूर्ण सम्पूर्ण स्वास्थ्य सेवाहरूको विवरण निम्न अनुसार रहेको पाइन्छ । खोप

कार्यक्रम, समुदायमा आधारित नवशिशु तथा वाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम, पोषण कार्यक्रम, शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम, गाउँघर क्लिनिक र समुदाय स्तर स्वास्थ्य कार्यक्रम, कुष्ठरोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, ल्याब सेवा आदी ।

- ओ.पि.डी सेवा
- सुरक्षित मातृत्व सेवा
- परिवार नियोजन सेवा
- प्रयोगशाला सेवा
- निःशुल्क औषधी वितरण सेवा
- खोप तथा गाउँघर क्लिनिक सेवा
- पोषण परामर्श तथा उपचार सेवा
- एकीकृत सेवा
- प्राथमिक उपचार तथा परामर्श सेवा
- किशोर किशोरी सेवा
- एकीकृत बाल रोग व्यवस्थापन सेवा
- मातृत्व सेवा
- DOTS सेवा

नगरपालिका रहेको कुल ३९४८८ जनसङ्ख्या भएको यस पुचौंडी पालिका भित्र १० वटा स्वास्थ्य चौकी र र ३ सामुदायिक स्वास्थ्य केन्द्र गरी १२ ओटा सरकारी स्वास्थ्य संस्थाले ओ.पि.डी. सेवा दिइरहेका छन् । १० ओटा वडामा विभाजित यस पालिकाको १० वडामा नै सरकारी स्वास्थ्य संरचनाले समेटिएको छ । पालिकाको योजना अनुरूप पालिकामा १५ शय्याको अस्पताल निर्माणका अन्तिम चरणमा रहेको छ । अझै पनि पालिकाभित्रका दूर दराजमा स्वास्थ्य संस्था सञ्चालन नभएर सबै पालिकावासीलाई सेवामा पहुँच पुराउन सकिएको छैन।

### ५.२.५. आ.व. २०७१/०८२मा पालिका भित्रका स्वास्थ्य संस्थाले दिएको खोप सेवाको विवरण

जन्मेदेखि २३ महिना सम्मका बालबालिकाहरूलाई खोप तालिका अनुसार लगाउनुपर्ने सम्पूर्ण खोपहरू अनिवार्य प्रदान गर्नु पर्दछ । पालिका भित्रका १० ओटा स्वास्थ्य चौकीहरूले प्रत्येक महिनामा खोप केन्द्र मार्फत खोप सेवा प्रदान गरिरहेका छन् । पालिकालाई दिगो र पूर्ण खोप पालिका निश्चित गर्नुपर्ने चुनौतीका पनि छ ।

**तालिका ५.२.५.१ नगरपालिकामा भित्रका स्वास्थ्य संस्थाले दिएको खोप सेवाको विवरण**

| वडा.नं. | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थाको नाम | | पुचौंडी हाटस्वा. चौ. | माहादेवस्थान स्वा.चौ. | न्वादेउस्वा .चौ. | भटनास्वा .चौ. | कुवाकोट स्वा.चौ. | भूमिराज स्वा.चौ. | कोटिला स्वा. चौ. | मल्लादेही स्वा.चौ. | तल्लादेही स्वा.चौ. | विजयपुर स्वा.चौ. | |
| लक्षित जनसंख्या | जम्मा १बर्षमुनि | ५० | ७१ | ९७ | ८४ | १३८ | १०८ | ७७ | ८८ | ६९ | ९२ | ८७४ |
| | १२(२३ महिना | ५० | ६९ | ९३ | ८० | १३५ | १०४ | ७४ | ८४ | ६७ | ९० | ८४६ |
| | अपेक्षित गर्भवती | ५९ | ८४ | ११४ | ९९ | १६४ | १२७ | ९१ | १०४ | ८१ | १०८ | १०३१ |
| दिएको खोपको | विसिजी | २० | ३४ | ४८ | ५१ | ५९ | ४८ | ३१ | २६ | ४० | ३८ | ३९५ |
| | रोटा १ | २१ | ३४ | ५३ | ४२ | ५३ | ६२ | ३६ | २६ | ३८ | ४३ | ४०८ |
| | रोटा २ | १८ | ३८ | ५१ | ४८ | ५६ | ५८ | ३२ | २४ | ४० | ४५ | ४१० |
| | ओ.पि.भि. १ | १८ | ३८ | ५१ | ४८ | ५६ | ५८ | ३२ | २४ | ४० | ४५ | ४१० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ओ.पि.भि . २ | २१ | ३४ | ५२ | ४२ | ५३ | ६२ | ३६ | २६ | ३८ | ४३ | ४०७ |
| | ओ.पि.भि . ३ | २२ | ३२ | ५५ | ४० | ५४ | ६० | ३४ | ३२ | ३९ | ३९ | ४०७ |
| | एफ. आई.पि. भि १ | २२ | ३२ | ५५ | ४० | ५४ | ६० | ३५ | ३२ | ३९ | ३९ | ४०८ |
| | एफ. आई.पि. भि२ | २५ | ३० | ४९ | ३८ | ५५ | ५० | ३७ | ३२ | ४५ | ४६ | ४०७ |
| | पि.सि.भि .१ | १८ | ३८ | ५१ | ४८ | ५६ | ५८ | ३२ | २४ | ४० | ४५ | ४१० |
| | पि.सि.भि .२ | २१ | ३४ | ५२ | ४२ | ५३ | ६२ | ३६ | २६ | ३८ | ४३ | ४०७ |
| | पि.सि.भि .३ | २५ | ३० | ४९ | ३६ | ५५ | ५० | ३८ | ३२ | ४५ | ४६ | ४०६ |
| | डिपिटी हेप बी हिब १ | १८ | ३८ | ५१ | ४८ | ५६ | ५८ | ३२ | २४ | ४० | ४५ | ४१० |
| | डिपिटी हेप बी हिब २ | २१ | ३४ | ५१ | ४२ | ५३ | ६२ | ३६ | २६ | ३८ | ४३ | ४०६ |
| | डिपिटी हेप बी हिब ३ | २२ | ३२ | ५८ | ४० | ५४ | ६० | ३५ | ३२ | ३९ | ३९ | ४११ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दादुरा रुबेला १ | २५ | ३० | ४९ | ३८ | ५५ | ५० | ३८ | ३२ | ४५ | ४६ | ४०८ |
| | दादुरा रुबेला २ | २० | ३३ | ४६ | ३७ | ५४ | ५२ | ३९ | ४३ | ४४ | ४६ | ४१४ |
| | टाइफाइड | २० | ३३ | ४६ | ३७ | ५६ | ५२ | ३९ | ४३ | ४४ | ४६ | ४१६ |
| | जे.ई. | २२ | ३१ | ५६ | ३६ | ५९ | ४९ | ३५ | ४० | ४८ | ४३ | ४१९ |
| | टी डी १ | ११ | १७ | २० | १४ | २८ | ३१ | १७ | २० | २० | १९ | १९७ |
| | टी डी २ | १३ | १५ | २३ | १६ | २१ | ३३ | २२ | १३ | २७ | २२ | २०५ |
| | टी डी २ ं | १३ | २० | ३५ | २७ | ४५ | ३३ | १५ | १४ | १७ | २८ | २४७ |

श्रोत: स्वास्थ्य शाखा, पुचौंडी नगरपालिका २०८३

## ५.२.६. श्रोत नक्सा :स्वस्थ्य संस्था



### ५.२.७. समुदाय स्तरमा गरेका क्रियाकलापहरू

यस नगरपालिकामा १० वटा स्वास्थ्य चौकी रहेको छ जसमा २४ सै घण्टा नियमित बिमारी नाँच तया आकस्मिक सेवा पोषण वृद्धि, अनुगमन, खोप सेवा, प्रयोगशाला गर्भवती चेक जाँच तथा अन्टासाउण्ड, सुरक्षित सुत्केरी, किशोरकिशारी स्वास्थ्य शिक्षा तथा परामर्श, दन्त सेवालगायत सेवा प्रदान गरी बढावासीलाई गुणस्तर स्वास्थ्य सेवा उपलब्ध गरेको छ । पालिकाले एक्सरे सेवाको लागि मेसिन खरिद गरेको एमबिबिएस डाक्टरदारा बिमारी चेक जाँच र उपचारको व्यवस्था गरिएको अवस्था छ । स्वाथ्य संस्थाहरूमा निःशुल्क औषधीहरू रहेको, खोप क्लिनिक रहेको, शिध कुपोषित र मध्यम कुपोषित बालबालिकाहरूको उपचार कक्ष रहेको, एम्बुलेन्स सेवा, खोप कार्यक्रम सशलनमा रहेका छन् । यस नगरपालिकाले पाँच वर्ष भित्रमा एक जना मेडिकल अधिकृत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

१५ शैया आधारभुत अस्पताल निर्माणधीन अवस्थामा रहेको, वार्मिंग सेन्टर सहितका १० वटा स्वास्थ्य चौकी संचालनमा रहेको, वार्निंग सेन्टर सहितका २ सामुदायिक स्वास्थ्य ईकाई, वडा नं. ९ बाहेक सबै वडामा बार्डिगं सेन्टर (सुरक्षित प्रसुती केन्द्र) रहेको छ । वडा नं. २ र ३ मा सामुदायिक स्वास्थ्य इकाई रहेको छ भने नगरपालिकाको ४ वटा स्वास्थ्य चौकीमा २४ सै घण्टा आपतकालिन सेवा उपलब्ध रहेको छ । खोप गाउँघर क्लिनिक ८ वटा भवनमा संचालित छ भने गाउँघर क्लिनिक ३९ वटा, खोप क्लिनिक ५१ बटा र एक्सरे सेवाको लागि मेसिन खरिद, एमविविएस डाक्टरद्वारा बिमारी चेक जाँच र उपचार स्मार्ट स्वास्थ् सेवा सुचारु भइरहेको अवस्था छ। नियमित रूपमा एम्बुलेन्स सेवा संचालन, गर्भवती प्रयोगशाला निशुल्क, ग्रामिण अन्टासाउण्ड निशुल्क, नियमित औषधी विवरण गर्ने गरेको, दरवन्दि अनुसार कर्मचारी पुरा गरेको, सुत्केरीलाई उपमेयर कोशेली, विभिन्न किसिमका समुदाय पर्वद्धनका कियाकलापहरू संचालन गरेको गाउँघर क्लिनिक व्यवस्थापन, स्वास्थ्य पहुंच बढाउन टोल टोलमा स्वास्थ्य कर्मी परिचालन, ग्रामिण अन्टासाउण्ड कार्यक्रम संचालन गरिरहेको छ ।

## ५.३. खानेपानी तथा सरसफाई

### ५.३.१. खानेपानी सुविधाको अवस्था

घरधुरी सर्वेक्षण २०८३ अनुसार पुचौंडी नगरपालिकाका कुल ६,१९२ घरधुरीमध्ये अधिकांश घरधुरीले खानेपानीको मुख्य स्रोतका रूपमा पाइपधाराको प्रयोग गरेका छन्। तथ्याङ्क अनुसार ५,८२५ घरधुरी (९४.१ प्रतिशत) मा पाइपधारामार्फत खानेपानीको पहुँच रहेको छ, जसले नगरपालिकामा खानेपानी सेवाको पहुँच निकै राम्रो रहेको देखाउँछ। त्यस्तै २१९ घरधुरी (३.५ प्रतिशत) ले मूलको पानी प्रयोग गर्ने गरेका छन् भने ९२ घरधुरी (१.५ प्रतिशत) ले ढाकिएको इनार वा कुवाको पानी प्रयोग

गर्ने गरेका छन्। त्यसैगरी ३८ घरधुरी (०.६ प्रतिशत) अझै नढाकिएको इनार वा कुवामा निर्भर रहेका छन् भने १८ घरधुरी (०.३ प्रतिशत) ले नदी तथा खोलाको पानी प्रयोग गर्ने गरेका छन्।

वडागत रूपमा हेर्दा वडा नं. ५ मा सबैभन्दा बढी ८४७ घरधुरीले पाइपधाराको सुविधा उपयोग गरिरहेका छन् भने वडा नं. ३ मा ७९९ र वडा नं. ६ मा ७८९ घरधुरी पाइपधारामा निर्भर रहेका छन्। मूलको पानी प्रयोग गर्ने घरधुरीको संख्या वडा नं. ४ (५७ घरधुरी) र वडा नं. १ (४८ घरधुरी) मा तुलनात्मक रूपमा बढी रहेको छ। ढाकिएको इनार वा कुवाको प्रयोग वडा नं. ८ (२९ घरधुरी) र वडा नं. १० (२३ घरधुरी) मा उल्लेखनीय देखिन्छ। नढाकिएको इनार वा कुवाको प्रयोग वडा नं. २ मा सबैभन्दा बढी (१६ घरधुरी) रहेको छ। नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी संख्या अत्यन्त न्यून भए पनि वडा नं. १, २, ३, ४, ६ र ८ मा केही घरधुरी अझै यस स्रोतमा निर्भर रहेको देखिन्छ।

समग्रमा, नगरपालिकामा सुरक्षित खानेपानीको प्रमुख स्रोतका रूपमा पाइपधाराको पहुँच अत्यन्त उच्च रहेको देखिए पनि केही घरधुरी अझै मूल, इनार/कुवा तथा नदी–खोलाजस्ता तुलनात्मक रूपमा कम सुरक्षित स्रोतमा निर्भर छन्। त्यसैले सुरक्षित र गुणस्तरीय खानेपानी सेवाको सार्वभौमिक पहुँच सुनिश्चित गर्न बाँकी घरधुरीलाई पनि पाइपधारा प्रणालीमा आबद्ध गर्ने तथा वैकल्पिक स्रोतहरूको गुणस्तर सुधारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ।खानेपानी सुविधाको आधारमा घरपरिवार सम्बन्धी विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ५.३.१.१ पालिकाको खानेपानी सुविधाको अवस्थाको विवरण**

| वडा न | पाइपधारा | मूलको | ढाकिएको | नढाकिएको | नदी खोला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३२१ | ४८ | | | ९ | ३७८ |
| २ | ५०४ | ८ | ३ | १६ | १ | ५३२ |
| ३ | ७९९ | ७ | | | १ | ८०७ |
| ४ | ४८१ | ५७ | १३ | ७ | ४ | ५६२ |
| ५ | ८४७ | ५ | | १ | | ८५३ |
| ६ | ७८९ | २ | १२ | ५ | २ | ८१० |
| ७ | ५११ | ४४ | १२ | ३ | | ५७० |
| ८ | ५१० | | २९ | २ | १ | ५४२ |
| ९ | ४१६ | १७ | | | | ४३३ |
| १० | ६४७ | ३१ | २३ | ४ | | ७०५ |
| **जम्मा** | **५८२५** | **२१९** | **९२** | **३८** | **१८** | **६१९२** |
| **प्रतिसत** | ९४.१% | ३.५% | १.५% | ०.६% | ०.३% | १ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

*चित्र १५ पालिकाको खानेपानी सुविधाको वडा अनुसार*




## ५.३.२. खानेपानीको श्रोतको विवरण

पुचौंडी नगरपालिकामा बसोबास गर्ने मानिसहरू विशेष गरी मुलको पानी पाईपको माध्यमबाट ल्याई खानेपानीको प्रयोग गर्ने गर्दछन् साथै केही भागमा मुल र ईनार (नौला)को पानी प्रयोग गर्ने भएकाले उल्लेखित श्रोतहरू नै यस नगरपालिका क्षेत्रको मुख्य खानेपानीको श्रोतको रूपमा रहेको छ । पालिकाका मुख्य खानेपानी मुहानहरु अल्लाडी खोला, बेउरि गाड, बत्थि धारा, जिमुडी खोला, भाटना नौलो कुवा, थागिल खोला, बग्गाड, जमाडी, चोर पानी मुहान, भुमिराज कालापानि, छेतिडुङरि धारा, पानपिने खानेपानी मुहान, ओखड्यान खाने पानी , ट्यांकी, भैरुनाउला, सेलानि पानी खाने पानी, रजे, बुमिराज खडिपातल, नाकालि पानि धारा, पत्थरेगाण, गोणा छडा, भाडि, नैन गाड मसानि माणौ आदि रहेका छन।

## ५.३.३. शौचालय प्रयोगको अवस्था

पुचौंडी नगरपालिकामा अझै पनि सबै घरधुरीमा शौचालयको प्रबन्ध नभएको देखिन्छ । स्वास्थ्य, खानेपानी तथा सरसफाइको अवस्था विश्लेषण गर्दा यस पुचौंडी नगरपालिकामा रहेका ६१९२ घरपरिवार मध्ये ५८६२ (९४.५%) घरपरिवारमा शौचालय भएको देखिन्छ भने बाँकी ३३० (५.३%) घरपरिवारमा कुनै किसिमको शौचालय नभएको देखिएको छ । वडागत रूपमा शौचालय प्रयोगको अवस्था निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ५.३.३.१ पालिकाको शौचालयको किसिम सम्बन्धि विवरण**

| वडा नं | कच्ची चर्पी | फ्लस भएको (सेप्टिक टयाङ्क) | शौचालय नभएको | साधारण चर्पी | जम्मा |
|---|---|---|---|---|---|
| १ | १७९ | ३२ | ४३ | १२४ | ३७८ |
| २ | ६ | १ | १० | ५१५ | ५३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ५७६ | ८५ | २१ | १२५ | ८०७ |
| ४ | १९६ | १ | ४२ | ३२३ | ५६२ |
| ५ | ३९६ | ७६ | २० | ३६१ | ८५३ |
| ६ | १०८ | ५८ | ८७ | ५५७ | ८१० |
| ७ | १५ | १ | १३ | ५४१ | ५७० |
| ८ | ६० | ४ | २० | ४५८ | ५४२ |
| ९ | ४३ | १ | ४३ | ३४६ | ४३३ |
| १० | १५५ | ६ | ३१ | ५१३ | ७०५ |
| **जम्मा** | १७३४ | २६५ | ३३० | ३८६३ | ६१९२ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

*चित्र १६ शौचालयको किसिम अवस्था सम्बन्धि विवरण घरधुरी अनुसार*




### ५.३.४. सार्वजनिक शौचालय

पुचौंडी नगरपालिकाको ,केहि मन्दिर परिसर, र पालिकाका वडा कार्यालयहरू र सार्वजनिक भवनहरुमा सार्वजनिक शौचालय भएको पाईन्छ ।

### ५.३.५. फोहोरमैला व्यवस्थापन

पुचौंडी नगरपालिकामा घरबाट निस्कने फोहर व्यवस्थापनको अवस्थालाई १० वटा वडाका आधारमा ले हेर्दा समग्रमा ६,१९२ उत्तरहरू मध्ये सबैभन्दा ठूलो हिस्सा (३७%) फोहर थुपार्ने ठाउँमा फाल्ने गरेको पाइन्छ। त्यसपछि ३०% घरधुरीले फोहर कहाँ फालिन्छ भन्ने कुरा खासै निश्चित नभएको देखिन्छ, जसले फोहर व्यवस्थापन प्रणाली कमजोर रहेको संकेत गर्छ। २१% घरधुरीले फोहर नदी वा खोल्सामा विसर्जन गर्ने गरेको देखिनु वातावरणीय दृष्टिले अत्यन्त चिन्ताजनक अवस्था हो। अन्य

अभ्यासहरूमा आफ्नै घर कम्पाउण्ड भित्र फाल्ने ४%, कम्पोष्ट मल बनाउने ५% र बाटो छेउमा फाल्ने ३% रहेको छ, जुन तुलनात्मक रूपमा न्यून छ।

वडागत रूपमा हेर्दा केही वडामा फोहर थुपार्ने ठाउँमा फाल्ने प्रवृत्ति बढी देखिन्छ भने केही वडामा नदी/खोल्सामा वा अनिश्चित रूपमा फाल्ने अभ्यास उच्च छ, जसले व्यवस्थापन प्रणालीमा असमानता देखाउँछ। विशेषगरी वडा ५ मा कम्पोष्ट मल बनाउने अभ्यास उल्लेखनीय रूपमा बढी देखिनु सकारात्मक पक्ष हो भने अन्य धेरै वडामा यस्तो अभ्यास अत्यन्त न्यून छ। समग्र निष्कर्षमा, नगरपालिकामा फोहर व्यवस्थापन अझै व्यवस्थित र दिगो प्रणालीमा आधारित नभएको र ठूलो मात्रामा खुला तथा अव्यवस्थित विसर्जन भइरहेको देखिन्छ, जसले वातावरणीय प्रदूषण, स्वास्थ्य जोखिम र जलस्रोतमा नकारात्मक असर पार्ने सम्भावना बढाएको छ।

**तालिका ५.३.५.१ घरबाट निस्कने फोहर व्यवस्थापन सम्बन्धि विवरण**

| वडा नं | फोहर थुपार्ने ठाउँमा | खासै निश्चित छैन | नदी वा खोल्सामा | आफ्नै घर कम्पाउण्ड भित्र | कम्पोष्ट मल बनाउने | बाटो छेउमा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १६१ | | ७७ | ९ | ४९ | ८२ | ३७८ |
| २ | ५१९ | १ | १० | १ | १ | | ५३२ |
| ३ | ३०० | ३०५ | १०१ | १०१ | | | ८०७ |
| ४ | ५५ | १०७ | ३०० | ५० | ३ | ४७ | ५६२ |
| ५ | २६७ | २४५ | १८६ | ७ | १४७ | १ | ८५३ |
| ६ | ८७ | १८२ | ५०७ | १५ | २ | १७ | ८१० |
| ७ | ४४ | ४९३ | २४ | | ९ | | ५७० |
| ८ | ४०७ | १ | ७६ | ६ | | ५२ | ५४२ |
| ९ | २९४ | ९९ | १० | २९ | १ | | ४३३ |
| १० | १७८ | ४१९ | ४ | ३ | १०१ | | ७०५ |
| जम्मा | २३१२ | १८५२ | १२९५ | २२१ | ३१३ | १९९ | ६१९२ |
| प्रतिसत | ३७% | ३०% | २१% | ४% | ५% | ३% | १००% |

श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

## ५.३.६. ढल व्यवस्थापन

तथ्याङ्कका आधारमा यस नगरपालिकामा सडक बन्ने कार्य अगाडी बढेको भएता पनि व्यवस्थित ढल निकासको व्यवस्था नभएको देखिन्छ । पुचौंडी नगरपालिका भित्र हुनुपर्ने पूर्वाधारको विकास हुने क्रममा रहेको छ । नयाँ र कच्ची सडकहरूको कारण उचित तवर वाट ढलको व्यवस्थापन हुन सकेको देखिँदैन । हाल नगरपालिकाले सडक निर्माण तथा ढल व्यवस्थापनको मापदण्ड लाई अङ्गीकार गर्दै नयाँ निर्माण हुने सडकहरूमा ढलको उचित प्रबन्ध हुनुपर्ने कुरामा जोड दिदैं आएको छ ।

**तालिका ५.३.६.१ ढल निकासको व्यवस्था सम्बन्धि विवरण**

| वडा नं | ढल नभएको | कच्चि | पक्कि (खुल्ला/स्लावले नढाकेको) | पक्कि (स्लाबले ढाकेको) | जम्मा |
|---|---|---|---|---|---|
| १ | १२९ | २२२ | १४ | १३ | ३७८ |
| २ | ५३२ | | | | ५३२ |
| ३ | ८०४ | २ | १ | | ८०७ |
| ४ | ५४९ | १३ | | | ५६२ |
| ५ | ४२९ | ४०६ | ४ | १४ | ८५३ |
| ६ | ८०३ | ४ | | ३ | ८१० |
| ७ | ५६८ | १ | | १ | ५७० |
| ८ | ५२८ | ८ | १ | ५ | ५४२ |
| ९ | ४२६ | १ | | ६ | ४३३ |
| १० | ७०४ | | | १ | ७०५ |
| जम्मा | ५४७२ | ६५७ | २० | ४३ | ६१९२ |

श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

प्रस्तुत तालिकाले पुचौंडी नगरपालिकाका १० वटा वडाहरूमा रहेका घरधुरी वा संरचनाहरूको ढल निकासको अवस्थालाई प्रस्तुत गरेको छ। तालिकाको तथ्याङ्क अनुसार यस नगरपालिकामा ढल निकासको व्यवस्थापन अझै पनि प्रारम्भिक चरणमै रहेको देखिन्छ, किनकि कुल ६,१९२ संरचनाहरू मध्ये सबैभन्दा ठूलो हिस्सा अर्थात् ५,४७२ (करिब ८८.३७%) मा अझै पनि ढलको कुनै व्यवस्था छैन (ढल नभएको)। ढल भएका संरचनाहरू मध्ये पनि ६५७ वटामा कच्ची ढल रहेको छ भने पक्की ढलको संख्या निकै न्यून छ। जसमा खुला वा स्ल्याबले नढाकेको पक्की ढल २० वटा र स्ल्याबले ढाकेको सुरक्षित पक्की ढल मात्र ४३ वटा रहेका छन्।

वडागत रूपमा हेर्दा, वडा नं. ३ मा सबैभन्दा बढी ८०७ र वडा नं. ५ मा ८५३ संरचनाहरू रहेका छन्, जहाँ ढल नभएका संरचनाको संख्या पनि क्रमशः ८०४ र ४२९ छ। विशेष गरी वडा नं. ५ मा कच्ची ढलको संख्या (४०६) र स्ल्याबले ढाकेको पक्की ढलको संख्या (१४) अन्य वडाहरूको तुलनामा केही व्यवस्थित देखिन्छ। वडा नं. १ मा पनि २२२ वटा कच्ची ढल र कुल ३७८ संरचना रहेका छन्। यसको विपरीत वडा नं. २, ४, ६, ७, ८, ९ र १० मा ढल नभएका घरधुरीहरूको बाहुल्यता अत्यधिक छ, र त्यहाँ पक्की ढलको विकास न्यून वा शून्यको अवस्थामा छ। समग्रमा, यो तालिकाले पुचौंडी नगरपालिकामा आधुनिक र व्यवस्थित (स्ल्याबले ढाकेको) ढल प्रणालीको विस्तार गर्न र कच्ची ढलहरूलाई स्तरोन्नति गर्न ठूलो पूर्वाधार विकासको आवश्यकता रहेको प्रष्ट पार्छ।

## ५.४. महिला, वालवालीका तथा सामाजिक समावेशीकरण

### ५.४.१. अपाङ्गताका आधारमा जनसंख्या

यस नगरपालिकामा वडागत रूपमा अपाङ्गताको आधारमा जनसङ्ख्याको विवरण हेर्दा कुल ६४९ जना मध्ये ५०.८ प्रतिशत पुरुष र ४०.२ प्रतिशत महिला रहेका छन् । प्राय सबै वडाहरूमा उल्लेखनीय सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिएको छ भने तुलनात्मक रूपमा सबैभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू क्रमशः वडा नम्बर ८ बढी रहेको देखिएको छ । अपाङ्गताको आधारमा वडागत जनसङ्ख्या विवरण निम्नअनुसार रहेको छ ।

**तालिका ५.४.१.१ अपाङगताको आधारमा जनसंख्या**

| वार्ड नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ३३ | ३२ | ६५ |
| २ | २४ | २० | ४४ |
| ३ | २० | ७ | २७ |
| ४ | ३० | ३३ | ६३ |
| ५ | ७ | १० | १७ |
| ६ | ४६ | ४७ | ९३ |
| ७ | २७ | ३४ | ६१ |
| ८ | ६१ | ४९ | ११० |
| ९ | ३५ | ५६ | ९१ |
| १० | ३६ | ४२ | ७८ |
| जम्मा | ३१९ | ३३० | ६४९ |
| प्रितिसत | ४९.१५% | ५०.८५% | |

श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

### ५.४.२. अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्याको विवरण

यस नगरपालिकामा अपाङ्गता भएका जनसङ्ख्या, ६४९ जना मध्ये सबै भन्दा बढी २६.७२ प्रतिशतमा बहू अपाङ्गता भएको र २१.३७ प्रतिशतलाई बहिरोपनको अपाङ्गता भएको देखिएको छ । अपाङ्गता भएको अवस्थाका आधारमा जनसङ्ख्याको वडागत विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका ५.४.२.१ अपाङ्गता भएको अवस्थाका आधारमा जनसंख्या**

| अपाङ्गता किसिम | महिला | पुरुष | जम्मा | प्रतिसत |
|---|---|---|---|---|
| शारिरिक अपाङ्गता | १४२ | १९४ | ३३६ | ५२% |
| न्यून दृष्टियुक्त | २४ | २१ | ४५ | ७% |
| पूर्ण दृष्टिविहिन | १४ | ८ | २२ | ३% |
| बहिरोपन | १३ | १९ | ३२ | ५% |
| सुस्तश्रवण | ६ | ३ | ९ | १% |
| श्रवण / दृष्टिविहिन | ७ | ६ | १३ | २% |
| स्वर र बोलाई | १४ | १६ | ३० | ५% |
| मानसिक वा मनोसामाजिक | १९ | १७ | ३६ | ६% |
| बौद्धिक अपाङ्गता | ७ | १० | १७ | ३% |
| अनुवंशीय अपाङ्गता | ७ | ० | ७ | १% |
| अटिजम् | ० | ० | ० | ०% |
| बहुअपाङ्गता | ९ | १३ | २२ | ३% |
| अन्य | ५७ | २३ | ८० | १२% |
| जम्मा | ३१९ | ३३० | ६४९ | १००% |

श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

तालिका अनुसार यस नगरपालिकामा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको कुल संख्या ६४९ रहेको छ, जसमा पुरुषको संख्या ३३० र महिलाको संख्या ३१९ छ। तथ्याङ्कलाई हेर्दा पुचौंडी नगरपालिकामा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्, जसको संख्या ३३६ (कुल संख्याको ५२ प्रतिशत) छ। शारीरिक अपाङ्गता भएकाहरूमध्ये पुरुषको संख्या १९४ र महिलाको संख्या १४२ रहेको देखिन्छ। यसपछि दोस्रो ठूलो समूह 'अन्य' प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको छ, जसले कुल जनसंख्याको १२ प्रतिशत (८० जना) ओगटेको छ।

त्यसैगरी, न्यून दृष्टियुक्त व्यक्तिहरू ७ प्रतिशत (४५ जना), मानसिक वा मनोसामाजिक अपाङ्गता भएकाहरू ६ प्रतिशत (३६ जना) र बहिरोपन तथा स्वर र बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू समान ५—५ प्रतिशत (क्रमशः ३२ र ३० जना) रहेका छन्। पूर्ण दृष्टिविहिन, बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका व्यक्तिहरूको हिस्सा समान ३—३ प्रतिशत देखिन्छ। श्रवण/दृष्टिविहिन भएकाहरू

२ प्रतिशत छन् भने सुस्तश्रवण र अनुवंशीय अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा कम समान १—१ प्रतिशत (क्रमशः ९ र ७ जना) रहेका छन्। तालिका अनुसार यस नगरपालिकामा अटिजम् भएका व्यक्तिहरूको संख्या भने शून्य (० प्रतिशत) रहेको देखिन्छ। समग्रमा, यस नगरपालिकामा महिलाको तुलनामा अपाङ्गता भएका पुरुषहरूको संख्या केही बढी छ र शारीरिक अपाङ्गता यहाँको प्रमुख चुनौतीको रूपमा देखा पर्दछ।

## ५.५. युवा तथा खेलकूद र मनोरञ्जन

### ५.५.१. खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरणः

पुचौंडी नगरपालिकामा विद्यालयमा बाहेक सार्वजनिक खेलमैदान तथा चौरहरू रहेको देखिँदैन । नगरपालिकामा रहेका खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी वडागत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ५.५.१.१ नगरपालिकामा रहेका खेलमैदान, सम्वन्धी विवरणः**

| क्र.सं. | खेल मैदानको नाम |
|---|---|
| १ | नाकाली क्रिकेट मैदान |
| २ | चिसापानी खेल मैदान |
| ३ | बोगोर खेल मैदान |
| ४ | नारायणी ढुंगा खेल मैदान |
| ५ | हुलिगाडा खेल मैदान |
| ६ | भूमिराज मा.बि.क्लब खेल मैदान |
| ७ | गिरिजा बगड खेल मैदान |
| ८ | रौनाली चौर खेल मैदान |
| ९ | त्रिकाली बिद्यालय खेल मैदानस्क्वा |
| १० | अलकापुरी खेल मैदान |
| ११ | खर्क खेल मैदान |
| १२ | न्वाघरखेल मैदा न |
| १३ | गिर्जा बगड खेल मैदान |

श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

### ५.५.२. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण

**तालिका ५.५.२. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण**

| क्र.सं. | सार्वजनिक वस्तु विवरण | स्थान | उपयोग |
|---|---|---|---|
| १ | सिलगाउँ चौतारा | सिलगाउँ | बैठक/गोष्ठी |
| २ | पनिखाने नाउलो | भटना | पानी खाने |
| ३ | पिपल चौतारा | बग्गा | सबै मानिस बस्ने |
| ४ | बैंस चौतारी | सिवाओ | छायामा बस्ने |
| ५ | चौतारी | रपना | छ |
| ६ | चौतारी | धरिही | छ |
| ७ | पतिपौवा | देउराड (रपन) | छ |
| ८ | चौतारा | बडगाउँ | छ |
| ९ | पिपल चौतारा | हाट १ भकुडा | भएको |
| १० | खमाबाटा चौतारा | हाट १ कोपिखेत | भएको |
| ११ | रानीबन चौतारा | हाट १ दडी मान्दौं | भएको |
| १२ | न्वाघर चौतारा | न्वाघर २ | न्वाघर आवतजावत गर्ने |
| 13 | गौरा सेलौना | जसै २ | जसै ल्याँटि |
| 14 | गौरा चौतारा | जसै २ | कालागाड, जसै, जमितड |
| 15 | खाली पोट | सिम्पानी २ | सिम्पानी, जारकोट, खर्क |
| 16 | बगौरा घर चौपाता | सिम्पानी | सिम्पानी, कन्नासी, पातली |

श्रोत : पुचौंडी  नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३

### ५.५.३. युवा सिर्जनशिलता, उद्यमशिलता र परिचालन विवरण

पुचौंडी  नगरपालिकामा युवा सृजनशीलता, उद्यमशीलता र परिचालन सम्बन्धी यकिन तथ्याङ्क भेटिँदैन । नगरपालिका क्षेत्र भित्र स्थानीय सरकार र विभिन्न सङ्घ संस्थाहरूले विभिन्न किसिमका युवा स्वरोजगार, उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन गरिरहेको पाइन्छ ।गाउँ पालिमामा उद्यम र उद्यमशीलता विकासका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा रहेको छ उक्त कार्यक्रमबाट यस पालिकामा उद्यमशीलता तालिम सहित विभिन्न क्षेत्रमा सिपमूलक तालिम सञ्चालन भएको देखिन्छ ।

**तालिका ५.५.३.१ उद्यमशिलता तालिम विवरण MEDPA कार्यक्रमबाट**

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १८ | ५ | २३ |
| २ | ४९ | २१ | ७० |
| ३ | ५१ | १६ | ६७ |
| ४ | ५३ | ७ | ६० |
| ५ | १०५ | ५ | ११० |
| ६ | १९ | ३ | २२ |
| ७ | ७ | १४ | २१ |
| ८ | १२ | ५ | १७ |
| ९ | २२ | १६ | ३८ |
| १० | ३१ | ८ | ३९ |
| **जम्मा** | **३६७** | **१००** | **४६७** |

श्रोत: MIS MEDAP ( 2000-2021)

**तालिका ५.५.३.२ MEDPA कार्यक्रमबाट श्रजना भएका उद्यमिहरुको विवरण**

| वडा न | कृषि | अन्य | उत्पादन | सेवा | जम्मा |
|---|---|---|---|---|---|
| १ | २० | | ३ | | २३ |
| २ | २८ | ६ | | ३६ | ७० |
| ३ | ३९ | २ | ८ | १८ | ६७ |
| ४ | ३२ | | ५ | २३ | ६० |
| ५ | ५२ | १ | | ५७ | ११० |
| ६ | २ | | | २० | २२ |
| ७ | १७ | | ४ | | २१ |
| ८ | १७ | | | | १७ |
| ९ | २६ | | ६ | ६ | ३८ |
| १० | २६ | | ६ | ७ | ३९ |
| **जम्मा** | **२५८** | **९** | **३२** | **१६६** | **४६७** |

श्रोत: MIS MEDAP ( 2000-2021)

**तालिका ५.५.३.३ MEDPA कार्यक्रमबाट श्रजना भएका उद्यमहरुको विवरण**

| उद्यमको नाम | वडा नं | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| झोला, ऊनी सामान बुनाई | ५ | | ११ | | | १ | | | १ | | १८ |
| ब्युटिसियन | | ४ | ३ | ३ | | | | | | | १० |
| फलामको काम | | | ६ | ५ | | | ४ | | | १ | १६ |
| सिकर्मी | | १४ | २ | ५ | १० | | | | | | ३१ |
| खाद्य प्रशोधन | | २० | १६ | १५ | १४ | १ | | | | | ६६ |
| सिलाई कटाई | ४ | १५ | १३ | १५ | ४५ | २० | | | ५ | ७ | १२४ |
| होटल तथा लजहरू | | | | | १ | | | | | | १ |
| हाउस वायरिङ | | ३ | | | | | | | | | ३ |
| कुखुरा पालन | | | | ८ | २८ | | | | ७ | १३ | ५६ |
| सूचना तथा सञ्चार प्रविधि (ञ्गरू) मर्मत सम्भार | | ६ | २ | | १ | | | | | | ९ |
| सैलुन | | | | | १ | | | | १ | | २ |
| तरकारी उत्पादन तथा बजारीकरण | १४ | ८ | १२ | ९ | १० | | १३ | १७ | १८ | १३ | ११४ |
| बुनाई | | | २ | | | | | | ६ | ५ | १३ |
| **कुल जम्मा** | **२३** | **७०** | **६७** | **६०** | **११०** | **२२** | **२१** | **१७** | **३८** | **३९** | **४६७** |

श्रोत: MIS MEDAP ( 2000-2021)

## ५.६. कला, भाषा तथा संस्कृति

### ५.६.१. धार्मिक तथा ऐतिहासिक स्थल

पुचौंडी नगरपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रूपमा महत्त्वपूर्ण पर्यटकीय स्थलहरू रहेका छन् । यस पालिकाको गहनाको रूपमा विभिन्न मठ मन्दिरहरूको उपलब्धताले यस नगरपालिकाको पर्यटकीय सम्भावनालाई प्रचुर बनाएको छ । यस नगरपालिका क्षेत्रमा भएका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र उक्त स्थलहरूमा पर्यटन पूर्वाधारको विकास गर्न सकेमा दैनिक रूपमा सयौंको सङ्ख्यामा पर्यटक भित्रन सक्ने देखिन्छ, । यस नगरपालिकामा रहेका महत्पूर्ण धार्मिक एवं ऐतिहासिक स्थलहरू सम्बन्धी विवरण निम्न तालिकामा देखाइएको छ । यी पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्न एकदमै जरुरी छ ।

**तालिका ५.६.१.१ MEDPA पर्यटकीय स्थलहरुको विवरण**

| **पर्यटकीय स्थलहरुको नाम** | **दैनिक औसतमा आउने पर्यटकहरुको संख्या** |
|---|---|
| तिर्बेनी हाट | १०० |
| दहताल | ५० |
| काँडामहादेव | ५० |
| कोटाडाँडा | ३० |
| मठ मन्दिर | ५० देखि ६० सम्म |
| बिन्देस्वरी धाम | २० देखि ३० सम्म |
| डाँडाबाघ मन्दिर | २० देखि ३० सम्म |
| रेने बुङ्ग कोट / कफलकोट | ४० देखि ५० सम्म |
| पतरौल मन्दिर (सिम्यनी) | ४० देखि ५० सम्म |
| धौलकाडा पनेरु कोट | २० |
| काँडामहादेव मन्दिर | ५० |
| पनेरुकोट मन्दिर | ३० |
| गोफाकेदार | १० |
| गोफा केधर सिकुती धाम | १५ |
| गोफा केदार | १५ |
| भूमिराज मन्दिर | १५ |
| भगवती मन्दिर | २० |

## ५.६.२. विशेष शिक्षा तर्फ स्रोत कक्षामा अध्ययनरत छात्र/छात्राको विवरण

पुचौंडी नगरपालिका विशेष शिक्षा तथा स्रोत कक्षाहरू सञ्चालनमा छैनन् । अपाङ्गता तथा अन्य सबै प्रकार र प्रकृतिका विविधताहरूलाई समेट्दै यो नगरपालिका रहेका सबै सार्वजनिक विद्यालयहरूलाई समावेशी विद्यालयहरूमा रूपान्तरण सहित समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने अवधारणा अनुरूप सोही अनुसारका कार्य योजनाहरू तय गरिएका छन् ।

## ५.७. शान्ति तथा सुरक्षाको अवस्था

पुचौंडी नगरपालिका भौगोलिक रूपमा विकट तथा विस्तृत क्षेत्रफलमा फैलिएको नगरपालिका हो। स्थानीय बासिन्दाको सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन तथा सार्वजनिक शान्ति कायम गर्न प्रहरी चौकीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

पुचौंडी नगरपालिकामा शान्ति सुरक्षा तथा कानुन कार्यान्वयनका लागि प्रहरी चौकी हाट तथा मान्टोलास्थित अस्थायी प्रहरी चौकी लगायतका सुरक्षा निकायहरू क्रियाशील रहेका छन्। यी निकायहरूले अपराध नियन्त्रण, सार्वजनिक सुरक्षा, विपद् व्यवस्थापन तथा समुदाय—प्रहरी साझेदारीलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

पुचौंडी क्षेत्रमा सुरक्षा प्रशासनलाई थप प्रभावकारी बनाउन स्थानीय तह, प्रशासन तथा नेपाल प्रहरीबीच समन्वयात्मक कार्य भइरहेको छ। साथै, नगरपालिकाका १० वटै वडामा प्रहरी सेवा आवश्यकताअनुसार नजिकका प्रहरी इकाइमार्फत सेवा प्रदान गरिन्छ।

# ६. परिच्छेद- ६ : वन तथा वातावरणीय स्थिति

## ६.१.वन क्षेत्रका अवस्था

वन ऐन २०४९ र नियमावली २०५१ ले उपभोक्ता समूहले कार्य योजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई सुम्पन सक्नेछ भन्ने व्यवस्था गरेको छ । सोही अनुसार यस पुर्चौडी नगरपालिकामा पनि सामुदायिक वनहरू रहेका छन् । जसको सम्पूर्ण संरक्षणका साथै उपभोगका जिम्मेवारी पनि उक्त सामुदायिक वनहरूमा रहेको छ । विपन्न परिवार र महिलाहरूको प्रत्यक्षता वन सँग सम्बन्ध भएको कारण सामुदायिक वनहरूमा यी वर्गहरूलाई लक्षित गरी वनबाट नै आय आर्जन गर्न सकुन् भन्ने उद्देश्यका साथ नाङ्गा तथा खाली सार्वजनिक जमिनमा वृक्षारोपण गरी काठ, दाउरा, डालेघाँसहरू लगायत वन पैदावार उत्पादन गर्ने काम गरियो । हाल आएर सामुदायिक वनहरूको अवधारणाले सम्बन्धित उपभोक्ताहरूको गरिबी निवारण गर्नुका साथसाथै जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, लैङ्गिक समानता तथा समावेशीकरण गराई महिला तथा दलित वर्गहरूको नेतृत्व विकासमा पनि सघाउ पुर्‍याएकोछ । अझै यी सामुदायिक वनहरूमा विभिन्न प्रजातिका चराचुरुङ्गी, जङ्गली जनावर तथा अन्य प्राणीहरूको सङ्ख्या बढाइँ पर्या पर्यटनलाई अगाडी बढाउन सकिन्छ। त्यसका लागी नगरपालिकाले पनि डिभिजन र सव डिभिजन वन कार्यालय सँग समन्वय, सहकार्य गरी उपभोक्ताहरूलाई पर्या पर्यटन प्रवर्द्धनका लागी उत्प्रेरित र सहयोग गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकारले विक्रम संवत् २०७१ देखि २०८० लाई "समृद्धिका लागी वन" भन्ने नार तय गरी वन दशक घोषणा गरी विशेष कार्यक्रम सञ्चालन भइरहेका छन् । ती कार्यक्रमहरूको कार्यान्वयन गर्नका लागी स्थानीय तहहरूले पनि आफ्नो स्तरमा यी राष्ट्रिय कार्यक्रम गर्नुपर्ने भए बमोजिम यस पुर्चौडी नगरपालिकाले पनि वन क्षेत्र संरक्षण र संवर्द्धन का लागी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम बनाउनु पर्ने देखिन्छ । नगरपालिकामा धार्मिक वन, निजी वन र संरक्षण क्षेत्रहरू रहेको पाइएन ।

### ६.१.१.वनक्षेत्र र प्रकार सम्बन्धी विवरण

बैतडी जिल्लाको जम्मा क्षेत्रफल मध्ये तेस्रो ठुलो भूगोल ३५४.४४ वर्ग किमि क्षेत्रफल ओगटेको पुर्चौडी नगरपालिकाको कुल भूक्षेत्र मध्ये १५७.२८ (४४.३७%), वन जङ्गलले ओगटेको छ । यस नगरपालिकामा रहेका ३९ वटा सामुदायिक वन र यहाँ रहेको राष्ट्रिय वन क्षेत्रमा विविध किसिमका वनस्पति, घाँस, दाउरा, जडीबुटी र काठ दाउरा मुख्य स्रोतहरू हुन । विशेष गरी सल्ला, बाजका विभिन्न प्रजातिका देखि लिएर चिर उतिस, हर्रो, बर्रो, अमला, कुरिलो, रुईना, जामुना, आदी प्रजातिहरू पनि प्रचुर मात्रामा पाइनुका साथै विभिन्न प्रकारका जडीबुटीहरू वन क्षेत्रमा पाईन्छन् । सामुदायिक वनहरूमा

जडीबुटी (मेन्था, केमोमाई, कुरिल्लो) खेती गरी जडीबुटीमा आधारित उद्योगको विकास गर्दै रोजगार तथा रोजगारीका अवसरहरू सृजना गर्न सकिने सम्भावना रहेको छ ।

## ६.१.२. वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्धारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजीवन)

नगरपालिकाको वर्तमान भू-उपयोगको अवस्थालाई हेर्दा प्राकृतिक सम्पदाका हिसाबले लगभग ५० प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको देखिन्छ। यस नगरपालिकाभित्र ३९ वटा सामुदायिक वन, १० वटा कबुलियती वन र १ वटा निजी वन रहेका छन्। वातावरणीय सन्तुलनका दृष्टिकोणले कुनै पनि क्षेत्रको कुल भू-भागमध्ये ४० प्रतिशतभन्दा बढी वन हुनु निकै सुखद र सकारात्मक पक्ष हो। उपलब्ध वन स्रोतको पूर्ण सदुपयोग तथा वैज्ञानिक व्यवस्थापन गर्न सके र खेतीयोग्य जमिनमा आधुनिक एवं वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके यहाँ उत्पादनको राम्रो सम्भावना देखिन्छ।

यस क्षेत्रको वनमा चिराइतो, सतुवा, शिलाजित, टिमुर, अलैंची, , तेजपात, अमला, बोजो, तितेपाती, लेक तितो, सिमलजडी, भिनादी, सिमसड, सिरफोडे, हाजडी, उन्यु, दालचिनीको पात, गुर्जो, ऐंसेलु, रसमला, गागानो र हालचित जस्ता महत्त्वपूर्ण जडीबुटीहरू पाइन्छन्।

प्रमुख वन्यजन्तु तथा चराचुरुङ्गीहरूः यहाँ रैथाने वन्यजन्तु तथा चराचुरुङ्गीहरूको राम्रो उपस्थिति रहेको छ, जसमा विशेषगरी बाघ, घोरल, रतुवा मृग, जंगली बँदेल, दुम्सी, स्याल, बाँदर, कालीज, ढुकुर, कोइली र न्याउली आदि मुख्य छन्।

**तालिका ६.१.२.१ नगरपालिकामा रहेका सामुदायिक वनहरूको विवरण**

| क्र सं | सामुदायिक वनको नाम | वार्ड न | क्षेत्रफल (हेक्टर) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | आफला सामुदायिक वन उपभोक्ता समुह | १ | २०.२ | ३६ | २५१ |
| २ | बृन्दा सामुदायिक वन उपभोक्ता समुह | १ | ४५.६८ | ३९ | २४४ |
| ३ | दुदाधार सामुदायिक वन उपभोक्ता समुह | १ | ७.८ | २७ | १७५ |
| ४ | कोपीखेत सामुदायिक वन उपभोक्ता समुह | १ | ५ | ५४ | ३४४ |
| ५ | राजा सामुदायिक वन उपभोक्ता समुह | १ | ६.२७ | ५५ | ४०७ |
| ६ | रानी सामुदायिक वन उपभोक्ता समुह | १ | ८०.६५ | २१ | १५७ |
| ७ | मधू सामुदायिक वन उपभोक्ता समुह | २ | १८६.३८ | १६६ | ५०१ |
| ८ | पहरोल सामुदायिक वन उपभोक्ता समुह | २ | १६७.४७ | ५८ | ४४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | भौनेली सामुदायिक वन उपभोक्ता समुह | २ | १४०.२१ | ६७ | ३६४ |
| १० | हरीततारा सामुदायिक वन उपभोक्ता समुह | २ | २०.०४५ | ४३ | ३३० |
| ११ | सती सामुदायिक वन उपभोक्ता समुह | ३ | २५७.७७ | ६२ | ५६१ |
| १२ | दुर्गा देवीरानी सामुदायिक वन उपभोक्ता समुह | ४ | १०१.८३ | १०० | १४१४ |
| १३ | लगाधार जोगाउ सामुदायिक वन उपभोक्ता समुह | ४ | २२.२८ | ८९ | १५५१ |
| १४ | शुभदेवशितल सामुदायिक वन उपभोक्ता समुह | ४ | ३.६ | ३३ | २५१ |
| १५ | मालिका सामुदायिक वन उपभोक्ता समुह | ४ | १७.०७ | १८९ | ११८७ |
| १६ | भुमिराज सामुदायिक वन उपभोक्ता समुह | ५ | ५६.३९ | ६८ | ४५० |
| १७ | दुर्गा देवी सामुदायिक वन उपभोक्ता समुह | ५ | १०२.३४ | ६३ | ४२६ |
| १८ | जागरीकोट सामुदायिक वन उपभोक्ता समुह | ५ | ४९.१३ | ६१ | ३०८ |
| १९ | काडामाहादेव सामुदायिक वन उपभोक्ता समुह | ५ | ८६.५ | २३१ | १२५४ |
| २० | सल्लेरी सामुदायिक वन उपभोक्ता समुह | ५ | १८.३५ | ४८ | ३६५ |
| २१ | गौरी शंकर सामुदायिक वन उपभोक्ता समुह | ५ | ७०.०६ | २०२ | १२५० |
| २२ | भुमेश्वरी सामुदायिक वन उपभोक्ता समुह | ६ | २३४.४८ | ७५ | ४५९ |
| २३ | भुमिराज सुनुबगडी सामुदायिक वन उपभोक्ता समुह | ६ | ९५.१७ | ९४ | ५२१ |
| २४ | मादेव दिगाकोट | ६ | ८२.७ | १३१ | ७४० |
| २५ | रानी सामुदायिक वन उपभोक्ता समुह | ६ | ३.७७ | ८५ | ४६९ |
| २६ | सिगार सामुदायिक वन उपभोक्ता समुह | ६ | १२८.९२ | ५६ | ४५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | बसन्तहरीयाली सामुदायिक वन उपभोक्ता समुह | ६ | १६६.३७ | ४७ | २८९ |
| २८ | ओखरानी | ६ | ९९.३८ | ५४ | २९७ |
| २९ | गुफा सामुदायिक वन उपभोक्ता समुह | ७ | ११६.१५ | १५६ | ११२० |
| ३० | न्याली महिला सामुदायिक वन उपभोक्ता समुह | ७ | १७८.१४ | १३७ | ७५३ |
| ३१ | देवस्थल सामुदायिक वन उपभोक्ता समुह | ८ | ८१.८३ | ९० | ५०१ |
| ३२ | डिलासैनी सामुदायिक वन उपभोक्ता समुह | ८ | ३१.२५ | १५० | ८०८ |
| ३३ | गोपेश्वर सामुदायिक वन उपभोक्ता समुह | ८ | ७.५ | ७५ | ४८३ |
| ३४ | कोला, मल्लादेही सामुदायिक वन उपभोक्ता समुह | ८ | १११.१३ | १२० | ७६४ |
| ३५ | मधू सामुदायिक वन उपभोक्ता समुह | ८ | ३२.७४ | ६१ | ३६४ |
| ३६ | मल्लो वन सामुदायिक वन उपभोक्ता समुह | ८ | १६.५५ | ६७ | ३६५ |
| ३७ | श्रीकेदार सामुदायिक वन उपभोक्ता समुह | ८ | ८०.९८ | ४१ | २३३ |
| ३८ | लटीनाथ सामुदायिक वन उपभोक्ता समुह | ९ | ६६.३ | ५४ | २६६ |
| ३९ | श्रीकेदार सामुदायिक वन उपभोक्ता समुह | ९ | ८७.५४ | १६० | ९६९ |
| | **जम्मा** | | **३०८५.९३** | **३३६५.** | **२२०९९.** |

श्रोत : डिभिजन वन कार्यालय बैतडी

### ६.१.३.वृक्षारोपणका लागि खालि स्थान सम्बन्धी विवरण

पुचौंडी नगरपालिका क्षेत्र भित्र वन फडानी गरी खाली रहेको जग्गा र नदी उकास भई खाली भएको जग्गाहरूमा सामुदायिक बनहरूले प्रत्येक वर्ष विभिन्न प्रजातिका बिरुवाहरू रोप्ने कार्यक्रमहरूलाई निरन्तर रूपमा सञ्चालन गर्ने गरेको पाइएता पनि उक्त स्थानको क्षेत्रफल कति जति छ भन्ने यकिन तथ्याङ्क उपलब्ध नभएता पनि नियमित रूपमा यस्ता क्षेत्रहरूमा वृक्षारोपणको कार्य गर्ने गरेको पाइन्छ ।

## ६.२. जलस्रोत तथा जलाधर क्षेत्र

### ६.२.१. प्रमुख जलाधार र उपजलाधारको अवस्था

पुर्चौंडी नगरपालिकामा साना खोला र ताल तलैयाहरू र नदी र खोलाको पानी प्रमुख जलाधारको रूपमा रहेका छन्। धेरै जसो घरपरिवारले सिँचाइका लागि खोलानालाको पानीको प्रयोग गरिरहेको देखिएको छ । यस नगरपालिकामा उपलब्ध जलस्रोत तथा जलाधार क्षेत्रको विवरण निम्न बमोजिम रहेको छ ।

### ६.२.२. पानीको मुहान सम्बन्धी विवरण

पुर्चौंडी नगरपालिकामा पानीको मुख्य स्रोतको रूपमा जमिनको नदी तथा खोलाको पानी नै प्रयोगमा रहेको छ । जुन पानी बर्सातको समयमा स्वास्थ्यको हिसाबले त्यति उपयुक्त देखिँदैन स्वच्छ र सफा पानीको प्रयोग गर्न नसकिँदा नगरपालिकामा रहेका अधिकांश जनसङ्ख्या पानी जन्य रोगहरूको कारण बिरामी भइरहने देखिँदै आएको छ । पानीकै कारण धरै जसो रोगहरूलाग्ने भएकाले समयमै स्वच्छ र सफा पानी व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।अल्लाडी खोला, बेउरि गाड, बत्थि धारा, जिमुडी खोला, भाटना नौलो कुवा , थागिल खोला, बग्गाड, जमाडी, चोर पानी मुहान, भुमिराज कालापानि, छेतिडुङरि धारा, पानपिने खानेपानी मुहान, ओखड्यान खाने पानी , ट्यांकी, भैरुनाउला, सेलानि पानी खाने पानी, रजे, बुमिराज खडिपातल, नाकालि पानि धारा, पत्थरेगाण , गोणा छडा, भाडि, नैन गाड मसानि माणौ आदि यस पालिकाका मुख्य पानीका मुहान रहेका छन

## ६.३.जैविक विविधता र वातावरणीय सेवा

### ६.३.१. वासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुङ्गीको विवरण महत्वपूर्ण वनस्पति विवरण

पुर्चौंडी नगरपालिकामा रहेका सामुदायिक वनहरूमा प्रमुख वन्यजन्तु तथा चराचुरुङ्गीहरूः यहाँ रैथाने वन्यजन्तु तथा चराचुरुङ्गीहरूको राम्रो उपस्थिति रहेको छ, जसमा विशेषगरी बाघ, घोरल, रतुवा मृग, जंगली बँदेल, दुम्सी, स्याल, बाँदर, कालीज, ढुकुर, कोइली र न्याउली आदि मुख्य छन्।

### ६.३.२. महत्वपूर्ण वनस्पति विवरण

यस क्षेत्रको वनमा चिराइतो, सतुवा, शिलाजित, टिमुर, अलैंची, , तेजपात, अमला, बोजो, तितेपाती, लेक तितो, सिमलजडी, भिनादी, सिमसड, सिरफोडे, हाजडी, उन्यु, दालचिनीको पात, गुर्जो, ऐंसेलु, रसमला, गागानो र हालचित जस्ता महत्त्वपूर्ण जडीबुटीहरू पाइन्छन्।

## ६.४. विपद जोखिम व्यवस्थापन

### ६.४.१. जोखिमयुक्त (संवेदनशील स्थानमा बसोबास गरेका परिवार) विवरण

पुचौंडी नगरपालिकाको प्रस्तुत तथ्याङ्कले नगरभित्रका १० वटा वडाहरूमा प्राकृतिक तथा मानवसिर्जित प्रकोपहरुको अवस्था निकै चुनौतीपूर्ण रहेको देखाउँछ, जहाँ कुल १,५७८ वटा घरधुरीहरुले जोखिममा रहेको भनेका छन  छन्। यस नगरपालिकामा सबैभन्दा ठूलो संकटका रूपमा पहिरो देखिएको छ, जसको जोखिम संख्या १,१६२ घरधुरीमा रहेको छ र यसबाट विशेष गरी वडा नं. ३ मा ३९२ र वडा नं. ८ २७० घरधुरी सबैभन्दा बढी आक्रान्त बनेका छन्। आगजनीको हकमा भने कुल २५१ घरधुरी मध्ये वडा नं. २ मा सबैभन्दा धेरै ५० वटा घरधुरी रहेका छन्, जसले सो वडामा अग्नि नियन्त्रणका उपायहरू बढाउनुपर्ने आवश्यकता छ। त्यस्तै, खोला वा नदी कटानका १६५ घरधुरी हरूमध्ये वडा नं. ५ र ८ मा सबैभन्दा बढी (३५-३५ घरधुरी) देखिन्छ। समग्रमा, कुल ४४५ घरधुरी सहित वडा नं. ३ नगरपालिकाकै सबैभन्दा जोखिमपूर्ण क्षेत्र बनेको छ भने वडा नं. १ सबैभन्दा कम (६२ घरधुरी) प्रभावित देखिन्छ। यो तथ्याङ्कले पुचौंडी नगरपालिकाले आगामी दिनमा विपद् व्यवस्थापन, बजेट विनियोजन र उद्धारका कार्यक्रमहरू सञ्चालन गर्दा पहिरो नियन्त्रणलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

**तालिका ६.४.१.१ प्राकृतिक प्रकोपको जोखिममा रहेका घरधुरीहरू**

| | **प्रकोप** | | | |
|---|---|---|---|---|
| **वडा नं** | **आगजनी** | **पहिरो** | **कटना** | **जम्मा** |
| १ | २५ | ३२ | ५ | ६२ |
| २ | ५० | ७१ | ८ | १२९ |
| ३ | ३५ | ३९२ | १८ | ४४५ |
| ४ | ३५ | २३ | ७ | ६५ |
| ५ | १५ | ३० | ३५ | ८० |
| ६ | १५ | ११४ | १९ | १४८ |
| ७ | १६ | १२० | १२ | १४८ |
| ८ | १७ | २७० | ३५ | ३२२ |
| ९ | १८ | ३२ | १५ | ६५ |
| १० | २५ | ७८ | ११ | ११४ |
| जम्मा | २५१ | ११६२ | १६५ | १५७८ |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ६.४.२. विपदका व्यवस्थापनमा नगरपालिकाले गरेका कार्यहरु

नगरपालिकामा विपद् व्यवस्थापनसम्बन्धी आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र स्थापना गरिएको छ भने राहत सामग्री व्यवस्थापन तथा प्राथमिक उपचार केन्द्रको व्यवस्था पनि रहेको छ। समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति सक्रिय रूपमा क्रियाशील रहेको छ र विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन्। भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचनाहरू निर्माण गरिएका छन् भने विपद् व्यवस्थापन कोषको स्थापना गरी उक्त कोषमा वार्षिक बजेटमार्फत रकम विनियोजन गर्ने व्यवस्था गरिएको छ। विपद् पूर्वतयारीका कार्यहरू सञ्चालनमा रहेका छन् र आपत्कालीन उद्धारका लागि एम्बुलेन्सलगायत आवश्यक साधनहरूको व्यवस्था गरिएको छ। साथै, तालिमप्राप्त आपत्कालीन तथा स्वयंसेवक जनशक्तिको उपलब्धता रहेको छ। खुला क्षेत्र तथा सुरक्षित आश्रयस्थलका रूपमा विद्यालयका खेल मैदानहरू पहिचान गरिएका छन्। विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास सञ्चालन गरिएको छ र तालिमप्राप्त जनशक्तिले यस्ता अभ्यासमा सहभागिता जनाएको छ। सरोकारवाला संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गरी विपद् व्यवस्थापनसम्बन्धी साझा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। भौतिक संरचना तथा भवन संहितासम्बन्धी निर्देशिका र मापदण्डअनुसार निर्माण कार्यको सुरुवात भएको छ तथा विपद् व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन पनि गरिएको छ। यी सबै पक्षहरू नगरपालिकाका सकारात्मक उपलब्धिका रूपमा रहेका छन्। तथापि, भूकम्प प्रतिरोधात्मक निजी आवास निर्माणको प्रयास अपेक्षाकृत न्यून देखिन्छ। साथै, नगरपालिकामा जलवायु उत्थानशील (Climate Resilient) योजना तयार गरिएको छैन र जलवायु परिवर्तनसँग सम्बन्धित क्यालेन्डर पनि विकास गरिएको अवस्था देखिँदैन।

### ६.४.३. विपदका किसिम अनुसार जोखिमका समय

पुर्चौंडी  नगरपालिका विपद्का हिसाबमा उच्च जोखिममा रहेको पालिका हुँदा यहाँ समय समयमा विभिन्न प्रकारका विपद हरूको सामना गर्नु परेको देखिन्छ, यस्ता विपदबाट बच्न समयमै एकीकृत कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा विपद्का किसिम अनुसार जोखिमको समय विवरण निम्न बमोजिम रहेको छ  ।

**तालिका ६.४.३.१ विपद अनसार जोखिमको समय**

| विपद अनसार जोखिमको समय (महिना) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | आगलागी | बाढीडुवान | खडेरी | हुरी, बतास | चिसो जाडो | रोग महामारी | सर्पको टोकाइ | जंगली जनावरबाट क्षति |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सबै वडाहरू | बैशाख, जेठ | जेठ,असार , साउन, भाद्र,असोज | बैशाख , जेठ | बैशाख , जेठ र चैत्र | पुष, माघ | जेठ,असार , साउन, भाद्र,असोज | बैशाख, जेठ, असार, साउन, भाद्र,असोज | बैशाख, जेठ, असार, असोज, कार्तिक, मंसिर, फाल्गुन र चैत्र |
| **जम्मा** | **२ महिना** | **५ महिना** | **२ महिना** | **३ महिना** | **२ महिना** | **५ महिना** | **६महिना** | **८ महिना** |

*श्रोत: सामाजिक छलफल*

### ६.४.४. विपद्व्यवस्थापनको पूर्व तयारी

### ६.४.५. आपतकालिन यातायात साधन सम्बन्धी विवरण

पुचौंडी नगरपालिका विपद्का हिसाबमा उच्च जोखिममा रहेको पालिका हुँदा यहाँ समय समयमा विभिन्न प्रकारका विपद् हरूको सामना गर्नु परेको देखिन्छ, यस्ता हुन सक्ने विपद् बाट बच्न आपतकालिन यातायात सेवा प्रदान गर्न र जोखिमलाई न्यूनीकरण गर्न समयमै एकीकृत कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा विपद्का लाई मध्यनजर गर्दै हुन सक्ने क्षतिलाई कम गर्न प्रयोग गरिने आपतकालिन यातायात साधन सम्बन्धी विवरण विवरण निम्न बमोजिम रहेको छ ।

तालिका ६.४.५.१ आपतकालिन यातायात साधनको विवरण

| **क्र सं** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | एम्बुलेन्स | छ |
| २ | दमकल | छैन |
| ३ | एक्जाभेटर | १ |
| ४ | जे सि भि | २ |

### ६.४.६.	खुला क्षेत्र सम्बन्धी विवरण

पुर्चौडी  नगरपालिका विपद्का हिसाबमा उच्च जोखिममा रहेको पालिका हुँदा यहाँ समय समयमा विभिन्न प्रकारका विपदहरूबाट जिउ धनको क्षति कम गर्नुका साथै समयमै राहत र पुनर्स्थापना जस्ता सेवा प्रदान गर्नका लागी सुरक्षित स्थानहरूको पहिचान गरिएको छैन । नगरपालिकामा रहेका प्राकृतिक रूपमा खुला क्षेत्रहरू रहेका सूचना छलफलबाट प्राप्त भएको छ । तराई र सहरको जस्तो घना बस्ती नभएकोले प्रशस्त खुला क्षेत्र रहेको छ ।

### ६.५. श्रोत नक्सा :



# ७. परिच्छेद- ७ : भौतिक विकासको अवस्था

## ७.१. यातायात पूर्वाधार

### ७.१.१. घर सम्म पुग्ने सडक संजालको बिधमान अवस्था

पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण २०७८ अनुसार यस नगरपालिकामा रहेका अधिकांश घरहरू सडक बाटो सञ्जाल सँग जोडिएको पाइन्छ । तालिका अनुसार १९३० (५९%) घरमा बाटो पुगेको अवस्था छ भने १२८२ ४१% घरमा बाटो र सडकको पहुँच न पुगेको देखिन्छ ।

तालिका ७.१.१.१ घर पुग्ने बाटो सडकको अवस्था सम्बन्धि विवरण

| वडा नं | कच्ची | कालो पत्रे | ग्राभेल | बाटो नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | १९४ | ५ | ३० | १४९ | ३७८ |
| २ | ९५ | ३ | | ४३४ | ५३२ |
| ३ | ५१ | १ | | ७५५ | ८०७ |
| ४ | ४९२ | | २ | ६८ | ५६२ |
| ५ | ३१२ | | १२ | ५२९ | ८५३ |
| ६ | २३७ | ३२ | १३ | ५२८ | ८१० |
| ७ | २४४ | ७ | १२ | ३०७ | ५७० |
| ८ | ४ | १ | | ५३७ | ५४२ |
| ९ | २२३ | | | २१० | ४३३ |
| १० | १२ | | १ | ६९२ | ७०५ |
| **जम्मा** | **१८६४** | **४९** | **७०** | **४२०९** | **६१९२** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ७.१.२. सडक संजालको बिधमान अवस्था

पुचौंडी नगरपालिकामा विद्यमान सडक सञ्जालको अवस्था हेर्दा २३४.५ कि.मि. लम्बाइको सडक मार्ग रहेको छ भने २५ वटा सडकहरू पालिका भित्र रहेको पाइन्छ नगरपालिका भित्र रहेका यी २५ वटा सडकहरूमध्ये ढोल्यामोड हाट सडकको केहि खण्ड मात्रकालो पत्रे, रहेको छ । नगरपालिका भित्र रहेका यी सडक सञ्जालहरूलाई व्यवस्थित गर्न नामाङ्कन गरी आवधिक योजनामा समावेश गरी अगाडि बढ्नु पर्ने देखिन्छ । पुचौंडी नगरपालिकामा रहेका विद्यमान सडक सञ्जालको वडागत अवस्था निम्नअनुसार रहेको पाइन्छ ।

तालिका ७.१.२.१ नगरपालिकामा रहेका मुख्य सडकहरूको विवरण

| क्र. सं. | स्थानीय तहमा रहेका सडकहरूको नाम | शुरु भएको स्थानको | | अन्त्य भएको स्थानको | | जम्मा लम्बाई (कि. मी.) | औसत चौडाई (मी.) | संचालनको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | नाम | वडा नं. | नाम | | | |
| १ | ढोल्यामोड हाट सडक | ६ | ढोल्यामोड | १ | नगरपालिका केन्द्र | २४ | ९ | १२ महिना संचालनमा रहेको (केहि खण्ड कालोपत्रे भएको )स्तरोन्नति भइरहेको |
| २ | हाट-कुवाकोट-धौलकडा स्लेटखानी सडक | १ | हाट गिरिजाबगर | ४ | धौलकाडा | १७ | ७ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको प्रदेश सरकारद्वारा स्तरोन्नति भइरहेको |
| ३ | हाट-ढिकुल्ली-उचायपात्थर-साफे-ठटे-भैरु-सेला सडक | १ | हाट, डाडाकोट | ३ | सेला | १८ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेकोप्रदेश सरकारद्वारा स्तरोन्नति भइरहेको |
| ४ | हाट-रेसि-रुजकोट-तल्लादेहि दोगडाकेदार सडक | १ | हाट बसखोला | ९ | दोगडाकेदार ९ सिमाना | १६ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको, स्तरोन्नति भइरहेको |
| ५ | रेसि-कटपते-बिजयपुर सडक | ८ | रेसि | १० | दोगडाकेदार १० सिमाना | २३ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| ६ | हाट कुट्याबगर-मसानिमाण्डौ सुवालेक सडक | १ | हाट गिरिजाबगर | ६ | सुवालेक | १७ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेकोप्रदेश सरकारद्वारा स्तरोन्नति भइरहेको स्तरोन्नति भइरहेको |
| ७ | हाट-हडफोड-खिमपुर-न्वादेउ-वडा कार्यालय सडक | १ | हाट गिरिजाबगर | ३ | न्वादेउ स्वास्थ्य चौकी | १४ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेकोप्रदेश सरकारद्वारा स्तरोन्नति भइरहेको |
| ८ | हाट-सिमचानी-खर्क-वडाकार्यालय ८ सडक | १ | चैड | २ | वडा कार्यालय | १२ | ५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | उचायपात्थर-नाकाली-वडा कार्यालय १५ सैया अस्पताल सडक | ३ | न्वाली | ३ | १५ सैया अस्पताल सडक | ६ | ४.५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १० | कुवाकोट-दहताल-सुवालेक सडक | ५ | कुवाकोट | ६ | सुवालेक | १२ | ५ | १२ महिना संचालनमा रहेको (केहि खण्ड कालोपत्रे भएको )स्तरोन्नति भइरहेको |
| ११ | दहताल-सल्लेगाउँ-कॉटै-कुवाकोट स्वास्थ्यचौकी सडक | ५ | दहताल | ५ | कुवाकोट स्वास्थ्यचौकी | ७.५ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १२ | मसानिमाण्डौ-धारुडि-रमिलापुर-श्रीभावर-सडक | ६ | मसानिमाण्डौ | ६ | श्रीभावर रमिलापुर | ६ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १३ | ढोल्यामोड-बगौरा-फलामखानी-बिजयपुर सडक | ६ | ढोल्यामोड | ७ | बगौरा | ८ | ४.५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १४ | रुइनिचौर-ऐरगाउँ-बगौरा सडक | ७ | रुइनिचौर | ७ | बगौरा | ३ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १५ | सनगाउँ-कोतिल-मेलमुडा सडक | ७ | सनगाउँ | ७ | मेलमुडा | ७ | ३.५ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १६ | मसानिमाण्डौ-खडायतगाउँ-धमध्वाँ | ६ | मसानिमाण्डौ- | ७ | धमध्वाँ | ३ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १७ | भटना देखि ४ नं. वडा कार्यालय-ठुल्जिर सडक | ४ | माहादेव मन्दिर | ४ | ठुल्जिर | ९ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| १८ | कुवाकोट-बागा-खिमपुर-भटना सडक | ५ | मजगाउँ | ५ | माहादेव मन्दिर | ४.५ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | महादेव मन्दिर सगरकोट-१५ सैया सडक | ४ | माहादेव मन्दिर | ३ | तिलगाउँ | ३ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| २० | कटपते-डणपुर सडक | ८ | कटपते | ८ | डणपु | ३ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| २१ | सल्लेचौर डिलासैनी भगवती मन्दिर सडक | ९ | सल्लेचौर | ९ | डिलासैनी भगवती मन्दिर | ४.५ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| २२ | डाडाखालि-सुनालि सहक | ९ | डाडाखालि | ९ | सुनालि | ५ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| २३ | जमित्तड-जसौं सडक | २ | जमित्तड | २ | जसौं | १.५ | ४ | हिउँदे सिजनमा मात्रै संचालन हुने गरेको स्तरोन्नति भइरहेको |
| २४ | नारायनढुङ्गा-धौलकाडा सडक | ४ | नारायनढु ङ्गा | ४ | धौलकाडा | ६ | ४ | ट्र्याक निर्माण भैरहेको (प्रदेश सरकार द्वारा) |
| २५ | बगौर-तुलागाडा-सुवालेक सड्क | ६ | बगौर | ६ | सुवालेक | ४.५ | ४.५ | ट्र्याक निर्माण भैरहेको (प्रदेश सरकार द्वारा) |
| जम्मा | | | | | | २३४.५ | | |

श्रोत : पुरचौडी नगरपालिका २०८३

### ७.१.३. सवारी सुबिधा र रुट

पुचौंडी नगरपालिकामा २३४.५ कि.मि सडक रहेको छ भने यस पालिकाको सबै जसो वडामा सडक पहुँच रहेको पाइन्छ। बर्सातको समयमा पालिका सदरमुकाम सम्मा सडक समेत सेवाबाट काहिले काहि वञ्चित हुने अवस्था छ ।

### ७.१.४. झोलुङ्गे पुल तथा पुल पुलेसा

पुचौंडी नगरपालिकामा २५ वटा पुल पुलेसाहरू रहेकोमा पुराना पुलहरूको अवस्था जीर्ण देखिन्छ भने पालिका लाई राजमार्ग सँग जोडने १ वटा पक्की पुल रहेको छ । राजमार्ग सँग सडक सञ्जाल जोड्नका लागी अन्य पुलहरू निर्माणाधीन अवस्थामा रहेको पाइन्छ । नगरपालिकामा २३ वटा झोलुङ्गे पुल रहेको पाइन्छ । नगरपालिकामा भएका झोलुङ्गे पुल तथा पुलेसाहरूको वडागत विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ७.१.४.१ नगरपालिका क्षेत्रभित्र रहेकापुल पुलेसाहरूको विवरण विवरण**

| सि.नं | पुलको नाम | लम्वाई (मि) | निर्माण मिति | खोलाको नाम | वार्ड नं | स्थान |
|---|---|---|---|---|---|---|
| १ | जमाडिगाड मोटेवल पुल | ४० | २०८० | जमाडिगाड | १ | खडीखेत |
| २ | बागा गाड त्रिबेणिधाम | ९३ | २०८१ | बागा गाड | १ | रातासिला |
| ३ | बेउरिगाड ट्रस पुल | २८ | २०७७ | बेउरिगाड | ६ | |
| ४ | ऐराडिगाड झो.पु. | ९८ | २०७७ | मडखोला | ७ | |
| ५ | जोग्योडागाड झो.पु. | ५५ | २०७९ | मडखोला | ३ | |
| ६ | पातिहाल्ला झो.पु. | ७८ | | मडखोला | २ | |
| ७ | कस्लेत सेरि झो.पु. | ९८ | २०७७ | टुणेतगाड | ८ | |
| ८ | लोलिगाड झो.पु | २८ | २०७७ | लोलीगाड | १ | |
| ९ | मल्लादेही गर्खा झो पु | ११२ | | जमाडिगाड | ८ | |
| १० | राताशिला ट्रस पुल | २८ | | राताशिला | १ र ७ | |
| ११ | पिलाडी झो पु | ७६ | | कोटेलिगाड | ८ | |
| १२ | भकुडा झो पु | ९८ | | लालमुनिगाड | १ | |
| १३ | कोटेलिगाड झो पु | ७८ | | कोटेलिगाड | ७ | |
| १४ | भौनेली माडौं झो पु | ७७ | | कुवाकोटीगाड | ५ | |
| १५ | मसानी माडौं झो पु | ७६ | | भुमिराजगाड | ६ | |
| १६ | धनरासी झो पु | ११२ | | जमाडिगाड | ८ | |
| १७ | मल्देउ नकतडी झो पु | १०५ | | जमाडिगाड | ८ | |
| १८ | खडखेत झो पु | ५१ | | जमाडिगाड | १ | |
| १९ | लोलिगाड ट्रस पुल | ३२ | | लोलीगाड | १ | |
| २० | बुड्तेत झो पु | ८६ | | लालमुनिगाड | ८ | |
| २१ | मुसिकोट ट्रस | ३२ | | कुवाकोटीगाड | ५ | |
| २२ | भडखेत ट्रस झो पु | २८ | | भडखेतखोला | २ | |
| २३ | आल्लाडी गाढ झो पु | १०९ | | अल्लाडगाड | ५ | |
| २४ | बागागाड झो पु | ९७ | | बागा गाड | ४ र ५ | |
| २५ | भाडी विसा झो पु | ७८ | | बागा गाड | १ | |

श्रोत : पुरचौडी नगरपालिका २०८३

### ७.१.५. वसपार्क तथा वस विसौनी सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा हाल सम्म ब्यवस्थित वसपार्क रहेको छैन भने पालिका बाट बाहिरिने र भित्र आउने सार्वजनिक सवारी साधनहरु हाटको गिरिजावगर लाई मुख्य केन्द्र माने चल्ने गर्दछन् ।

# ७.२. विद्युत तथा बैकल्पिक उर्जा

## ७.२.१. इन्धन उपयोग विवरण (खाना पकाउन इन्धनका आधारमा घरपरिवार)

पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण २०८३ अनुसार यस नगरपालिकामा बसोबास ६१९२ परिवार मध्ये खाना पकाउन प्रयोग गरिने इन्धनको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी दाउरा प्रयोग गरिने गरेको देखिएको छ, कुल घरपरिवारको ९८.९८% ओगटेको देखिएको छ । त्यसै गरी एल.पि ग्यास ०.९% प्रतिशतले प्रयोग गर्ने गरेको देखिएको छ । यस नगरपालिकाको अधिकांश घरपरिवारले इन्धनको रूपमा दाउरा प्रयोग गर्ने गरेको हुनाले आगामी दिनमा वन संरक्षणमा विशेष जोड दिनुपर्ने देखिन्छ । नगरपालिकामा भएका घरपरिवारमा इन्धन उपयोग विवरण (खाना पकाउन इन्धनका आधारमा घरपरिवार) निम्न अनुसार रहेको छ।

**तालिका ७.२.१.१ खाना पकाउन इन्धनका आधारमा घरपरिवार सम्बन्धि विवरण**

| वडा नं | काठ/दाउरा | एल पि ग्यास | वायोग्यास | विद्युत | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३४९ | २६ | ३ | | ३७८ |
| २ | ५२८ | ४ | | | ५३२ |
| ३ | ८०६ | १ | | | ८०७ |
| ४ | ५६२ | | | | ५६२ |
| ५ | ८३४ | १८ | १ | | ८५३ |
| ६ | ८०८ | | १ | १ | ८१० |
| ७ | ५६७ | ३ | | | ५७० |
| ८ | ५४१ | | | १ | ५४२ |
| ९ | ४२९ | ३ | | १ | ४३३ |
| १० | ७०५ | | | | ७०५ |
| **जम्मा** | **६१२९** | **५५** | **५** | **३** | **६१९२** |
| प्रतिसत | ९८.९८% | ०.८९% | ०.०८% | ०.०५% | १००.००% |

श्रोत: घरधुरी सर्वेक्षण २०८३

*चित्र १७ खाना पकाउन इन्धनका आधारमा घरपरिवार*




### ७.२.२. बत्ति बाल्न इन्धनका प्रयोगको आधारमा घर परिवार

पुचौंडी नगरपालिकामा बत्ती प्रयोगको आधारमा कुल घरपरिवारको ५०.८% ले बिजुली प्रयोग गर्ने गरेको देखिएको छ भने त्यस पछिको बत्तीको श्रोतको रूपमा सोलार बत्ती प्रयोग गर्ने ४८.९%, परिवारले गरेको देखिन्छ । अन्य ०.२९% परिवारले अन्य श्रोतको उपयोग गरेको पाइन्छ । नगरपालिकामा भएका बत्ती बाल्न इन्धनका प्रयोगको आधारमा घर परिवार निम्न अनुसार रहेको छ ।

**तालिका ७.२.२.१ बत्ति बाल्ने इन्धनका श्रोतको आधारमा घरपरिवार सम्बन्धि विवरण**

| वडा नं | विद्युत/बिजुली | सोलार | मट्टीतेल तथा अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | ३७० | ८ | | ३७८ |
| २ | ५१२ | २० | | ५३२ |
| ३ | ३७१ | ४३६ | | ८०७ |
| ४ | ५ | ५५७ | | ५६२ |
| ५ | ३२९ | ५२४ | | ८५३ |
| ६ | ६९८ | १११ | १ | ८१० |
| ७ | ३४० | २३० | | ५७० |
| ८ | ५१७ | २४ | १ | ५४२ |
| ९ | ५ | ४१८ | १० | ४३३ |

| | | | | |
|---|---|---|---|---|
| १० | ० | ६९९ | ६ | ७०५ |
| **जम्मा** | **३१४७** | **३०२७** | **१८** | **६१९२** |
| प्रतिसत | ५०.८२% | ४८.८९% | ०.२९% | १००.००% |

*श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३*

***चित्र १८ बत्ति बाल्ने इन्धनका श्रोतको आधारमा घरपरिवार***




### ७.२.३. जलविद्युत, सौय उर्जा, वायो उर्जाबाट विद्युत उत्पादन विवरण

पुचौंडी नगरपालिकामा प्राय सबै घरधुरीमा लघु जलविद्युतबाट उत्पादित बिद्युत् विवरण गरिएको छ। यस नगरपालिकामा भरखर मात्र केन्द्रीय विद्युत् प्रणाली को पहुँच पुगेको छ पालिमा रहेका लघु जलविद्युतको विवरण यस प्रकार रहेको छ ।

**तालिका ७.२.३.१ लघु जलबिधुतको विवरण**

| **क्र.स** | **आयोजनाको नाम** | **वार्ड नं** | **क्षमता कि.वा.** | **घरधुरी संख्या** |
|---|---|---|---|---|
| १ | बेउरीगाड लघुबिद्युत | ६ | २० | २३० |
| २ | वागागाड | १ | १५ | ४० |
| ३ | मल्लोलामुनिगाड | ८ | १६ | ३२५ |
| ४ | तल्लोलामुनिगाड | ८ | ११ | २९० |
| ५ | कोटेलीगाड | ७ | २२ | १५० |
| | जम्मा | | ८४ | १०३५ |

*श्रोत: पुचौंडी नगरपालिका*

## ७.२.४. विद्युत उपलब्ध घरपरिवार विवरण

पुचौंडी नगरपालिकामा रहेको जम्मा ६१९२ घरधुरी मध्ये ३१४७(५०.८२%) घरपरिवारमा विद्युत् सेवा उपलब्ध भएको देखिन्छ, भने ३०४५ (४९.२%) घरपरिवार विद्युत् सेवाको पहुँच भन्दा बाहिर रहेको देखिन्छ।

**तालिका ७.२.४.१ बिद्युत उपलब्ध घरपरिवार सम्बन्धि विवरण**

| वडा नं | विद्युत/बिजुली | जम्मा |
|---|---|---|
| १ | ३७० | ३७८ |
| २ | ५१२ | ५३२ |
| ३ | ३७१ | ८०७ |
| ४ | ५ | ५६२ |
| ५ | ३२९ | ८५३ |
| ६ | ६९८ | ८१० |
| ७ | ३४० | ५७० |
| ८ | ५१७ | ५४२ |
| ९ | ५ | ४३३ |
| १० | ० | ७०५ |
| **जम्मा** | **३१४७** | **६१९२** |
| प्रतिसत | ५०.८२% | |

*श्रोत : पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८३*

## ७.२.५. वैकल्पिकउर्जा (लघु जलविद्युत, सोलार, वायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार

पुचौंडी नगरपालिका अवस्थित ६१९२ घरपरिवारलाई वैकल्पिक ऊर्जा खाना पकाउने चुल्होको प्रयोगका आधारमा वर्गीकरण गर्दा, अधिकांश ९७ प्रतिशतले अगेनो वा परम्परागत चुल्हो प्रयोग गर्ने गरेको देखिएको छ भने धुवा रहित चुल्हो तथा भुसे चुलो प्रयोग गर्ने घरपरिवारको सङ्ख्या पनि न्यून रहेको छ । परम्परागत चुल्हो प्रयोग गर्दा त्यसबाट निस्कने धुवाबाट मानव स्वास्थ्यमा विभिन्न रोग व्याध उत्पन्न हुने भएकाले धुवा रहित चुल्होलाई प्रोत्साहन दिनुपर्ने देखिन्छ । नगरपालिका वैकल्पिक ऊर्जा (लघु जलविद्युत, सोलार, बायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार निम्न अनुसार रहेको छ।

तालिका ७.२.५.१ खाना पकाउन प्रयोग हुने चुलोका आधारमा घरधुरी संख्या

| वडा नं | अगेना वा माटोको चल्हो | ग्यास चुल्हो | भुसे चुल्हो | सुधारिको धुँवारहित चुल्हो | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३६० | १७ | १ | | ३७८ |
| २ | ४८६ | ४ | | ४२ | ५३२ |
| ३ | ८०४ | १ | | २ | ८०७ |
| ४ | ५६१ | | | १ | ५६२ |
| ५ | ८१८ | २० | | १५ | ८५३ |
| ६ | ८०५ | | २ | ३ | ८१० |
| ७ | ५६२ | ३ | | ५ | ५७० |
| ८ | ४८० | १ | | ६१ | ५४२ |
| ९ | ४२८ | १ | | ४ | ४३३ |
| १० | ७०२ | १ | | २ | ७०५ |
| **जम्मा** | **६००६** | **४८** | **३** | **१३५** | **६१९२** |
| **प्रतिसत** | ९७.०% | ०.८% | ०.०% | २.२% | १००.०% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८१*

*चित्र १९ खाना पकाउन प्रयोग हुने चुलोका आधारमा घरधुरी संख्या*



## ७.३. संचार तथा प्रविधि

### ७.३.१. दुर संचार सम्बन्धी विवरण

पुचौंडी नगरपालिकामा दुरसंचारको सेवा प्रवाह गर्न मोबाइल टावर जी.एस.एम, तथा मोबाइल टावर रहेको छन् । सूचना, सञ्चार तथा प्रविधि विकासको क्षेत्रमा अपेक्षाकृत उल्लेखनीय प्रगति हुन नसकेको भए तापनि नगरपालिकाले यस क्षेत्रको विकासका लागि विभिन्न पहलहरू गरेको छ। नगरपालिकामा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने नगरपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट सेवा उपलब्ध गराइएको छ। साथै, कार्यालयहरूमा इ—हाजिरी प्रणाली सञ्चालनमा ल्याइएको छ। शान्ति—सुरक्षा सुदृढीकरणका लागि प्रहरी चौकीहरूमा सीसीटीभी जडान गरिएको छ भने सञ्चार पहुँच विस्तार गर्न विभिन्न स्थानहरूमा मोबाइल टावर निर्माण तथा सञ्चालन गरिएको छ। यी प्रयासहरूले सूचना प्रवाह, सेवा प्रवाहको प्रभावकारिता तथा डिजिटल पहुँच विस्तारमा सकारात्मक योगदान पुर्‍याइरहेका छन्। सरकारी कार्यालयहरूमा वायरलेस ब्यान्डविथ इन्टरनेट सेवा र मोबाइलमा जिएसएम इन्टरनेट सेवा सुविधा प्रयोगमा रहेको देखिन्छ । घर परिवारमा इन्टरनेट सेवा जडान गरिएको तथ्याङ्क जम्मा ७ परिवारमा मात्र भेटिएको छ ।

### ७.३.२. आधुनिक सुबिधामा पहुँच सम्बन्धी विवरण

घरधुरी सर्भेषण २०८३ अनुसार नगरपालिकाका ८९.७ प्रतिशत घरपरिवारमा कम्तीमा एउटा सूचना तथा सञ्चारसम्बन्धी सुविधा उपलब्ध रहेको देखिन्छ। घरपरिवारमध्ये ६१.२ प्रतिशतमा रेडियोको पहुँच रहेको छ भने ६.३ प्रतिशत घरपरिवारमा टेलिभिजनको सुविधा उपलब्ध छ। त्यसैगरी ०.५ प्रतिशत घरपरिवारले ल्याण्डलाइन टेलिफोन प्रयोग गर्ने गरेका छन्। मोबाइल फोनको प्रयोग व्यापक रूपमा रहेको पाइन्छ, जहाँ ५७.८ प्रतिशत घरपरिवारले साधारण मोबाइल तथा ५९.३ प्रतिशत घरपरिवारले स्मार्ट मोबाइल प्रयोग गर्ने गरेका छन्। कम्प्युटर वा ल्यापटप प्रयोग गर्ने घरपरिवारको संख्या ०.४ प्रतिशत रहेको छ भने ०.७ प्रतिशत घरपरिवारमा इन्टरनेट सेवा प्रयोग भइरहेको देखिन्छ।
। नगरपालिकामा रहेका घरमा प्रयोग हुने सञ्चार साधनका आधारमा घरपरिवार सङ्ख्या सम्बन्धी विवरण निमनअनुसार रहेको पाइन्छ ।

**तालिका ७.३.२.१ घरमा प्रयोग हुने सुविधाका आधारमा घरपरिवार संख्या सम्बन्धि विवरण**

| क सं | सुविधा | वडा नं | | | | | | | | | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| १ | स्मार्ट फोन | १४८ | ४९९ | ६८६ | १४९ | ५०१ | २४० | २५० | ३४५ | ३४५ | ५१० | ३६७३ | ५९.३% |
| २ | रेडियो | २१८ | २२३ | ६३६ | ४१० | ४५६ | ५०५ | २९० | ५०१ | ३४३ | २५१ | ३८३३ | ६१.९% |
| ३ | साधारण मोबाईल फोन | १६१ | ४३६ | ६९४ | २२२ | ५२७ | ४०१ | ५६३ | ३०६ | ११६ | १५५ | ३५८१ | ५७.८% |
| ४ | टेलिभिजन | १०५ | ४३ | ० | ७ | ४५ | १७० | १ | १० | १ | ८ | ३९० | ६.३% |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | मोटरसाइकल/स्कुटर | १४ | ५ | ८ | ९ | १८ | २ | ६ | १ | १ | २ | ६६ | १.१% |
| ६ | कम्प्यूटर | २२ | ३ | ० | ३ | ७ | १२ | ४ | १ | ० | १ | ५३ | ०.९% |
| ७ | इन्टरनेट | ४ | ११ | ० | १४ | २ | ७ | २ | १ | ० | १ | ४२ | ०.७% |
| ८ | टयाबलेट | ८ | ४ | ० | ० | ९ | १७ | ० | ० | २ | २ | ४२ | ०.७% |
| ९ | विद्युतीय पंखा | ५ | २७ | ० | ० | २ | ० | ४ | ० | ० | ० | ३८ | ०.६% |
| १० | पंखा | ५ | २७ | ० | ० | २ | ० | ४ | ० | ० | ० | ३८ | ०.६% |
| ११ | टेलिफोन (ल्याण्डलाईन) | ७ | २ | २ | १२ | ४ | ० | १ | ६ | ० | ० | ३४ | ०.५% |
| १२ | कम्प्यूटर ल्यापटप | १४ | १ | ० | १ | ६ | १ | २ | ० | ० | ० | २५ | ०.४% |
| १३ | रेफ्रिजरेटर | १ | ६ | ० | १ | ० | ० | १ | ७ | ० | १ | १७ | ०.३% |
| १४ | मोटर/कार | २ | २ | ० | ० | ३ | ० | ३ | ० | ० | ० | १० | ०.२% |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

## ७.४. आवास तथा भवन

### ७.४.१. घरको जगको प्रकारका आधारमा घरधुरी

**पुचौंडी नगरपालिकामा रहेका कुल ६,१९२ घरपरिवारमध्ये अधिकांश घरहरू स्लेटको जग (छाना) भएका छन्।** तथ्याङ्क अनुसार ४,५०५ घरपरिवार (करिब ७२.८ प्रतिशत) स्लेटको छाना भएका घरमा बसोबास गर्छन्, जसले नगरपालिकामा परम्परागत निर्माण सामग्रीको प्रयोग अझै पनि व्यापक रहेको देखाउँछ। त्यसैगरी ६६१ घरपरिवार (करिब १०.७ प्रतिशत) टिन (जस्तापाता) को छाना भएका घरमा, ५०६ घरपरिवार (करिब ८.२ प्रतिशत) सिमेन्टको छाना भएका घरमा तथा ५२० घरपरिवार (करिब ८.४ प्रतिशत) खरको छाना भएका घरमा बसोबास गरिरहेका छन्। वडा नं. ६ मा सबैभन्दा बढी ७०१ स्लेटको छाना भएका घर रहेका छन् भने वडा नं. ४ मा टिनको छाना भएका घरहरूको संख्या सबैभन्दा बढी (५४१) रहेको छ, जसले उक्त वडामा जस्तापाताको प्रयोग बढी भएको संकेत गर्दछ। खरको छाना भएका घरहरू विशेषगरी वडा नं. ८ (२२७ घर) र वडा नं. ५ (९९ घर) मा बढी रहेका छन्, जसले केही क्षेत्रमा अझै परम्परागत तथा कम लागतका आवास संरचनाको प्रयोग कायम रहेको देखाउँछ। समग्र रूपमा हेर्दा पुचौंडी नगरपालिकामा स्लेटको छाना भएका घरहरूको बाहुल्यता रहेको भए पनि विभिन्न प्रकारका निर्माण सामग्रीको प्रयोगले आवासीय संरचनामा विविधता रहेको स्पष्ट हुन्छ।

**तालिका ७.४.१.१ घरको जगको आधारमा घरपरिवारको विवरण**

| वडा नं | स्लेटको | टिनको | सिमेन्टको | खरको | जम्मा |
|---|---|---|---|---|---|
| १ | २४६ | ३ | ५८ | ७१ | **३७८** |
| २ | ४९३ | ७ | ३२ | | **५३२** |
| ३ | ६९७ | ३३ | ७७ | | **८०७** |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १५ | ५४१ | ४ | २ | **५६२** |
| ५ | ६२८ | ४२ | ८४ | ९९ | **८५३** |
| ६ | ७०१ | २ | १०६ | १ | **८१०** |
| ७ | ५१७ | | ५३ | | **५७०** |
| ८ | २७० | २ | ४३ | २२७ | **५४२** |
| ९ | ३८० | १६ | ३७ | | **४३३** |
| १० | ६५८ | १५ | १२ | २० | **७०५** |
| **जम्मा** | **४५०५** | **६६१** | **५०६** | **५२०** | **६१९२** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ७.४.२. घरको तल्लाको प्रकारका आधारमाघरधुरी

पुचौंडी नगरपालिकाको घरधुरी सर्वेक्षण २०८३ अनुसार नगरपालिकामा रहेका ६१९२ घर मध्ये नगरपालिकाको समग्र सामाजिक, आर्थिक अवस्था के कस्तो छ भनी हेर्न त्यहाँ अवस्थित घरको बनोट महत्त्वपूर्ण हुन्छ । घरको तल्लाको प्रकारको आधारमा विश्लेषण गर्दा अधिकांश घरधुरी ४४.६ प्रतिशत एक तल्ला, ३८.६ प्रतिशत दुई तल्लाको घर छन् भने भुइँ तल्ला १५.२ प्रतिशत रहेका छन् । आवास संरचनाका आधारमा यस नगरपालिकाको विस्तृत विवरण निम्नअनुसार रहेको पाइन्छ ।

**तालिका ७.४.२.१ आवास संरचनाका आधारमा घरधुरी विवरण**

| वडा नं | भुई तला | एक तला | दुई तला | तिन तला वा सो | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८१ | २२३ | ६६ | ८ | ३७८ |
| २ | २७ | ४१० | ९४ | १ | ५३२ |
| ३ | १७ | ३६१ | ४२७ | २ | ८०७ |
| ४ | १ | ४० | ५११ | १० | ५६२ |
| ५ | २७८ | ५४८ | २५ | २ | ८५३ |
| ६ | ३३ | ४९७ | २५५ | २५ | ८१० |
| ७ | १२ | ३२३ | २३२ | ३ | ५७० |
| ८ | ४७९ | ४७ | १४ | २ | ५४२ |
| ९ | ८ | ३५ | ३६१ | २९ | ४३३ |
| १० | ८ | २७८ | ४०७ | १२ | ७०५ |
| जम्मा | ९४४ | २७६२ | २३९२ | ९४ | ६१९२ |
| **प्रतिसत** | **१५.२%** | **४४.६%** | **३८.६%** | **१.५%** | **१००.०%** |

*श्रोत : घरधुरी सर्वेक्षण पुचौंडी नगरपालिका २०८३*

### ७.४.३. घरको स्वामित्वका आधारमा घरधुरी

